"कृषि, पर्यटन र पूर्वाधार —सुखी, समृद्ध एवम् समतामूलक गन्यापधुराको आधार"

# आवधिक विकास योजना

(आ.व.२०७८/७९-२०८२/८३)



## गन्यापधुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश

# गन्यापधुरा गाउँपालिकाको आवधिक योजना

(२०७८/७९-२०८२/८३)

**Periodic Plan of Ganyapdhura Rural Municipality, Dadeldhura**


आर्थिक तथा प्राविधिक सहयोगः

**प्रादेशिक सुशासन केन्द्र**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,**

**पुन्ना, डोटी**

प्राविधिक सहजिकरणः

**ग्लोबल इम्प्याक्ट्स प्रा. लि.**

**बानेश्वर, काठमाण्डौ**


## गन्यापधुरा गाउँपालिका

## २०७८

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

# प्रादेशिक सुशासन केन्द्र

सुदूरपश्चिम प्रदेश, पुन्ना, डोटी

प.स:

च.नः

मिति: २०७८/०३/३१

## मन्तव्य



प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार संघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न आ.ब. २०७६/०७७ बाट ४ बर्षका लागि यो कार्यक्रम संचालन भएको छ । यस सुदूरपश्चिम प्रदेशमा क्षमता विकासको लागि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीबाट सेवा प्रवाहको व्यवस्था मिलाई कार्यक्रम संचालन भई रहेको छ ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो । परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका बिचको समन्वय, सहकार्य र सहअस्तित्वबाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ । यसै सन्दर्भमा संघीयताको सफल, कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग बलियो बनाउन सकिन्छ । यही बलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ ।

आब २०७६/०७७ को यस केन्द्रको वार्षिक कार्यक्रम अनुसार स्थानीयतहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक योजना निर्माण, राजश्व सुधार कार्य योजना, क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेसीकरण नीति आदि जस्ता कार्यहरुमा गाँउपालिका/नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ । सोही सन्दर्भमा तहाँ गाँउपालिका/नगरपालिको आवधिक बिकास योजना निर्माणमा यस केन्द्रबाट सहयोग गर्नपाउँदा म व्यक्तिगत तथा प्रादेशिक सुशासन केन्द्रको सम्पूर्ण विज्ञ र कर्मचारीहरुको तर्फबाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ ।

अन्तमा आवधिक योजना निर्माणकार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने गाँउपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख एवं सम्पुर्ण गाँउ/नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा संलग्न विज्ञ एवं प्राविधिक समूहलाई पनि धन्यवाद दिन चाहन्छु तथा यस योजनाको सफल कार्यान्वयनको कामना गर्दछु ।

पदमराज जोशी

कार्यकारी निर्देशक

www.ganyapadhuramun.gov.np email: ganapadhurarm@gmail.com mobile : 9848433969

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## अध्यक्षज्युको मन्तव्य



नेपालको संविधान २०७२ को अवधारणा अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । यसै शासन व्यवस्था अनुरुप नेपालमा संघ , प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको स्थापना भएको छ । लोकतान्त्रिक गणत्रान्तिक शासन व्यवस्थामा सामाजिक न्याय, समतामूलक समाजको निर्माण, सामाजिक समावेशीकरण, मानव अधिकारको रक्षा, राजनीतिक स्थायित्व जस्ता पक्षहरुका आधारमा क्रमशः समृद्धिको बाटोमा अघि बढ्न सकिन्छ । नेपाल सरकारको आर्थिक वर्ष २०७६।०७७ देखि २०८०।०८१ सम्मको लागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल सुखी नेपाली"** को अवधारणामा आधारित पन्ध्रौं पञ्चवर्षीय योजनाका आधारमा आवधिक योजनाहरु निर्माण भइरहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुरुप पनि हरेक स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान अनुरुप गन्यापधुरा गाउँपालिकाको संस्थागत विकास र आर्थिक समृद्धि खाका सहितको प्रथम आवधिक योजनाको निर्माण गर्न आवश्यक छ ।

आवधिक योजनामार्फत गाउँपालिकाले भएका साधन श्रोत र क्षमताको अधिकतम प्रयोग गर्दै हाम्रो सोच, चिन्तन प्रवृत्ति र व्यवहारमा रुपान्तरित हुन जरुरी छ । राष्ट्रिय रुपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकाले पनि यस गाउँपालिकाको आर्थिक-सामाजिक विकास गरिबी निवारण कार्यका लागि आवधिक योजना तर्जुमा गरी अघि बढेमा पक्कै पनि स्थानीय तहको औचित्यता पुष्टि हुने देखिन्छ । विगतका राम्रा तथा नराम्रा अनुभवहरुलाई समेट्दै सकारात्मक दिशातर्फ अगाडि बढ्न संविधानले लिएका दुरगामी प्रभाव पार्ने नीतिहरु, दिगो विकासका लक्ष्यहरु समयमै पुरा गर्न तिनै तहका सरकार र सरोकारवाला सबैले समन्वयात्मक ढंगबाट कार्यक्रमको तय गरेर लगानीलाई केन्द्रिकृत गरी Game Changer योजनाहरुमा लगानी बढाइ कार्यान्वयनमा लाग्नु आजको वस्तुगत आवश्यकता हो ।

अन्तमा, यो आवधिक योजनाको निर्माण नेपाल सरकारले निर्माण गरेको पञ्चवर्षीय योजनाको मान्यता अनुरुप तथा दीर्घकालिन लक्ष्य, अन्तराष्ट्रिय स्तरका प्रतिवद्धता, दिगो विकासका लक्ष्य आदिलाई आधार मानेर यो तयार भएको छ । यो गाउँपालिका **"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार: सुखी, समृद्ध एवम् समतामुलक गन्यापधुराको आधार"** भन्ने नाराका साथ आय र आयुको वृद्धिको मूल मियोमा यो अभियानमा रणनैतिक आवधिक एवं समग्र गुरु योजना तथा वस्तुगत विवरणहरुको दस्तावेजीकरण गरेर आफ्नो सरकार सञ्चालनको निश्चित बाटो तय गरेर अगाडि बढेको छ । आधारपत्र तयार गर्ने क्रममा विशेष सहयोग गर्ने साझेदार संस्था प्रादेशिक सुशासन केन्द्र, पुन्ना डोटी, ग्लोबल इम्प्याक्टसका विज्ञ टीम, राजनैतिक दल, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरु लगायत विभिन्न तह र तप्काबाट प्रत्यक्ष र अप्रत्यक्ष सहयोगी मन एवं हातहरुप्रति हार्दिक आधार प्रकट गर्दै धन्यावाद ज्ञापन गर्न चाहन्छु । लामो समय लगाएर निर्माण गरिएको यो आवधिक योजना गन्यापधुरा गाउँपालिकाको इतिहासमा कोशेढुङ्गा साबित हुने कुरामा विश्वस्त छु ।

नवल बहादुर मल्ल
अध्यक्ष

www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9848433969

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## मन्तव्य



नेपाल सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य, अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताको आधारमा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको लागि राष्ट्रिय आकांक्षा "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणा अनुसार पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ।साथै नेपालको संविधानले स्थानीय तहलाई संविधान र कानुन बमोजिम राज्य शक्तिको प्रयोग गर्ने अधिकार प्रदान गरेको सन्दर्भमा यस गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि दीर्घकालीन परिकल्पना "**कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार- सुखी समृद्ध एवं समतामुलक गन्यापधुराको आधार**" को सपना साकार पार्नको लागि आ.व. २०७८/०७९ देखि २०८२/०८३ सम्म कार्यान्वयन गर्ने गरी प्रथम पञ्चवर्षिय आवधिक विकास योजना तयार गरी विकासको प्रतिफल नागरिकसम्म पुर्याउने प्रयासको थालनी भएको छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको विकासको लागि आवधिक, मध्यकालीन खर्च, वार्षिक, रणनैतिक र विषय क्षेत्रगत योजनाहरु तर्जुमा गरी लागु गर्नुपर्ने भनी उल्लेख गरिए बमोजिम गन्यापधुरा गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना निर्माण गरिएको छ । दक्ष जनशक्तिको अभाव, श्रोत साधनको कमी, भौगोलिक विकटता, कोरोना संक्रमणको सन्त्रासका बावजुद पनि गन्यापधुरा गाउँपालिकालाई समृद्धिको बाटोमा हिडाउनका लागि आवधिक योजना तयार गर्न पाउँदा मैले आफुलाई भाग्यमानी ठान्नुका साथै गौरवान्वित महशुस गरेको छु।

आवधिक योजनाको तयारी देखि दस्तावेजिकरणसम्म सक्रियताका साथ अभिभावकत्व प्रदान गर्नु हुने यस गाउँपालिकाका आदरणीय अध्यक्ष श्री नवल बहादुर मल्लज्यु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।त्यसै गरी आवधिक योजना निर्माणमा सक्रिय सहभागिता जनाई सहयोग गर्नु हुने गाउँपालिका उपाध्यक्षज्यु, वडाध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्युहरु, गाउँ कार्यपालिकाका शाखा प्रमुखज्युहरु तथा अन्य कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस कार्यमा विशेष सहयोग गर्नु हुने प्रशासकीय अधिकृत श्री मीन बहादुर बिष्टलाई विशेष धन्यवाद दिँदै कोभिड-१९ कोरोना भाईरस दोश्रो भेरियन्टको महामारीको समयमा समेत यस गाउँपालिकाको स्थलगत भ्रमण गरी पर्याप्त छलफल र अन्तरक्रिया गर्दै आवधिक योजना निर्माण गर्ने श्री ग्लोबल इम्प्याक्ट्स प्रा.लि.का विज्ञहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।त्यसै गरी आवधिक योजना निर्माण गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, सुदूरपश्चिम प्रदेश, पुन्ना डोटीका कार्यकारी निर्देशक पदमराज जोशी, स्थानीय शासन विज्ञ गोविन्द राज रोकाया लगायत केन्द्रका सम्पुर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्तमा यस आवधिक योजनाको सोचलाई सार्थक तुल्याउनका लागि योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको तह र तप्काबाट सहयोग, सदभाव, सुझाव र समन्वयको अपेक्षा गर्दछु । धन्यवाद!

...........................................
दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

# बिषय सूची


परिच्छेद एकः परिचय........................................................................................१

परिच्छेद दुईः गन्यापधुरा गाउँपालिकाको स्रोत विश्लेषण.............................................३

परिच्छेद तीनः गन्यापधुरा गाउँपालिकाको स्थानीय योजना..........................................१४

परिच्छेद चारः गन्यापधुरा गाउँपालिकाको समष्टिगत आर्थिक नीति ............................ २१

खण्ड एकः सार्वजनिक खर्च.............................................................................. २१

खण्ड दुईः राजस्व ........................................................................................ २३

खण्ड तीनः सार्वजनिक ऋण..............................................................................२५

खण्ड चारः सार्वजनिक,निजी र सहकारी साझेदारी....................................................२७

खण्ड पाँचः अन्तर सरकारी वित्त हस्तान्तरण...........................................................२९

परिच्छेद पाँचः आर्थिक विकास............................................................................ ३१

खण्ड एकः कृषि तथा पशुपन्छी विकास र खाद्य सुरक्षा.............................................. ३१

खण्ड दुईः सिंचाइ तथा जलस्रोत .......................................................................३५

खण्ड तीनः वन, भू-संरक्षण तथा खनिज सम्पदा .....................................................३८

खण्ड चारः उद्योग, वाणिज्य तथा आपूर्ति.............................................................४१

खण्ड पाँचः पर्यटन....................................................................................... ४४

परिच्छेद छः सामाजिक विकास........................................................................... ४७

खण्ड एकः शिक्षा......................................................................................... ४७

खण्ड दुईः स्वास्थ्य तथा पोषण.........................................................................५२

खण्ड तीनः महिला र बालबालिका......................................................................५५

खण्ड चारः  ज्येष्ठ नागरिक............................................................................. ५८

खण्ड पाँचः युवा तथा खेलकुद ..........................................................................६०

खण्ड छः अपाङ्गता भएका व्यक्तिहरू.................................................................. ६३

खण्ड सातः खानेपानी तथा सरसफाइ ..................................................................६५

खण्ड आठः सामाजिक सुरक्षा तथा संरक्षण............................................................६७

खण्ड नौः संस्कृति, साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन...............................६९

खण्ड दशः जनसङ्ख्या तथा बसाइँसराइ...............................................................७२

परिच्छेद सातः पूर्वाधार विकास ..........................................................................७५

खण्ड एकः ऊर्जा..........................................................................................७५

खण्ड दुईः यातायात पूर्वाधार...........................................................................७८

खण्ड तीनः आवास तथा बस्ती विकास ................................................................८१

खण्ड चारः सञ्चार तथा सूचना प्रविधि................................................................. ८४

परिच्छेद आठः वातावरण तथा विपद् व्यवस्थापन ........ ८७
खण्ड एकः वन तथा भू-संरक्षण ........ ८७
खण्ड दुईः वातावरण संरक्षण तथा जलवायु परिवर्तन ........ ९०
खण्ड तीनः फोहरमैला व्यवस्थापन ........ ९३
खण्ड चारः विपद् व्यवस्थापन ........ ९५
परिच्छेद नौः संस्थागत विकास ........ ९८
खण्ड एकः सेवा प्रवाह तथा सुशासन ........ ९८
खण्ड दुईः मानव संसाधन तथा संस्थागत क्षमता विकास ........ १०२
खण्ड तीनः तथ्याङ्क प्रणाली ........ १०४
परिच्छेद दशः लोकतन्त्र र सुशासन ........ १०६
खण्ड एकः राष्ट्रिय एकता ........ १०६
खण्ड दुईः सुरक्षा ........ १०८
खण्ड तीनः मानव अधिकार ........ ११०
खण्ड चारः संघीय शासन प्रणाली ........ ११२
खण्ड पाँचः वित्तीय सुशासन ........ ११४
परिच्छेद एघारः योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ........ ११६
खण्ड एकः योजना तर्जुमा र कार्यान्वयन ........ ११६
खण्ड दुईः आयोजना बैंक ........ ११९
खण्ड तीनः योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय ........ १२१
खण्ड चारः अनुगमन तथा मूल्याङ्कन ........ १२३
परिच्छेद बाह्रः योजना नतिजा खाका ........ १२५

## तालिका सूची

तालिका १ः गन्यापधुरा गाउँपालिकाको धरातलीय स्वरुप अनुसार भौगोलिक विभाजन ........ ३
तालिका २ः धरातलीय भिरालोपनको स्थिति ........ ५
तालिका ३ः गाउँपालिकाको पाखाको मोहोडा ........ ६
तालिका ४ः गन्यापधुरा गाउँपालिकाको वडागत भू-उपयोगको अवस्था ........ ७
तालिका ५ः गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा कार्यनीतिहरू ........ १६
तालिका ६ः अपेक्षित परिमाणात्मक उपलब्धि ........ १८
तालिका ७ः लगानी प्रक्षेपण ........ १८
तालिका ८ः आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू ........ १९
तालिका ९ः गन्यापधुरा गाउँपालिकाको आय अनुमान ........ १९
तालिका १०ः सार्वजनिक खर्चको बाँडफाँट ........ १९
तालिका ११ः सार्वजनिक खर्चका रणनीति तथा कार्यनीतिहरू ........ २२

तालिका १२: राजस्वका रणनीति तथा कार्यनीतिहरू........ २४
तालिका १३: सार्वजनिक ऋण परिचालनका रणनीति तथा कार्यनीतिहरू ........ २६
तालिका १४: सार्वजनिक, निजी र सहकारी साझेदारीका रणनीति तथा कार्यनीतिहरू........ २८
तालिका १५: अन्तर सरकारी वित्त हस्तान्तरणका रणनीति तथा कार्यनीतिहरू ........ ३०
तालिका १६: कृषिका रणनीति तथा कार्यनीतिहरू........ ३२
तालिका १७: सिंचाईका रणनीति तथा कार्यनीतिहरू ........ ३६
तालिका १८: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ ३९
तालिका १९: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू........ ४२
तालिका २०: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........ ४५
तालिका २१: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ ४८
तालिका २२: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू........ ५३
तालिका २३: महिला तथा बालबालिका रणनीति तथा कार्यनीतिहरू........ ५६
तालिका २४: ज्येष्ठनागरिकका रणनीति तथा कार्यनीतिहरू ........ ५९
तालिका २५: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू........ ६१
तालिका २६: अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू........ ६४
तालिका २७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू........ ६६
तालिका २८: सामाजिक सुरक्षा र संरक्षणाका रणनीति तथा कार्यनीतिहरू........ ६७
तालिका २९: संस्कृतिका रणनीति तथा कार्यनीतिहरू........ ७०
तालिका ३०: जनसङ्ख्या तथा बसाइँसराइका रणनीति तथा कार्यनीतिहरू........ ७३
तालिका ३१: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू........ ७६
तालिका ३२: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू........ ७९
तालिका ३३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ........ ८२
तालिका ३४: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू........ ८५
तालिका ३५: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ ८८
तालिका ३६: वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू ........ ९१
तालिका ३७: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू........ ९४
तालिका ३८: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ ९६
तालिका ३९: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू ........ ९९
तालिका ४०: मानव संसाधन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू........ १०३
तालिका ४१: तथ्याङ्क प्रणालीका रणनीति तथा कार्यनीतिहरू........ १०४
तालिका ४२: राष्ट्रिय एकताका रणनीति तथा कार्यनीतिहरू........ १०७
तालिका ४३: सुरक्षाका रणनीति तथा कार्यनीतिहरू........ १०९
तालिका ४४: मानवअधिकारका रणनीति तथा कार्यनीतिहरू........ १११
तालिका ४५: संघीय शासन प्रणालीका रणनीति तथा कार्यनीतिहरू ........ ११२
तालिका ४६: वित्तीय सुशासनका रणनीति तथा कार्यनीतिहरू........ ११४
तालिका ४७: योजना तर्जुमा र कार्यान्वयनका रणनीति तथा कार्यनीतिहरू........ ११७
तालिका ४८: आयोजना बैंकका रणनीति तथा कार्यनीतिहरू ........ १२०
तालिका ४९: योजना कार्यान्वयन गर्ने अन्तरसरकार समन्वयका रणनीति तथा कार्यनीतिहरू........ १२१
तालिका ५०: अनुगमन तथा मूल्याङ्कनका रणनीति तथा कार्यनीतिहरू........ १२३
तालिका ५१: योजना नतिजा खाका........ १२५
तालिका ५२: विस्तृत कार्यक्रम र बजेट........ १६७

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

ऐतिहासिक संविधान सभा मार्फत निर्माण भएको नेपालको संविधान, स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन पश्चात कार्यान्वयनको दोस्रो चरणमा प्रवेश गरेको छ । सामाजिक न्याय, समतामुलक समाज, लोकतन्त्र, मानव अधिकार, राजनीतिक स्थायित्व, स्थिर सरकार र समृद्धिको बाटोमा नेपालको कदम अघि बढिसकेको अवस्थामा संविधान अन्तर्गत रहेर हरेक तहका सरकारले कानुन निर्माण, नीति तथा योजना निर्माण, संस्थागत संरचना विकास र सुशासनको क्षेत्रमा दीर्घकालीन योजना तयारी गर्दै विकासका योजना तथा कार्यक्रमहरू तयार पार्ने कार्य शुरु भएको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशको प्रथम पञ्चवर्षीय योजनाद्वारा तयार पारिएको योजनामा सुदूरपश्चिम प्रदेशको समग्र विकासकोलागि समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन् । यस सन्दर्भमा स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको गन्यापधुरा गाउँपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा गन्यापधुरा गाउँपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि गन्यापधुरा गाउँपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुनेगरी गन्यापधुरा गाउँपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि उत्पादन, पर्यटन, ऊर्जा र विप्रेषण यस गाउँपालिकाको समग्र अर्थतन्त्रको मुख्य आयाम हुन् ।

## १.२ सन्दर्भ

संवैधानिक व्यवस्था अनुसार स्थापित संघीयताको मर्म स्वरूप संघीय सरकार, ७ प्रदेश सरकार र ७५३ स्थानीय सरकारहरू सामाजिक-आर्थिक विकास र सुशासन कायम गर्न पूर्णरूपमा स्वतन्त्र छन् । राज्यले निर्माण गर्ने विकासका कार्यक्रमले सीमान्तकृत समुदायलाई मूलधारमा ल्याउनु, दिगो आर्थिक विकास हासिल गर्नु, वातावरणीय सन्तुलन कायम गर्नु र नागरिक सुरक्षामा स्थानीय सरकारलाई जिम्मेवार हुन प्रेरित गर्दै समग्र राष्ट्रको समृद्धि हासिल गर्ने लक्ष्य सहितका कार्यक्रमलाई प्राथमिकता प्रदान गरेको छ । संविधानले संघीय शासन प्रणाली अन्तर्गत तीनै तहका सरकारको आ-आफ्ना स्वायत्त र साझा अधिकार क्षेत्रहरूको स्पष्ट व्यवस्था गरेको छ जस अनुसार गाउँपालिकाले आफ्नो विकास र समृद्धिकोलागि संघीय र प्रदेश सरकारसँग समन्वय गर्दै, स्थानीय सरकारको अन्तर्निहित अधिकारको प्रयोग गर्न स्वतन्त्र छ ।

नेपाल सरकारले निजी, सहकारी र सार्वजनिक तीन खम्वे अर्थनीतिलाई राष्ट्रिय विकासको कार्यदिशाका रूपमा ग्रहण गरेको छ । साथै दिगो विकास र सामाजिक न्यायको आधारमा समृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । संविधान भित्र रहेर कानुन तथा नीतिको निर्माण, आर्थिक स्रोतको व्यवस्था, स्थानीय आवश्यकता अनुरूपका विकास योजना तर्जुमा गर्ने अधिकार राख्दछ । यसै सन्दर्भमा गन्यापधुरा गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको हो । यस योजनाले गाउँपालिकाको आवधिक लक्ष्य, विकासका सोच, रणनीतिक तथा कार्यनीतिक दिशा र क्षेत्रगत विकास योजना पहिचान गरेको छ ।

## १.३ सामाजिक आर्थिक प्रणालीमा आएको परिवर्तन

एकाइसौं सताब्दीमा विश्वव्यापी रूपमा आएको आर्थिक सामाजिक परिवर्तनबाट सिङ्गो नेपाल मात्र प्रभावित नभई नेपालका साना ठूला सहर तथा वस्ती समेत प्रभावित हुनु स्वाभाविक हो । रोजगारीकोलागि हुने आप्रवासन, खुल्ला र प्रतिस्पर्धात्मक बजार व्यवस्थाले श्रम र अर्थतन्त्रको सम्बन्धमा नयाँ परिभाषा गर्नुपर्ने अवस्था छ । शैक्षिक अवसर एवम् सूचना

र प्रविधिमा भएको प्रगतिले निर्वाहमुखी कृषि प्रणाली धाराशायी भएको र गैरकृषि क्षेत्रतर्फ नागरिकको आकर्षण र चासो बढेको देखिन्छ ।

निर्वाहमूखी कृषिबाट जनशक्ति विस्थापित हुँदै जानु, आय आर्जनकालागि व्यवसायिक कृषि तथा अन्य क्षेत्रमा लगानी गर्न आकर्षण हुनु र विप्रेषणमा पारिवारिक अर्थव्यवस्था आश्रित हुनु, विप्रेशषणबाट प्राप्त रकम उत्पादनमुखी भन्दा उपभोगमुखी हुनु जस्ता कारणले स्पष्ट रूपमा अर्थ-राजनीतिक परिवर्तन आएको देखाउँछ । अर्थ-राजनीतिक परिवर्तन, आन्तरिक बसाइँसराइबाट भएका अन्तर-घुलन र भौतिक पूर्वाधारहरूमा भएका प्रयासले गन्यापधुरा गाउँपालिकाको सामाजिक अवस्था उन्नत र सहिष्णुता तर्फ अग्रसर रहेको देखिन्छ ।

नेपालमा सेवा प्रदायक निकायहरूमा सुशासनयुक्त नीति, कार्य प्रणाली र व्यवहार प्रति नागरिकको सन्तुष्टि राम्रो रहेको देखिँदैन । यस महत्त्वपूर्ण तथा चुनौती र अवसरपूर्ण क्षणमा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनका विविध पक्षको संस्थागत विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

### १.४ राष्ट्रिय विकासको कार्यदिशा

हालको सन्दर्भमा राज्यले लक्षित गरेको राष्ट्रिय विकासका प्रयासहरू समाजवादी अवधारणाका आधारमा तय गर्न खोजेको पाइन्छ । निजी, सहकारी र सार्वजनिक क्षेत्रको संलग्नता रहने तीन खम्वे अर्थनीतिलाई राष्ट्रिय विकासको कार्यदिशाका रूपमा ग्रहण गरिएको छ । विश्व अर्थतन्त्रको निर्णायक भूमिकामा उदयमान हाम्रा छिमेकी राष्ट्रहरू भारत र चीन दुबैसँग समदुरीमा आर्थिक तथा राजनीतिक सम्बन्ध कायम गर्दै भौतिक पूर्वाधार, रेल तथा सडक सञ्जालको विस्तार र औद्योगिक लगानी भित्र्याएर अर्थतन्त्रको नयाँ र दिगो जग बसाल्ने उपयुक्त अवसर देखा परेको छ । यसले रोजगारी र जीविकोपार्जनकालागि विदेशिएका युवालाई देश भित्रै रोजगारी र आर्थिक समृद्धिका कार्यक्रममा संलग्न गराउने अवसर प्राप्त हुनेछ । गुणस्तरयुक्त शिक्षा र स्वास्थ्य सेवाको विकास, व्यवसायिक र बजारमुखी कृषि व्यवसाय, साँस्कृतिक र पर्यावरणीय पर्यटन व्यवसायको प्रवर्द्धन, जलस्रोत, खनिज र वन तथा जडीबुटीको समुचित मात्रामा उत्पादन गरी अन्तर्राष्ट्रिय बजारबाट लाभ लिने रणनीति तीनै तहका सरकारले लिन सक्ने अवस्था छ ।

### १.५ उद्देश्य

गन्यापधुरा गाउँपालिकाको समग्र विकासकालागि क्षेत्रगत आवधिक योजना तयार गर्नु यसको मुख्य उद्देश्य हुनेछ भने अतिरिक्त उद्देश्यहरू निम्न प्रकारका रहेकाछन् :

१. गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन स्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकताप्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्नु ।
२. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नकालागि सरकारलाई प्राप्त हुने पाँच बर्ष अवधिको आन्तरिक र वाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु ।
३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

### १.६ सीमितता

गन्यापधुरा गाउँपालिकाको समग्र विकासकालागि क्षेत्रगत आवधिक योजना नेपालको संविधान जारी भई संविधानले निर्दिष्ट गरेको संघीय स्वरूप अनुरूप संघ, प्रदेश र स्थानीय सरकार गठन भएर देश विकासको क्रममा समग्र राष्ट्र नीति निर्माण तथा भविष्यको कार्यदिशा निर्धारण गर्न जुटिरहेको अवस्थामा तयार गरिएको छ । कोभिड-१९ को बढ्दो सङ्क्रमणका कारण देशब्यापी रुपमा भएको आवत-जावत निशेधाज्ञाले गर्दा सबै क्षेत्रको स्थलगत अवलोकन, अन्तरक्रिया तथा छलफलमा समस्या भएको तथा आधार तथ्याङ्कको अभावमा योजना तर्जुमा गर्दा केही कठिनाइ अनुभव गरिएको थियो । क्षेत्रगत नीति तथा विषयगत विकास योजना सीमित बजेट र छोटो समयका बीच तयार गर्नु आफैंमा चुनौतीपूर्ण रहेको थियो ।

## परिच्छेद दुईः गन्यापधुरा गाउँपालिकाको स्रोत विश्लेषण

### २.१ पृष्ठभूमि

डडेल्धुरा जिल्लाको पूर्वि भागमा अवस्थित गन्यापधुरा गाउँपालिका जनसङ्ख्याका हिसाबमा जिल्लाको दोस्रो सानो गाउँपालिका हो । नेपाल सरकारको निर्णयअनुसार मिति २०७३/११/२२ गते साविकका ४ गाविसहरु अशिग्राम, गणेशपुर, मष्टामाण्डौ र कैलपालमाण्डौ गाविसहरु समेटेर गन्यापधुरा गाउँपालिका घोषणा गरिएको थियो । सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा रहेको गन्यापधुरा गाउँपालिका भौगोलिक हिसाबले ८०°३७'१८.६" पूर्व देशान्तर देखि ८०°४५'५.३" पूर्व देशान्तर सम्म र २९°१०'४३.१" उत्तरी अक्षांश देखि २९°१८'४४.६" उत्तरी अक्षांश सम्म अवस्थित छ । १३५.४८ वर्ग.कि.मी. क्षेत्रफलमा फैलिएको गन्यापधुरा गाउँपालिकाको उत्तरमा नवदुर्गा, पश्चिमतर्फ अमरगढी नगरपालिका, दक्षिणमा आलिताल र डोटीको जोरायल गाउँपालिका र पूर्वमा डोटीको शिखर नगरपालिका रहेका छन् (गन्यापधुरा गाउँपालिकाको पाश्र्वचित्र, २०७५) । यस गाउँपालिकाको पुर्व-पश्चिम लम्बाइ १०.७३ कि.मि. छ भने उत्तर-दक्षिण लम्बाइ १९.४५ कि.मि. रहेको छ ।

यस गाउँपालिकामा १३ सदस्यीय कार्यपालिका र २८ सदस्यीय गाउँ सभा रहेको छ । यस गाउँपालिकाको कूल जनसंख्या १८३९३ रहेको छ जसमा पुरुष ९४८९ (५१.६० प्रतिशत) र महिला ८९०४ (४८.४० प्रतिशत) रहेका छन् । गाउँपालिकाका वडागत जनसंख्या अनुसार सबैभन्दा धेरै जनसंख्या वडा नं ३(४८०५) मा रहेको छ भने सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ४(२८२६) मा रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री ५१.४४ प्रतिशत, दोस्रोमा ब्राम्हण २४.५९ प्रतिशत, तेस्रोमा कामी सार्की १८.१६ प्रतिशत र दमाई ३.२१ प्रतिशत हरुको बसोबास रहेको छ । गाउँपालिकाको सहरी क्षेत्रको रुपमा विकसित भएका क्षेत्रहरुमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । पाँच वटै वडाहरू सडक सञ्जालमा आवद्ध भैसकेको भए तापनि केही वडाहरूमा वर्षा याममा यातायात तथा ढुवानीका साधनहरू सञ्चालन हुन सक्दैनन् ।

### २.२ भौगोलिक विभाजन

नेपालको भौगोलिक विभाजनलाई हिमाल, पहाड र तराई गरी मुख्य तीन भागमा बाँडिएको छ भने यस गाउँपालिकामा पहाडी क्षेत्र मात्र रहेको छ । तराई तथा हिमाली क्षेत्र यस गाउँपालिकामा विद्यमान छैन । यस गन्यापधुरा गाउँपालिकाको धरातलीय स्वरूपलाई उचाइको आधारमा पहाडी ईलाकाको रूपमा परिभाषित गर्न सकिन्छ किनकि यहाँ शत-प्रतिशत भूभाग पहाडी क्षेत्रमा अवस्थित छ । यहाँ पहाडी (महाभारत र होचा पर्वत) ले लगभग एक चौथाइ (३०.९२ प्रतिशत) भाग ओगटेको छ । सबैभन्दा बढी (४०.०६ प्रतिशत) क्षेत्र मध्य पहाडी भू—भागले ओगटेको छ ।

**तालिका १ः गन्यापधुरा गाउँपालिकाको धरातलीय स्वरुप अनुसार भौगोलिक विभाजन**

| क्र.सं. | भौगोलिक विभाजन | उचाइ (मि.) | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | पहाडको फेदी | १००० मी. भन्दा कम | १२.३७ | ९.१४ |
| २ | पहाडी (महाभारत र होचा पर्वत) | १०००–१५०० | ४१.८९ | ३०.९२ |
| ३ | मध्य-पहाडी (तल्लो लेक) | १५००–२००० | ५४.२८ | ४०.०७ |
| ४ | पहाडी लेक | २०००–२५०० | २६.१८ | १९.३२ |
| ५ | उच्च पहाडी लेक | २५०० मि. भन्दा माथि | ०.७४ | ०.५५ |
| | | **जम्मा** | **१३५.४६** | **१००.००** |




## २.३ हावापानी

गाउँपालिका समुद्री सतहबाट ६०७ मि. देखि २६०८ मि. सम्मको उचाइमा अवस्थित रहेको छ । अधिकांश क्षेत्रमा चट्टानी पहाड र भिरालो भू-बनौट रहेको छ । जलवायुको हिसाबले यस गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको ताफक्रम औषत अधिकतम २२.५ डिग्री सेल्सियस सम्म पुग्छ भने हिउँदमा न्युनतम ३.० डिग्री सेल्सियस सम्म पुग्छ ।

## २.४ भिरालोपन

पहाडी धरातलमा भिरालोपनको मापनको ज्यादै ठुलो महत्त्व हुन्छ । विभिन्न योजनाको कार्यान्वयन वा अन्य मानवीय क्रियाकलापमा भिरालोपनको नियन्त्रण रहन्छ । गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई भिरालोपनका आधारमा ५ भागमा बाँडिएको छ ।यस गाउँपालिकामा उल्लेख्य समथर भूभाग (५.१२%) मात्र रहेको छ भने १०—२० डिग्री भिरालोपन भएको क्षेत्र २२.७३ प्रतिशत तथा २०—४० डिग्री भिरालोपन भएको क्षेत्र ६७.०८ प्रतिशत रहेको छ जहाँ खेतीपाती र वस्तिको सम्भावना रहन्छ ।




यसैगरी गाउँपालिकामा ४०-६० डिग्री भन्दा माथिको भिरालोपन भएको भूभाग ५.०१ प्रतिशत मात्र छ भने ६० वा सो भन्दा बढी डिग्री भिरालोपन भएको क्षेत्रले करिब ०.०६ प्रतिशत भूभाग ओगटेको छ । यस क्षेत्रमा मानव क्रियाकलापहरू अत्यन्त न्यून भएको पाइन्छ ।

**तालिका २: धरातलीय भिरालोपनको स्थिति**

| भिरालोपन (डिग्रीमा) | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| समथर(१० भन्दा कम) | ६.९४ | ५.१२ |
| १०-२० | ३०.७९ | २२.७३ |
| २०-४० | ९०.८८ | ६७.०८ |
| ४०-६० | ६.७८ | ५.०१ |
| ६०र सो भन्दा बढी | ०.०८ | ०.०६ |
| **जम्मा** | **१३५.४७** | **१००** |

## २.५ पाखाको मोहोडा

गाउँपालिकाको भू–भाग पहाडी क्षेत्रमा फैलिएको छ । यी धरातलीय स्वरूप वा पाखाको मोहोडाको पनि विकास निर्माण तथा योजना तर्जुमा गर्दा विशेष ध्यान दिइनुपर्छ । स्थलरूपको Orientation को आधारमा Aspect लाई निम्न तहमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ । गाउँपालिकाको बनौट अनुसार उत्तर मोहडाको भूभाग १.२५ प्रतिशत, उत्तर पूर्व मोहडाले ८.५१ प्रतिशत, पूर्व मोहडाले १६.१३ प्रतिशत, दक्षिण पूर्व मोहडाले १३.८९ प्रतिशत, दक्षिण मोहडाले १२.२०




प्रतिशत, दक्षिण पश्चिम मोहडाले ५.८१ प्रतिशत, पश्चिम मोहडाले ७.०८ प्रतिशत छ, उत्तर पश्चिम मोहडाको भूभाग १०.६२ प्रतिशत छ भने उत्तर मोहडाको जमीन २४.५३ प्रतिशत छ। त्यस्तै समथर भूभाग ६.८ प्रतिशत रहेको छ । पाखाको मोहडाले कृषि, बसोबास, पशुपालन, उद्योग लगायत विभिन्न क्रियाकलापमा प्रभाव पारेको हुन्छ । कृषि, उद्योग र बसोबासकोलागि पूर्वी तथा दक्षिणी मोहडा उपयुक्त हुन्छ ।

**तालिका ३ः गाउँपालिकाको पाखाको मोहोडा**

| मोहोडा | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| समथर क्षेत्र | १.५५ | १.१५ |
| उत्तर | ३३.२२ | २४.५३ |

| | | |
|---|---|---|
| उत्तर पूर्व | ११.५३ | ८.५१ |
| पूर्व | २१.८६ | १६.१३ |
| दक्षिण पूर्व | १८.९३ | १३.९८ |
| दक्षिण | १६.५३ | १२.२० |
| दक्षिण पश्चिम | ७.८६ | ५.८१ |
| पश्चिम | ९.५९ | ७.०८ |
| उत्तर पश्चिम | १४.३९ | १०.६२ |
| जम्मा | **१३५.४६** | १००.०० |

## २.६ भौगर्भिक अवस्था

यस गाउँपालिका को भौगर्भिक संरचना हेर्ने हो भने पहाडी र हिमाली क्षेत्र गरी दुई तहमा विभाजन गर्न सकिन्छ । यहाँको भौगर्भिक बनौट अनुसार Nawakot Group, Kuncha Group र Paleozoic Tibetan Sedimentary गरी मुख्य तीन प्रकारका चट्टानी भूभागले ओगटेको छ । यहाँ पाइने चट्टानहरूमा मुख्य रूपमा Gneiss, Slate, Shale, Granite, Limestone, Marble, Schist आदि किसिमका पत्रे र परिवर्तित चट्टानहरू पाइन्छन् ।

## २.७ भू-उपयोग

गन्यापधुरा गाउँपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल १३५.४८ वर्ग कि.मि. रहेको छ जसअनुसार १९.१९ प्रतिशत (२१.७० वर्ग कि.मि.) जग्गा हाल खन—जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ६७.४९ प्रतिशत (७६.३२ वर्ग कि.मि.) वनले ओगटेको छ ।

**तालिका ४: गन्यापधुरा गाउँपालिकाको वडागत भू-उपयोगको अवस्था**

| भू-उपयोगको प्रकार | वार्ड नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | **प्रतिशत** |
| **खेती योग्य क्षेत्र** | ५.४५४ | ९.४८१ | ६.८३८ | ५.३५५ | ६.८४६ | ३३.९७४ | २५.०७८ |
| **भवन / घर क्षेत्र** | ०.३८२ | ०.३६९ | ०.४२४ | ०.१२१ | ०.२२७ | १.५२३ | १.१२४ |
| **बजार क्षेत्र** | ०.००१ | ०.००२ | ०.००० | ०.००१ | ०.००१ | ०.००५ | ०.००४ |
| **साँस्कृतिक क्षेत्र** | ०.००१ | ०.००६ | | ०.००२ | ०.००२ | ०.०10 | ०.००७ |
| **बन क्षेत्र** | ६४.४१९ | ३.१४५ | ८.९७४ | ७.२८२ | १४.३८६ | ९८.२०६ | ७२.४९१ |
| **सडक क्षेत्र** | ०.२९४ | ०.१४२ | ०.१८३ | ०.०९४ | ०.०९८ | ०.८१३ | ०.६०० |
| **नदी क्षेत्र** | ०.२१३ | ०.१८५ | ०.३७२ | ०.१३८ | ०.०३५ | ०.९४३ | ०.६९६ |
| **जम्मा** | **७०.७६३** | **१३.३२९** | **१६.७९२** | **१२.९९४** | **२१.५९५** | **१३५.४७** | **१००.** |

खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । त्यस्तै चरन क्षेत्रले करिव १.३० प्रतिशत (१.१५ वर्ग कि.मि.) जग्गा ओगटेको पाइन्छ । गन्यापधुरा गाउँपालिकामा जल क्षेत्रले करिव २.३५ प्रतिशत (१.९९ वर्ग कि.मि.) जमिन ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के—कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ, भन्ने सन्दर्भमा विस्तृत अध्ययन गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू—उपयोगको विस्तृत विवरण चित्रमा उल्लेख गरिएको छ ।




## २.८ वन तथा वन्यजन्तु

डडेल्धुरा जिल्ला अन्तर्गत पर्ने यस गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । डडेल्धुरा जिल्लाको यस गाउँपालिकामा कुल क्षेत्रफल १३५.४८ वर्ग कि.मि. मध्ये ९६.५२२८ प्रतिशत वन तथा झाडी क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन वर, पीपल, बेल, अमला, सल्लो,टुडी, आँप, कटहर, लिची, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, साज, सादन, हर्रो—बर्रो, सान्दन, आदी वोटविरुवाहरु पाइन्छ । यसै गरी घिस्रने जन्तुहरूमा करेत, हरेउ, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, सर्प, गडचौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज,

कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन् (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५)।

## २.९ नदी तथा ताल तलैया

यस गाउँपालिकामा खासै ठुला नदी नभएतापनि लमखेती गाड, सकायल गाड, कोराल गाड, रुमायल गाड, रेल गाड लगायत साना साना खोलाहरु रहेका छन । ति मध्ये रेल गाड वाट १ वटा लघु जलविद्युत उत्पादन र अन्य खोलाहरुवाट खानेपानी तथा सिंचाईको लागि पानी प्रयोग भएको देखिन्छ । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धी साथै पशुहरूको अत्यधिक चरीचरन र उपयोगले प्राकृतिक तालतलैयाहरू भू—क्षय भई पुरिने र सुक्ने क्रम जारी छ ।




यस गाउँपालिकामा रहेका नङरी ताल, गन्याप ताल संरक्षणको पर्खाईमा रहेका र यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी जल पर्यावरणीय प्रणालीको संरक्षण र सन्तुलन कायम राख्न सके यो क्षेत्रलाई विकसित बनाउन सकिन्छ । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला, खोला र असंख्य पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता नदी तथा पोखरीहरुबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला तथा पोखरीमा भूक्षय भई पुरिने क्रम जारी छ ।

## २.१० कृषि

गन्यापधुरा गाउँपालिकामा पनि निर्बाहमुखी खेती प्रणाली परम्परादेखि चलिआएको छ । यहाँका प्रमुख उत्पादनमा मकै, गहुँ, कोदो, सिमी, भटमास, फापर र धान बालीहरू हुन् । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १३५.४८ वर्ग कि.मि. मध्ये खेतीयोग्य जमिनको क्षेत्रफल अन्दाजी २५.०७ प्रतिशत रहेकोमा त्यसको करिव २७ प्रतिशत सिंचाइयुक्त खेत

रहेको छ । यस गाउँपालिकामा प्रशस्त चरन क्षेत्र भएकोले गाई, भैंसी, भेडा, बाख्रा र बङ्गुर तथा हाँस, कुखुरा जस्ता पशुपन्छी पालनको सम्भावना रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र-कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ । (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५)।

### २.११ शिक्षा

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका यस डडेल्धुरा जिल्लाका अन्य गाउँपालिकाको तुलनामा हाराहारीमा रहेको देखिन्छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ । सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ । गन्यापधुरा गा.पा. को साक्षरता दर ७९ प्रतिशत रहेको छ ।

गाउँपालिका भित्र १७ वटा आधारभूत विद्यालय तथा ६ वटा माध्यमिक विद्यालय गरी जम्मा २३ वटा सामुदायिक विद्यालयहरू रहेका छन् जहाँ कुल १३२ शिक्षक/शिक्षिकाहरू कार्यरत छन् भने ३६५४ विद्यार्थीहरू अध्ययनरत छन् । त्यसैगरी ३ वटा संस्थागत विद्यालयहरू रहेकामा १ वटामा माध्यमिक तह सम्मको पठन पाठन भइरहेको छ (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५) ।

### २.१२ स्वास्थ्य तथा पोषण

राजनितिक रुपमा ५ वडाहरुमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन् । डडेल्धुरा जिल्लामा रहेको यस गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी रहेका छन तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू व्यवस्था भएको छ । गाउँमा एक आयुर्वेद औषधालय, पाँच वटा वर्थिङ सेन्टर, पाँच वटा स्वास्थ्य चौकी तथा ११ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन् । खासगरी समुदायमा प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँपालिका भरि ५९ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन् । यी स्वयंसेविकाहरुको सेवा उदाहरणीय रहेको देखिन्छ ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर को सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूका गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको

लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ । गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा चिकित्सकहरूको संख्यामा कमी रहेको छ । दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५) ।

## २.१३ पूर्वाधार

गन्यापधुरा गाउँपालिकाको पूर्वाधार विकासको अवस्था कमजोर रहेको छ । सीमित स्रोत साधनका कारण पनि पूर्वाधार विकासमा छुट्याउने गरेको बजेट अपुग देखिन्छ । गन्यापधुरा गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा विगत बर्षहरू देखि नै मोटर बाटो खनिएको तथा जीपहरू गुड्न थालेका हुन् । साविकका सबै गाविसहरू तथा हालका सबै वडाहरूमा ग्रामीण सडक खनिएको छ । ग्रामीण सडकलाई अहिले पनि सम्पूर्ण विकासको पूर्वाधारको रुपमा लिइएको छ । तर निर्माण भएर पनि सवारीका साधनहरू गुड्दै आएका यी कच्चि सडकहरू अहिले पनि व्यवस्थित हुन सकेका छैनन् । अधिकांश ग्रामीण सडकहरू विना ईन्जिनियरीङ खनिएका छन् ।

आवश्यकता अनुसार बजेट तथा जनशक्ति नहुँदा यस क्षेत्रमा सामुदायिक भवन, सिंचाइ, खानेपानी, ऊर्जा, सडक, पुल, स्वास्थ्य तथा शैक्षिक संस्था लगायत विभिन्न पूर्वाधार तथा यातायात विकासका संरचनाहरूको निर्माण अत्यन्त सुस्त गतिमा छ।

गाउँपालिकामा रहेका सरकारी तथा सामुदायिक पूर्वाधारका संरचनाहरू समेत मर्मत सम्भारको पर्खाइमा रहेका छन् । यस क्षेत्रमा गाउँपालिकाको केही वडाहरूमा सामुदायिक भवनहरू सञ्चालनमा छन् । यी भवनहरू विभिन्न संघ-संस्था एवम् समूहहरूले आ—आफनो प्रयोजनकोलागि उपयोग गर्दै आइरहेका छन्। विद्यालय स्वास्थ्य तथा प्रहरी भवनहरू पनि अपर्याप्त रहेको छ । भौगोलिक बिकटताको कारण यस क्षेत्रमा ठुला खेल मैदान तथा कभर्डहलहरू निर्माण भएका छैनन् । यहाँ सम्म कि फुटबल खेल्ने स्तरीय मैदान समेत नभएको अवस्था छ तर स—साना खेल मैदानहरू भने उपलब्ध छन् ।

## २.१४ सूचना तथा सञ्चार

वर्तमान अवस्थामा गन्यापधुरा यो गाउँपालिका क्षेत्रभित्र पी.एस.टि.एन सेवा हालसम्म छैन । ईन्टरनेट तथा जी.पी.आर.एस. सेवा प्राय सबै वडामा प्रयोग भइरहेको छ । मोवाइल टावर जी.एस.एम.सेवा दुई ठाउँमा सञ्चालित छ । गाउँपालिकाका केही विद्यालयमा आइसिटी (ICT) कक्षा सञ्चालन र कम्प्युटर कक्षा सञ्चालन भएको, विद्यार्थीहरूलाई अतिरिक्त अध्यापन शुरुआत भएको आदि राम्रा पक्षहरू रहेकाछन् ।

त्यस्तै यस गाउँपालिकाको कमजोर पक्षको रूपमा, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन समस्या रहेको, दूरसञ्चार सेवामा सवै नागरिकको पहुँच पुग्न नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, हुलाक सेवालाई विविधीकरण गर्न नसक्नु, यस क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको अभाव रहेको, जनचेतना तथा सचेतनाको अभाव, सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी, युवा जनशक्तिको पलायन, केही वडाका बिकट स्थानहरूमा मोवाइलको नेटवर्क ज्यादै कमजोर, अप्टिकल फाइबर पुग्न नसकेको, विद्यालयहरूमा इन्टरनेटको नियमित आपूर्तिको अभावमा आइसिटी कक्षा सञ्चालन गर्न वाधा भएको आदि रहेका छन् ।

## २.१५ खेलकुद

गन्यापधुरा गाउँपालिकामा खेलकुदसँग सम्बन्धित पूर्वाधारहरूको विकासको क्रम तुलनात्मक रूपमा कमजोर रहेको छ । यस गाउँपालिका को सबै वडामा खेल मैदानका सामान्य पूर्वाधारहरू निर्माण भए तापनि कतिपय ठाँउमा निर्माण हुने क्रममा रहेको तथा कतिपयमा उपयुक्त स्थानको खोजी गर्ने प्रक्रिया शुरु भएको, प्रायः विद्यालयहरूमा खेल मैदानको व्यवस्था भए तापनि आवश्यकता अनुरूप खेल मैदानको क्षेत्रफल अपुग रहेको तथा खेल मैदानकालागि आवश्यक आधारभूत भौतिक संरचनाका अभावमा असुरक्षित रहेको, हरेक टोलमा युवा क्लब गठन भएको भए तापनि, प्रायः जसो क्लबहरू दर्ता हुन बाँकी रहेको साथै क्लबहरूमा भौतिक सुविधा (भवन, खेल मैदान, खेल सामाग्री आदि) को अभाव रहेको, विभिन्न स्थानहरूमा समय

समयमा मेला लगाई खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरू सञ्चालन हुने भए तापनि कुशल व्यवस्थापनको अभावमा अपेक्षित लाभ प्राप्त हुन सकिरहेको छैन ।

### २.१६ ऊर्जा

गन्यापधुरा गाउँपालिकामा जलविद्युत ऊर्जा विकासको कम सम्भावना रहेको छ भने सौर्य ऊर्जा र वायु ऊर्जाकोलागि प्रसस्त सम्भावना भएको क्षेत्र हो । यहाँका उच्च पहाडी समथर भूभागहरूबाट प्रशस्त वैकल्पिक ऊर्जा उत्पादन गरी गाउँपालिकाका साथै समग्र राष्ट्रकै ऊर्जा विकासमा महत्त्वपूर्ण योगदान हुन सक्नेछ ।

### २.१७ उद्योग, व्यापार तथा रोजगारी

वर्तमान अवस्थामा यस गाउँपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवम् कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि स्थानीय पालिकाले खेल्ने सहजीकरण र समन्वयकारी भूमिका अति महत्त्वपूर्ण हुन्छ । यस गाउँपालिकामा झोला उद्योग, जुस उद्योग, अल्लोबाट कपडा उद्योग, नेपाली कागजका सामाग्रीहरू, गलैंचा, भाङग्रा, स्वीटर, ढाका कपडा फर्निचर उद्योग, ग्रील उद्योग, कागज उद्योग, कुटानी- पिसानी मिलहरू, सिलाइ एवम् बुनाइ उद्योग, होटल एवम् लजहरू, मेटल उद्योग आदि गरेर १४० वटा विभिन्न उद्योगहरू विधिवत् रूपमा घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएर सञ्चालनमा रहेका छन् (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५) ।

### २.१८ सामाजिक विकास तथा समावेशीकरण

घरधुरी सर्वेक्षण, २०७५ अनुसार गन्यापधुरा गाउँपालिकाको जनसंख्या १८,३९३ रहेको छ जस मध्ये पुरुष ९४८९ (५१.६० प्रतिशत र महिला ८९०४ (४८.४०) प्रतिशत रहेका छन् । प्रति वर्ग किलोमिटरमा जनघनत्व १३५.३१ जना रहेको छ । यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधता रहेको पाईन्छ । घरधुरी सर्वेक्षण अनुसार गन्यापधुरामा कुल १५ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने २ किसिमका मातृ भाषाभाषिहरुको वसोवास देखिन्छ । यसरी डडेल्धुरा जिल्लामा अवस्थित यस गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाती छन भने सवैभन्दा कम मगर जाती रहेका छन्।

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । पछिल्लो धरधुरी सर्वेक्षण अनुसार यहाँको कुल जनसंख्या १८३९३ जनाको लगभग ९९.१६ प्रतिशत हिन्दु धर्म मान्ने रहेका छन् र ०.८४ प्रतिशत वौद्ध धर्मावलम्बिय रहेका छन । यस गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ । वेदमूलक आर्य—संस्कृतिका विधि—विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरामा तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ । यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो । गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आ—आफ्नै चाडपर्वहरु छन् (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५) ।

घरधुरी सर्वेक्षणको नतिजाअनुसार जम्मा ३२१८ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ५७.९९ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४२.०१ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । गाउँपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा समग्र सबै वडाहरुमा पूरुष नै बढि घरमूली भै घरको मुख्य जिम्मेवारी लिएको पाइन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा सामान्य अन्तर देखिन्छ (गन्यापधुरा गाउँपालिकाको वस्तुगत विवरण, २०७५) ।

## २.१९ पर्यटन

यस गाउँपालिकामा पनि नेपालका अन्य पहाडी भेगमा झैं रमणीय डाँडाकाँडा, सुन्दर हिमालका दृश्य, धार्मिक मठमन्दिर, गुफा, ताल, कुण्ड, झरना, कला तथा सांस्कृतिक नाँचगान लगायतका सम्पदा छन् । अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ ।

विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्न अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

## २.२० सिंचाइ तथा खानेपानी

प्राकृतिक स्रोतले भरिपूर्ण यो गाउँपालिकामा सामुदायिक वन, पानीका स्रोतहरू जस्तैः ठाडाखोला, मूल, खोल्सा, पोखरी आदि रहेका छन् । उत्पादनमूलक जमिन, नदीजन्य उत्पादनका बस्तुहरू, ढुङ्गाका खानीहरू आदि यहाँका प्रमुख स्रोतहरू हुन् । यस गाउँपालिका क्षेत्रमा रहेको नदी, ताल, खोलाको पानीलाई काठ, स्याउला र ढुङ्गाले कुलोमा पानी फर्काई परम्परागत तरिकाबाट संचालित कुलोहरू सिंचाइका आधारशिला हुन् । सिंचाइका प्रमुख श्रोतहरू स्थानीय साना खोलाहरू मात्रै हुन । यी श्रोतहरू बाहेक गाउँमा खेतीयोग्य जमिनमा सिंचाई गर्न पानीको श्रोत छैन । कृषिको लागि उर्वर माटो भएको र गाउँमा ठूलो संख्यामा जनता कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्‍याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रसस्त बृद्धि हुने देखिन्छ ।

खानेपानीका प्रसस्त मुहानहरू रहेको यस पालिकामा एक घर एक धाराको अवधारणा अनुरुप कार्यक्रमहरू सञ्चालनमा रहेका भएता पनि पर्याप्त आर्थिक स्रोतको अभाव तथा मुहान संरक्षणमा चासो नहुँदा अझ पनि आधा भन्दा बढी घरधुरीमा खानेपानीको सुविधाको सुनिश्चितता हुन सकेको छैन । गाउँपालिकाका प्रत्येक वडाहरूमा कम्तीमा १ कि.मी.देखि बढीमा ३ कि.मी.को बीचमा पानीका स्रोतहरू रहेको र यसको सदुपयोग गर्न सके कृषि तथा पशुपालन व्यवसायलाई उद्यममा परिणत गर्न सकिने बलियो सम्भावना यो क्षेत्रमा देखिएको छ ।

## परिच्छेद तीनः गन्यापधुरा गाउँपालिकाको स्थानीय योजना

### ३.१ पृष्ठभूमि

नेपाली समाजमा आएको परिवर्तन तथा राज्यले लिएको संरचनागत परिवर्तनको नीति अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु भएको छ । विकासका सम्भावनाहरू तथा स्थानीय बासिन्दाहरूको आधारभूत मागको आधारमा गाउँपालिका स्तरमा आवधिक योजनाको सुरूवात भए अनुसार गन्यापधुरा गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने यो प्रथम प्रयास हो । जन आन्दोलन २०६२/०६३ ले ल्याएको परिवर्तनका मूल मर्म र भावना तथा नेपालको संविधानको भावनाको आधारमा गाउँपालिकाको विकासको गतिलाई तीब्रता दिनकालागि गाउँपालिकाको आवधिक योजना तयार गर्दा मूलतः देशको राष्ट्रिय लक्ष्यलाई ध्यानमा राखी गाउँपालिकाका प्रमुख समस्याहरू, विभिन्न क्षेत्रहरूको उपलब्धि, संघीय तथा प्रदेश सरकारबाट गाउँपालिकाको विकासकोलागि प्राप्त अनुदान तथा गाउँपालिकाको आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालन गरी गाउँपालिकाका कार्यक्रमहरूलाई क्रमिक रूपमा अगाडि बढाउँदै लैजाने उद्देश्यका साथ आवधिक योजना तर्जुमाको प्रयास भएको छ । आवधिक योजना तर्जुमा गर्दा यस गाउँपालिकाले हालसम्ममा गरेका महत्त्वपूर्ण प्रयास तथा उपलब्धिहरूको सूक्ष्म रूपमा विश्लेषण तथा सम्भावना र चुनौतीहरूको पनि विश्लेषण गरिएको छ ।

### ३.२ गाउँपालिकाको विकासका समस्याहरू

जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिएको छ । दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भए तापनि सोही अनुरूप कार्यान्वयन हुन सकेको छैन ।

योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु, गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या भएको छ । विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या देखिन्छ ।

भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएको देखिन्छ । गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था छ ।

वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ । एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन । उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ । गन्यापधुरा कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि डिपिआर (DPR) तयार हुन सकेको छैन ।

### ३.३ गाउँपालिकाको विकासका चुनौती तथा अवसरहरू

**<u>चुनौती</u>**

गन्यापधुरा गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौतीका चाङहरू पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु।

२. धेरैजसो भू—भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यवसायिक कृषिलाई अघि बढाउनु ।
३. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
४. गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल तथा जडिबुटीहरूको व्यवसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु ।
५. गाउँपालिकाका पाँच वटै वडाहरूमा मोटरबाटो पुगे तापनि ग्रामीण सडकहरू साँघुरा, जीर्ण तथा कच्ची रहेका कारण सडक यात्रा जोखिमपूर्ण र खर्चिलो बन्दै गएको अवस्थामा सबै वडाहरूमा पुग्ने सडकमार्गलाई कालोपत्रे गर्नु ।
६. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
७. पर्यटकीय विकासको उच्च सम्भावना बोकेको **गन्यापताल तथा शिखर** क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
८. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडिबुटी, बन्यजन्तु लापोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
९. सामुदायिक वन तथा अन्य वन क्षेत्रबाट जथाभावी वन फँडानी गरी बहुमूल्य काठको अवैध चोरी निकासी लाई नियन्त्रण गर्नु ।
१०. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
११. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
१२. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
१३. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१४. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिंचाइको सुनिश्चितता गर्नु ।
१५. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु।
१६. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रसासन संयन्त्रको विकास गर्नु ।

## अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

- संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ।
- गन्यापधुरा गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
- कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने तरकारी र कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
- प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
- एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको सम्भावना रहन गएको छ ।

- ऐतिहासिक तथा पौराणिक महत्व बोकेको गन्यापधुरा क्षेत्रलाई सूदूर पश्चिम प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्न सकिने अवस्था रहेको छ ।
- गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुगेको छ ।
- वनजङ्गल, जडिबुटी, जलस्रोत, ढुङ्गाखानी आदिजस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ।
- पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
- सुन्तला, आँप, आलु, अदुवा, टिमुर, भटमास, लसुन, विभिन्न मौसमी/बेमौसमी तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा बृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ।
- गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी र मसला उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
- आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## ३.४ गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

**दीर्घकालीन सोच**

"कृषि, पर्यटन र पूर्वाधार– सुखी, समृद्ध एवम् समतामूलक गन्यापधुराको आधार "

**लक्ष्य**

गाउँपालिकाको विकासकोलागि प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनहरूको अधिकतम् परिचालन गरी समृद्ध एवम् समतामूलक गन्यापधुरा निर्माणको आधार तयार गर्ने ।

**उद्देश्य**

१. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्नु ।
३. स्थानीय आवश्यकताका पहिचान गरी पूर्वाधार विकासलाई प्राथमिकता दिनु ।
४. वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्नु ।
५. सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।

## ३.५ गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा कार्यनीतिहरू

**तालिका ५: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै विकासको आधार तयार गर्नु ।** | |
| **१.१:** प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा बृद्धि ल्याइनेछ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ ।<br>३. आधुनिक एकिकृत बस्ति विकाशका माध्यमबाट गन्यापधुरालाई सुविधासम्पन्न आकर्षक वस्तिका रूपमा विकास गरिनेछ । |

| | |
|---|---|
| **१.२:** विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ।<br>२. गुणस्तरीय सिंचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिंचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्नु ।** | |
| २.१ः शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ। |
| **उद्देश्य ३ः स्थानीय आवश्यकताका पहिचान गरी पूर्वाधार विकासलाई प्राथमिकता दिनु ।** | |
| **३.१ः** गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. ट्र्याक खोलिएका सडकको मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| **उद्देश्य ४ः वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्नु ।** | |
| **४.१ः** वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिंचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| **उद्देश्य ५ः सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।** | |
| **५.१ः** सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् । |

| | |
|---|---|
| | ६. समावेशी सामाजिक संरचनाका माध्यमबाट गन्यापधुराबासीमा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

## ३.६ गाउँपालिकाका गौरवका आयोजनहरू

१. भात्काँडा — रुवाखोला — बडाल — रेल —कोराल पक्की सडक (५० कि.मि.)
२. १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालन
३. सकायल खानेपानी आयोजना निर्माण तथा व्यवस्थापन
४. कोपरे-चौताला सिंचाइ आयोजना निर्माण तथा व्यवस्थापन
५. देउचन खानेपानी आयोजना निर्माण तथा व्यवस्थापन
६. प्राविधिक शिक्षालयको निर्माण तथा सञ्चालन
७. गन्यापताल संरक्षण तथा पर्यटन पूर्वाधार विकास
८. गाउँपालिकाको प्रसासकीय भवन निर्माण
९. रेल बहुउद्देशीय खेल मैदान निर्माण तथा व्यवस्थापन
१०. लाटागन्याप क्षेत्र विकास संरक्षण कार्यक्रम

## ३.७ अपेक्षित परिमाणात्मक उपलब्धि

**तालिका ६: अपेक्षित परिमाणात्मक उपलब्धि**

| सूचक (आ.व. २०७६/७७ को स्थिर मूल्यमा) | एकाई | आधार वर्ष आ.व. २०७७/७८ को अवस्था | योजना समाप्ति वर्ष आ.व.२०८२/८३ को लक्ष्य |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.४५७ | ०.५० |
| आर्थिक बृद्धि* | प्रतिशत | ४.७ | ८.० |
| वार्षिक प्रति व्यक्ति आय* | रु. | ४८६७२ | ६८००० |
| बहुआयामिक गरिबी | प्रतिशत | २४ | ५ |
| साक्षरता | प्रतिशत | ७९ | ९० |
| विद्यालयमा खुद भर्ना दर* | प्रतिशत | ७८ | ९६ |
| औसत आयु* | वर्ष | ७२ | ७५ |
| कालोपत्रे सडक | कि.मि. | २९ | १०० |
| ग्राभेल सडक | कि.मि. | ० | २० |
| ट्र्याक खोलिएको सडक | कि.मि. | ११० | १२० |
| वेरोजगारी | प्रतिशत | २२ | १० |
| विद्युत सेवा प्राप्त घरधुरी | प्रतिशत | ९८ | १०० |
| खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ४५ | १०० |

***डडेल्धुरा जिल्लाका सूचकहरू***

## ३.८ लगानी प्रक्षेपण

**तालिका ७: लगानी प्रक्षेपण**

| क्र.सं. | आ.व. | अपेक्षित आर्थिक बृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु करोडमा) | प्रक्षेपित लगानी (रु करोडमा) |
|---|---|---|---|---|
| १ | ०७८/७९ | ४.०० | - | ५९ |
| २ | ०७९/८० | ६.५० | - | ६५ |
| ३ | ०८०/८१ | ७.०० | - | ७१ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ०८१/८२ | ८.०० | | ७८ |
| ५ | ०८२/८३ | ९.०० | | ८६ |
| योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी | | | | **३५९** |

## ३.९ आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू

**तालिका ८: आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू**

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | २९० | ८०.७७ |
| २ | सहकारीक्षेत्र | १० | २.७९ |
| ३ | निजी क्षेत्र | १२ | ३.३५ |
| ४ | गै.स.स. | १२ | ३.३५ |
| ५ | उपभोक्ता समूह,सामुदायिक संस्था आदिको योगदान | १५ | ४.१७ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | २० | ५.५७ |
| | **कुल** | **३५९** | **१००** |

## ३.१० गन्यापधुरा गाउँपालिकाको आय अनुमान

**तालिका ९: गन्यापधुरा गाउँपालिकाको आय अनुमान**

रू. लाखमा

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | २०७९/८० को अनुमान | २०८०/८१ को अनुमान | २०८१/८२ को अनुमान | २०८२/८३ को अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | नगद मौज्दात | | | | | | |
| २ | आन्तरिक राजस्व | ३० | ३५ | ४५ | ५५ | ६५ | ८० |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ७६१ | ८३७ | ९२१ | १०१३ | १११४ | १२२६ |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | १४३९ | १५८३ | १७४१ | १९१५ | २१०७ | २३१८ |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ६३२ | ६९५ | ७६५ | ८४१ | ९२५ | १०१८ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ६९ | ७६ | ८३ | ९२ | १०१ | १११ |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | ५० | ५५ | ६१ | ६७ | ७३ | ८१ |
| ८ | राजस्व बाँडफाट (प्रदेश सरकार) | १४ | १५ | १७ | १९ | २० | २३ |
| ९ | समपुरक कोष (संघ तथा प्रदेश सरकार) | १६६ | १८३ | २०१ | २२१ | २४३ | २६७ |
| १० | अन्य | २२५ | २४८ | २७२ | २९९ | ३२९ | ३६२ |
| | **जम्मा** | **३३८६** | **३७२७** | **४१०६** | **४५२२** | **४९७७** | **५४८६** |

## ३.११ सार्वजनिक खर्चको बाँडफाँट

**तालिका १०: सार्वजनिक खर्चको बाँडफाँट**

| क्र. सं. | विवरण | २०७७/७८ को अनुमान रु लाखमा | २०७८/७९ को प्रक्षेपण | २०७९/८० को प्रक्षेपण | २०८०/८१ को प्रक्षेपण | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | **बजेटको वर्गीकरण** | | | | | | | |
| १.१ | चालु खर्च | २३६४ | २६०० | २८६० | ३१४६ | ३४६१ | ३८०७ | **१५८७६** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | पुँजीगत खर्च | १२८८ | १४१७ | १५५८ | १७१४ | १८८६ | २०७४ | ८६५० |
| १.३ | सशर्त तर्फ खर्च | १६६६ | १८३३ | २०१६ | २२१७ | २४३९ | २६८३ | ११११८८ |
| १.४ | सामाजिक सुरक्षा खर्च | ५३३ | ५८६ | ६४५ | ७०९ | ७८० | ८५८ | ३५७९ |
| **जम्मा बजेट** | | **५८५१** | **६४३६** | **७०७९** | **७७८६** | **८५६६** | **९४२२** | **३९२९३** |
| २ | **खर्चको क्षेत्रगत बाँडफाँड** | | | | | | | |
| २.१ | आर्थिक विकास | ५७८ | ६३६ | ६९९ | ७६९ | ८४६ | ९३१ | ३८८२ |
| २.२ | सामाजिक विकास | १७५५ | १९३१ | २१२४ | २३३६ | २५६९ | २८२६ | ११७८६ |
| २.३ | पूर्वाधार विकास | ३१३ | ३४४ | ३७९ | ४१७ | ४५८ | ५०४ | २१०२ |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ७१ | ७८ | ८६ | ९५ | १०४ | ११४ | ४७७ |
| २.५ | संस्थागत विकास तथा सुशासन | ९३३ | १०२६ | ११२९ | १२४२ | १३६६ | १५०३ | ६२६६ |
| | **जम्मा बजेट** | **३६५०** | **४०१५** | **४४१७** | **४८५९** | **५३४३** | **५८७८** | **२४५१३** |

## परिच्छेद चारः गन्यापधुरा गाउँपालिकाको समष्टिगत आर्थिक नीति

## खण्ड एकः सार्वजनिक खर्च

### १.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर लगाउन, नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय तहको क्षेत्राधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ । नेपाल सरकारबाट स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ ।

स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६ तथा आ.व. २०७६/७७ कोलागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनका क्रममा रहेको छ । सेवा प्रवाहकोलागि आवश्यक पर्ने नीति, कार्यविधि एवम् कार्यप्रक्रिया सरलीकरणका कार्यहरू भएका छन् । साथै, कार्यपालिकाको कार्य जिम्मेवारी बमोजिम सेवा प्रवाह गर्न आवश्यक पर्ने संगठन संरचना स्थापना भई सेवा प्रवाह तथा विकास निर्माणका कार्यक्रम कार्यान्वयनमा लगिएको छ । यसै आ.व.मा गन्यापधुरा गाउँपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ ।

### १.२ प्रमुख समस्या

योजना तर्जुमाकालागि आवश्यक पर्ने तथ्याङ्कको पर्याप्तता नहुँदा आधार वर्षको अवस्था, समग्र पालिका स्तरीय आर्थिक अवस्थाका परिसूचकहरू जस्तै कुल गार्हस्थ उत्पादन, बचत तथा लगानी आदि विश्लेषण गर्न कठिनाइ हुनु र यथार्थपरक बजेट निर्माणमा समस्या देखिएकोछ । कुशल बजेट विनियोजन र दक्ष एवम् प्रभावकारी कार्यान्वयनमा कमी रहेको छ । पुँजीगत खर्च लक्ष्य भन्दा कम हुनु, रोजगारी र आयमा प्रत्यक्ष प्रभाव पार्ने परियोजनाहरूमा विनियोजनमा कमी, निर्धारित समय, लागतमा र गुणस्तरीय हिसाबले आयोजना कार्यान्वयन हुन नसक्नु आदि यहाँका समस्याहरू हुन् ।

### १.३ चुनौती र अवसर

<u>चुनौती</u>

१. संघीयता नयाँ अभ्यास र शासकीय स्वरूप भएकोले स्रोतको बाँडफाँटमा तीनवटै सरकारका बीचमा समानता र सन्तुलन कायम नहुनु ।
२. सार्वजनिक खर्चलाई दिगो र लाभकारी प्रतिफल आउने परियोजनामा विस्तार गर्नु ।
३. गाउँपालिकाभित्रका सीमान्तकृत समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास गर्नु ।
४. नागरिकको आधारभूत आवश्यताका रूपमा रहेका शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच, वातावरणीय स्वच्छताको परिपूर्ति गर्नु ।
५. दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी पालिकाको प्रशासनिक तथा विकास कार्यकालागि आवश्यक मानव स्रोतको परिचालन गर्नु ।
६. साविकको एकीकृत ढाँचाको सूचना तथा तथ्याङ्कहरू प्रशोधन तथा नयाँ संरचना अनुसारको खण्डीकृत तथ्याङ्क प्राप्त गर्नु ।

<u>अवसर</u>

१. पालिकाहरूका बीचमा विकास निर्माण, लगानी अभिवृद्धि, सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरण रहनु ।
२. लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य हुनु ।
३. योजना छनौट, बजेट विनियोजन क्षमतामा सुधार हुँदै जानु ।

४. तीनै तहका सरकार सहकार्य र समन्वय गर्दै **"समृद्ध नेपाल, सुखी नेपाली"** बनाउने राष्ट्रिय संकल्प प्रति प्रतिबद्ध रहनु ।

५. स्थानीय सरकार स्थापना पश्चात् तीन आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन भई सार्वजनिक खर्च विनियोजनमा अनुभव प्राप्त हुनु ।

६. लगानी सहजताकालागि नेपाल सरकारबाट हालसालै एकल विन्दु सेवाबाट सेवा प्रवाहको थालनी गरिनु तथा जनप्रतिनिधिहरूमा विकास प्रतिको उत्कट चाहना र प्रतिबद्धता हुनु ।

## १.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"सुव्यवस्थित, योजनाबद्ध एवम् नतीजामुखी सार्वजनिक खर्च प्रणाली"

### लक्ष्य

उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट प्रभावकारी सार्वजनिक सेवा प्रवाह, दिगो तथा उच्च आर्थिक विकास हासिल गर्ने ।

### उद्देश्य

१. उपलब्ध सीमित स्रोतलाई गाउँपालिकाको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु।

२. सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु ।

३. पालिकामा रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि गर्नु ।

४. प्रभावकारी सार्वजनिक सेवा प्रवाहको विकास गर्नु ।

## १.५ रणनीति तथा कार्यनीति

**तालिका ११: सार्वजनिक खर्चका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उपलब्ध सीमित स्रोतलाई गाउँपालिकाको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु ।** | |
| **१.१:** सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने । | १. सार्वजनिक खरिद कानुनको परिपालनामा जोड दिइनेछ ।<br>२. बजेट प्रणालीका सबै प्रक्रियालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन विकासमा जोड दिइनेछ । |
| **१.२:** नेपाल सरकारको स्वीकृतिमा गौरवका आयोजना तथा ठूला पूर्वाधार निर्माणमा वैदेशिक ऋण परिचालन गर्ने । | १. ठूला पूर्वाधार निर्माण तथा गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ । |
| **उद्देश्य २: सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु ।** | |
| **२.१:** पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने । | १. सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइनेछ । |
| **२.२:** मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने । | १. आर्थिक र सामाजिक रूपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण गरिनेछ । |
| **उद्देश्य ३: पालिकामा उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि गर्नु ।** | |
| **३.१:** रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा बृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने । | १. कृषि तथा गैर कृषि क्षेत्रमा रोजगार मूलक उद्योग स्थापनामा जोड दिइनेछ।<br>२. कृषि प्रशोधन र खनिजजन्य उद्योगको स्थापना र विस्तारमा जोड दिइनेछ। |

| उद्देश्य ४: प्रभावकारी सार्वजनिक सेवा प्रवाहको विकास गर्नु । | |
|---|---|
| ४.१: मध्यमकालीन खर्च संरचना र प्रभावकारी मध्यमकालीन खर्च समीक्षाको व्यवस्था गर्ने । | १. मध्यमकालीन खर्च संरचनाका आधारमा मात्र पालिकाका संपूर्ण सार्वजनिक खर्च व्यवस्थापन हुने सुनिश्चितता गरिनेछ । <br> २. हरेक तीन वर्षमा मध्यमकालीन खर्च समीक्षा अनिवार्य गर्नुपर्ने प्रावधान गरिनेछ । |
| ४.२: हरेक सार्वजनिक खर्च तथा सेवा प्रवाह सार्वजनिक सुनुवाइ मार्फत अनुमोदन गर्ने । | १. हरेक उपभोक्ता समिति तथा ठेकदारले योजनाको समाप्ति सँगै खर्चको विवरण सार्वजनिक सुनुवाइ मार्फत अनुमोदन गर्ने अनिवार्य प्रावधान राखिनेछ । |

## १.६ अपेक्षित उपलब्धि

सार्वजनिक खर्च प्रणाली थप व्यवस्थित एवम् सुदृढ भएको हुनेछ । पालिकाको स्रोत साधनको विनियोजन र राजस्व परिचालन क्षमता सुदृढ भएको हुनेछ । उपलब्ध सीमित स्रोत र साधनको लगानी उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनेछ।

# खण्ड दुईः राजस्व

## २.१ पृष्ठभूमि

आर्थिक ऐन २०७५ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, घर बहाल कर, सम्पत्ती कर, भूमि कर, व्यवशाय कर, विज्ञापन कर र मनोरन्जन करका क्षेत्रमा स्थानीय तहको अधिकार क्षेत्र तोकिएको छ । यसका साथै गैर करका रूपमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संलग्न गरिएको र स्थानीय कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका कर उठाउन पाउने व्यवस्था रहेको छ । कर तथा गैरकरका आधार कमजोर रहेको, कर सङ्कलन गर्ने आफ्नै संयन्त्र स्थापित भइनसकेको अवस्थामा राजस्व सङ्कलन गर्ने व्यवस्थित पद्धति विकास भइसकेको छैन । वैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व सङ्कलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

## २.२ प्रमुख समस्या

राजस्व सङ्कलन गर्न नीतिगत व्यवस्थामा अष्पस्टता रहेको, कर तथा गैर करको आधार पर्याप्त रुपमा विस्तार हुन नसकेको, एउटै प्रकृतिका कर प्रदेश र स्थानीय तह दुबैका साझा क्षेत्राधिकारमा रहनु राजस्व सुधारमा देखिएका मुख्य समस्याहरू हुन् । त्यसैगरी ढुङ्गा, गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको कर सङ्कलन सम्बन्धमा बारम्बार विवाद बढ्ने गरेको, करका सम्बन्धमा जनचेतनाको कमी रहेको, पर्याप्त र दक्ष जनशक्तिको कमी हुनु आदि यस गाउँपालिकाका समस्याहरू हुन् ।

## २.३ चुनौती र अवसर

**चुनौती**

१. कर तिर्नुपर्ने सबै नागरिकलाई करको दायरामा ल्याउनु ।
२. कर तथा गैरकर राजस्वको प्रभावकारी परिचालन गर्नु ।
३. कर तथा गैर करको आधार विस्तार गर्नु ।
४. छरिएर रहेका राजस्व सङ्कलन गर्ने संयन्त्रबाट आशातित कर सङ्कलन गर्नु ।
५. गाउँपालिकाको कर तथा गैरकर राजस्व परिचालनका आधार कमजोर रहनु ।
६. छिमेकी स्थानीय तहको कर प्रणालीसँग समानता कायम गर्नु ।

**अवसर**

१. तीनै तहका सरकारबाट समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकास गर्ने अवसर प्राप्त भएको ।

२. सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु ।

३. लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य भएको ।

४. विगतमा केन्द्रीकृत रहेका अधिकार विकेन्द्रित भई स्थानीय तहसम्म पुगेको ।

५. करको आधार र दायरा बृद्धि गर्न सकिने सम्भावना रहेको ।

## २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"प्रभावकारी राजस्व प्रणालीको विकास-गन्यापधुराको सबल अर्थतन्त्र निर्माणको आधार"

### लक्ष्य

पालिकाका सामाजिक विकासका कार्यक्रमहरू आन्तरिक स्रोतबाट परिचालन गर्न सक्ने अवस्थाको सिर्जना गर्ने।

### उद्देश्य

१. राजस्व परिचालन प्रणालीलाई प्रगतिशील, कुशल, पारदर्शी र प्रभावकारी बनाउनु ।

२. राजस्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गरी राजस्व बृद्धि गर्नु ।

## २.५ रणनीति तथा कार्यनीति

**तालिका १२: राजस्वका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु ।** | |
| **१.१:** संघीय र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्दै गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनमा जोड दिने । | १. नेपाल सरकारसँगको सहकार्यमा राजस्व सङ्कलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानुनी व्यवस्था गरिनेछ ।<br>२. राजस्व परिचालनकालागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । |
| **१.२:** कर प्रणालीमा संस्थागत र संरचानागत रूपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने । | १. राजस्व सङ्कलन प्रणालीका सबै प्रक्रियालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति विकासमा जोड दिइनेछ ।<br>२. नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरिनेछ। |
| **उद्देश्य २: राजस्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गरी राजस्व बृद्धि गर्नु ।** | |
| **२.१:** कानुनी तथा नीतिगत व्यवस्थापन गर्ने । | १. मौजुदा आर्थिक ऐन नियमलाई आवश्यक परिमार्जन गरी व्यवहारिक र प्रभावकारी बनाइनेछ।<br>२. सम्पत्ति कर जस्ता नयाँकरहरू सम्बन्धी कानुन बनाइनेछ ।<br>३. कर निर्धारण, कर असुली, कर छुट, कर अनुपालन सम्बन्धी स्थानीय नीतिगत एवम् कानुनी व्यवस्थाको सन्दर्भमा आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै तयार गरी गाउँसभाबाट पारित गराई कार्यान्वयन गरिनेछ । |
| **२.२:** प्रभावकारी संगठनात्मक व्यवस्था, दक्ष जनशक्ति र उपयुक्त पूर्वाधार सहितको व्यवस्था गर्ने । | १. राजस्व सम्बन्धी उपयुक्त सफ्टवेयर, कम्प्युटर र सूचना प्रणाली सहितको अलग राजस्व शाखा व्यवस्था गरिनेछ ।<br>२. राजस्व सम्बन्धी आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने र भएका जनशक्तिलाई उचित तालिम दिई दक्ष र प्रभावकारी बनाइनेछ ।<br>३. वडा कार्यालयहरूको समेत राजस्व सङ्कलन क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरू मार्फत राजस्व सङ्कलनको प्रभावकारी प्रणालीको व्यवस्था गरिनेछ । |
| **२.३:** करसँग सम्बन्धित व्यवस्थित र वर्गीकृत तथ्याङ्काधार व्यवस्थित गर्ने । | १. कर सङ्कलनको निम्ति सहजतालाई समेत ध्यानमा राखी गाउँपालिकाको प्रोफाइल अद्यावधिक गरिनेछ ।<br>२. सम्भावित विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरूको वर्गीकृत विवरण तयार गरी आवधिकरूपमा अद्यावधिक गरिनेछ । |

| | |
|---|---|
| | ३. राजस्वका विभिन्न स्रोतहरूको प्राथमिकीकरण र नयाँ स्रोतहरूको पहिचान गर्ने र विद्यमान स्रोतहरूको दायरा विस्तार गरिनेछ । |
| २.४: करदाताहरूलाई कर/शुल्कको महत्त्व, कर व्यवस्था सम्बन्धमा सचेचना बृद्धि गर्ने । | १. विभिन्न छलफल, गोष्ठी, सञ्चार माध्यम मार्फत् करदाताहरूमा कर सम्बन्धी जनचेतना फैलाइनेछ (कर शिक्षा प्रदान गर्ने) ।<br>२. मोबाइल एप, वेबसाइट आदिको माध्यमबाट कर व्यवस्था सम्बन्धी सूचना दिइनेछ ।<br>३. उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।<br>४. करको दर निर्धारण गर्दा सरोकारवाला मुख्य करदाताहरूसँग छलफल गरिनेछ। |
| २.५: सरल, चुस्तदुरुस्त कर असुली प्रणाली व्यवस्थित गर्ने। | १. वडामा कर सङ्कलन गर्ने व्यवस्था गरिनेछ ।<br>२. करदाताहरूलाई स्वयं कर घोषणाको सुविधा प्रदान गरिनेछ ।<br>३. समयमै कर तिर्नेलाई कर छुटको व्यवस्था र ढिलो गरिएमा जरिवानाको व्यवस्था गरिनेछ।<br>४. कम्प्युटरकृत विलिङ प्रणाली अवलम्बन गरिनेछ ।<br>५. उत्कृष्ट रूपमा राजस्व सङ्कलन गर्ने वडालाई प्रोत्साहित गरिनेछ ।<br>६. कर दायित्व र सेवा प्रवाहलाई एक आपसमा जोडिनेछ । |
| २.६: पारदर्शिता र जवाफदेहिता कायम राख्ने । | १. गाउँपालिकाले गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिनेछ ।<br>२. आय व्ययको विवरण आवधिक रूपमा प्रकाशन गरिनेछ ।<br>३. सङ्कलित राजस्व रकम बारे आवधिक रूपमा सार्वजनिक गरिनेछ ।<br>४. राजस्व उत्पत्तिलाई पनि बजेट विनियोजनको एक आधारको रूपमा लिइनेछ। |
| २.७: सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने । | १. राजस्व बाँडफाँड हुने राजस्वका शीर्षकहरूमा संघीय तथा प्रदेश सरकारसँग भरपर्दो र प्रभावकारी समन्वय गरिनेछ ।<br>२. करदाता सम्बन्धी तथ्याङ्क प्राप्ति र कर असुलीको सन्दर्भमा अन्य सम्बन्धित निकायहरूसँग पनि समन्वय गरिनेछ । |
| २.८: राजस्व अभिवृद्धि गर्ने खालका आयमूलक कार्यक्रम र पूर्वाधार विकासमा जोड दिने । | १. वार्षिक कार्यक्रममा स्थानीय आर्थिक विकासकालागि व्यवसायमूलक तथा आयमूलक कार्यहरूमा योगदान पुऱ्याउने कार्यक्रमहरूलाई समावेश गरिनेछ।<br>२. निजी क्षेत्रको लगानी र उद्यमशीलता प्रति जोड दिइनेछ ।<br>३. राजस्व अभिवृद्धि गर्ने खालका पूर्वाधारहरूको विकास गरिनेछ ।<br>४. हाटबजार/स्टलहरू निर्माण र सञ्चालन गरिनेछ ।<br>५. सडक लगायतका पूर्वाधार निर्माण र स्तरोन्नति गरिनेछ । |

## २.६ अपेक्षित उपलब्धि

करदाताको सङ्ख्यामा उल्लेख्य बृद्धि भई गाउँपालिकाको अर्थतन्त्र तथा बजेटमा राजस्वको यागेदानको अनुपातमा बृद्धि भएको हुनेछ । कर प्रणालीमा विद्युतीय प्रविधिको प्रयोगगरी पारदर्शी, कम खर्चिलो र प्रभावकारी भएको हुनेछ ।

# खण्ड तीनः सार्वजनिक ऋण

## ३.१ पृष्ठभूमि

गाउँपालिकाको चालु तथा पुँजीगत खर्च व्यवस्थापनकालागि प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने अनुदान मात्र पर्याप्त नहुनेभएकोले थप स्रोतको आवश्कता हुन्छ । नयाँ संरचनाको विकास सँगै सार्वजनिक खर्चको आवश्यकता बढ्दै गएको छ । सामाजिक तथा भौतिक पूर्वाधारमा लगानीको मागलाई सम्बोधन गर्न सार्वजनिक वित्तको प्रचुरता हुनु आवश्यक रहेको छ । स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ । आयोगले प्रदान गरेको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्न नीतिगत तथा संरचनात्मक व्यवस्था नभइसकेकोले

परिचालन हुन कठीनाइ रहेको छ । यस अर्थमा पालिकाले आन्तरिक राजस्व, अनुदान तथा राजस्व बाँडफाँटबाट नपुग हुने रकम आन्तरिक ऋण वा नेपाल सरकारसँग लिने ऋणमा निर्भर रहन्छ।

### ३.२ प्रमुख समस्या

गाउँपालिकाको क्रेडिट रेटिङ नहुनु, आन्तरिक ऋण परिचालनलाई निश्चित क्षेत्रमा लगानी गर्ने गरी मापदण्ड नहुनु, संस्थागत संयन्त्रको आधारभूत तहको अवस्था समेत नहुनु, गाउँपालिकास्तरमा सार्वजनिक ऋणको परिचालन र व्यवस्थापन सम्बन्धी नीतिगत स्पष्टता भइनसक्नु तथा वित्तीय क्षेत्रलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्न नसक्नु सार्वजनिक ऋणको परिचालन र व्यवस्थापनकालागि समस्याका रुपमा रहेका छन् ।

### ३.३ चुनौती र अवसर

**चुनौती**

१. नेपाल सरकारको स्वीकृति र अन्य प्रक्रिया पूरा गरी सार्वजनिक ऋण परिचालन गर्नु ।
२. सार्वजनिक ऋणलाई प्रभावकारी ढङ्गबाट पूर्वाधार, रोजगार र उत्पादनमा परिचालन गरी दिगो, उत्पादनमुखी र उच्च प्रतिफलमुखी बनाउनु ।
३. ऋणको साँवा व्याज भुक्तानीको सुनिश्चितता गर्नु ।

**अवसर**

१. पालिकाले विकास निर्माणकालागि ऋण परिचालन गर्न सक्ने गरी घाटा बजेट तर्जुमा गर्न सक्ने व्यवस्था हुनु।
२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ऋण परिचालनमा सहजीकरण गर्नु ।
३. पर्यटन, पूर्वाधार तथा ऊर्जा विकासमा लगानीको आधार हुनु ।

### ३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"उत्पादनमूलक पूर्वाधार विकास र सबल अर्थतन्त्र निर्माणका निम्ति सार्वजनिक ऋण सदुपयोग"

**लक्ष्य**

पर्यटन पूर्वाधार र ऊर्जा विकास तथा उत्पादनको क्षेत्रमा लगानी बृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने ।

**उद्देश्य**

१. सार्वजनिक ऋणलाई गौरवका आयोजनाको पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक बृद्धिमा योगदान पुऱ्याउनु ।
२. सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा बृद्धि तथा रोजगारको सिर्जना गर्नु ।

### ३.५ रणनीति र कार्यनीति

**तालिका १३ः सार्वजनिक ऋण परिचालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सार्वजनिक ऋणलाई गौरवका आयोजनाको पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक बृद्धिमा योगदान पुऱ्याउनु ।** | |
| १.१ः ऋणलाई प्रभावकारी परिचालन गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने । | १. नेपाल सरकारसँग समन्वय गर्दै ऋण परिचालनका विभिन्न उपकरण प्रयोग गरी आन्तरिक ऋण परिचालन गरिनेछ ।<br>२. ठूला पूर्वाधार र गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ । |
| १.२ः केन्द्र र प्रदेश सरकारको प्राथमिकतामा परेका क्षेत्रमा सार्वजनिक ऋणलाई परिचालन गर्ने । | १. सार्वजनिक ऋणलाई उच्च प्रतिफलका पूर्वाधार र उत्पादनका क्षेत्रहरूमा परिचालन गरिनेछ । |

| | |
|---|---|
| | २. सार्वजनिक ऋणको लागत लाभ विश्लेषण गरी साँवा व्याज भुक्तानी सुनिश्चित हुने क्षेत्रमा परिचालन गरिनेछ । |
| **उद्देश्य २ः सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा बृद्धि तथा रोजगारको सिर्जना गर्नु ।** | |
| २.१ः सार्वजनिक ऋणको परिचालन तथा व्यवस्थापन सम्बन्धी नीति, कानुन र संस्थागत संरचना तयार पार्ने । | १. नेपाल कानुनसँग तादात्म्यता हुने गरी सार्वजनिक ऋण सम्बन्धी गाउँपालिकाको नीति, संस्थागत संरचना र कानुनको निर्माण गरिनेछ । |
| २.२ः रोजगारी र आय आर्जनका अवसरमा बृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गर्ने । | १. रोजगारी र आय आर्जनका अवसर बृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गरिनेछ । |

### ३.६ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धी नीति, कानुन बनेको हुनेछ । पुँजी निर्माण तथा रोजगारीमा बृद्धि भएको हुनेछ । सार्वजनिक ऋण निश्चित सीमाभित्र रहेर परिचालन भएको हुनेछ । सार्वजनिक ऋणको परिचालन प्राथमिकता प्राप्त र उत्पादनका क्षेत्रमा गरिएको हुनेछ ।

## खण्ड चारः सार्वजनिक, निजी र सहकारी साझेदारी

### ४.१ पृष्ठभूमि

सार्वजनिक क्षेत्रले गन्यापधुरा गाउँपालिकाको सामाजिक आर्थिक विकासमा नीति नियमको निर्माण गर्ने, नियमन गर्ने, निजी क्षेत्र र सहकारी क्षेत्र आकर्षित नभएको क्षेत्रमा लगानी केन्द्रित गर्ने, लगानीमैत्री वातावरणको सिर्जना गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्न सघाउने जस्ता भूमिका खेल्न आवश्यक देखिन्छ ।

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासकोलागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । निजी क्षेत्रले सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रले आफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ ।

### ४.२ प्रमुख समस्या

अपेक्षा अनुसार उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु, ठूला परियोजनामा लगानी गर्न स्रोतको कमी हुनु, निजी क्षेत्र बजार प्रणालीले अपेक्षा गरे अनुरूप प्रतिस्पर्धी रूपमा व्यवसाय गर्ने संस्कृतिमा कमी हुनु, कम नाफा हुने सोचेर लगानीकर्ताहरू ग्रामीण क्षेत्रमा उपस्थिति बढाउन अनुत्प्रेरित रहनु, लगानीकर्ताहरू औद्योगिक उत्पादन भन्दा आयातित सामग्रीको व्यापारमा आकर्षित रहनु तथा साझेदारीका क्षेत्रहरू पहिचान गर्न नसक्नु यस गाउँपालिकाका समस्याहरू हुन् ।

### ४.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. सार्वजनिक, सहकारी र निजी क्षेत्रलाई प्रतिस्पर्धी भन्दा परिपूरकको रूपमा सहकार्य गर्ने संस्कारको विकास गर्नु ।
२. सैद्धान्तिक रूपमा सरकारी, निजी र सहकारी क्षेत्रका बीचमा साझेदारी, समन्वय, सहकार्य गर्नु ।
३. सहकारीको सिद्धान्त बमोजिम बचत र लगानी गर्ने वातावरणको सिर्जना गर्नु ।
४. बृहत् परियोजनामा आवश्यकता अनुसारको लगानी गर्ने वातावरण सिर्जना हुनु ।
५. तीन तहका सरकारी संरचनाहरूबाट बजार अनुगमनलाई व्यवस्थित गर्नु ।

**अवसर**

१. अर्थतन्त्रका तीन सरोकारवाला बीच सहकार्य हुँदै जानु ।
२. गाउँपालिका केन्द्रसम्म आर्थिक केन्द्रको विकास र विस्तार हुँदै जानु ।
३. युवा पुस्तामा उद्यमशीलताप्रति सकारात्मक धारणाको विकास हुँदै जानु ।
४. निजी क्षेत्रले नाफामूलक मात्र नभई विस्तारै सामाजिक उत्तरदायित्व वहनलाई समेत अवलम्बन गर्ने संस्कारको शुरुवात हुनु ।
५. उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहिने ऊर्जाको उपलब्धता बढ्दै जानु ।

## ४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"गन्यापधुराको दिगो विकास तथा समृद्धिकोलागि सार्वजनिक, निजी र सहकारी साझेदारी"

**लक्ष्य**

निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गरी गन्यापधुरा गाउँपालिकाको समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१. लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु ।
२. सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्नु ।
३. निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्नु ।

## ४.५ रणनीति र कार्यनीति

**तालिका १४: सार्वजनिक, निजी र सहकारी साझेदारीका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउनु ।** | |
| **१.१:** प्रदेश तथा संघीय सरकारको सहकार्यमा लगानी मैत्री नीति, कानुन र संस्थागत प्रबन्ध गर्ने । | १. निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्न कानुनी व्यवस्था गरिनेछ।<br>२. गाउँपालिकामा समेत लगानीकर्तालाई आकर्षित गर्न एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्ने संस्थागत प्रबन्ध गरिनेछ । |
| **उद्देश्य २: सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्नु ।** | |
| **२.१:** सरकारी, निजी र सहकारी क्षेत्रको लगानीलाई प्रतिस्पर्धा भन्दा परिपूरकको रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्ने । | १. सरकारी क्षेत्रको लगानीलाई निजी र सहकारी क्षेत्रको परिपूरकको रूपमा लगानी गरिनेछ ।<br>२. सहकारी क्षेत्रलाई ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| **२.२:** सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने । | १. सहकारी क्षेत्रमा संकलित बचतलाई एकीकृत गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ३: निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्नु ।** | |
| **३.१:** निजी क्षेत्र आकर्षित नहुने ठूला पूर्वाधार क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्ने । | १. सरकारी लगानीलाई ठूला पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ । |

| | |
|---|---|
| | २. निजी क्षेत्रको औद्योगिकीकरणकालागि सडक पहुँच मार्ग,विद्युत,पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ । |
| **३.२**: आर्थिक विकास र समृद्धिको संबाहकको रूपमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने । | १. निजी क्षेत्रको लगानी बृद्धि गर्न सरकारको तर्फबाट पूर्वाधारका क्षेत्रमा लगानी गरी वातावरण सिर्जना गरिनेछ ।<br>२. निजी क्षेत्रको लगानीलाई सहयोग पुग्ने गरी सार्वजनिक,निजी साझेदारीको अवधारणा अनुरूप परिपूरक लगानी गरिनेछ । |
| **३.३**: लगानीमैत्री वातावरण निर्माण गर्न विभिन्न सुविधाहरूको व्यवस्था गर्ने। | १. लगानीकर्ताहरूकालागि प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।<br>२. लगानीकर्ताहरूकालागि सहज कर्जा उपलब्ध गराउन पहल गरिनेछ । |

### ४.६ अपेक्षित उपलब्धि

निजी क्षेत्र व्यवसायिक र सामाजिक संस्थागत उत्तरदायित्व वहन प्रति उत्प्रेरित भएको हुनेछ । योजनाको अन्त्यमा सार्वजनिक,निजी र सहकारी क्षेत्रका बीचमा नतिजामुखी साझेदारी एवम् सहकार्य भएको हुनेछ । सार्वजनिक क्षेत्रबाट नीति विधि तर्जुमा गरिएको हुनेछ ।

## खण्ड पाँचः अन्तर सरकारी वित्त हस्तान्तरण

### ५.१ पृष्ठभूमि

प्रदेश तथा संघीय सरकारले आर्थिक, सामाजिक, भौतिक विकासमा समानता कायम गर्न आयोजना तथा कार्यक्रमहरू सशर्त अनुदानको रूपमा हस्तान्तरण गर्ने कार्यको समेत सुरुवात भएको छ । नेपाल सरकारले संविधानले तोकेको स्थानीय निकायको खर्च जिम्मेवारी पुरा गर्न वित्तीय समानीकरण अनुदान प्रदान गर्ने गरेको छ । यसका साथै पालिकाको माग बमोजिम सहलगानीमा आयोजना सञ्चालन गर्न समपूरक अनुदान प्रदान गरिएको छ । राष्ट्रिय औसत भन्दा कम सामाजिक विकास भएका क्षेत्रमा आधारभूत सुविधा पुर्‍याउन खानेपानी,शिक्षा,स्वास्थ्य जस्ता क्षेत्रमा विशेष अनुदानको रूपमा समेत् रकम प्राप्त हुने गरेको छ । यी चार प्रकारका अनुदानहरू गाउँपालिकाको आयका प्रमुख स्रोतको रूपमा रहेका छन् ।

### ५.२ प्रमुख समस्या

आवश्यकता पहिचान गर्न कठिनाइ रहेकाले आवश्यकताको मात्रा र राजस्व क्षमता अनुरूप सशर्त र समपूरक अनुदान प्राप्त नभई नेपाल सरकारको क्षमता अनुसारको अनुदान प्राप्त हुनु, विशेष अनुदान प्रदानगर्नकोलागि वस्तुगत अवस्था विश्लेषण गर्न सूचना/तथ्याङ्कको अभाव रहनु, अनुमानको आधारमा समानीकरण अनुदान उपलब्ध गराइनु, स्थानीय तहले प्राप्त गर्ने अनुदानहरू आवश्यकता अनुरूप भन्दा क्षमता अनुरूप प्रदान गर्ने बाध्यता मौजुदा रहनु साथै समपूरक र विशेष अनुमानको निम्ति उपयुक्त परियोजना छनौट र समयमै परियोजनाको माग हुन नसक्नु यस गाउँपालिकाका समस्याहरू हुन् ।

### ५.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. संघ,प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी कार्य विस्तृतीकरण गरी प्रभावकारी रूपमा सञ्चालन गर्न अनुदान हस्तान्तरणको वैज्ञानिक पद्धतिको विकास गर्नु ।
२. एउटै कार्यक्षेत्र तथा कतिपय कार्य जिम्मेवारीमा दोहोरोपना रहेकाले कार्य जिम्मेवारी अनुरूप अनुदान वितरणलाई आवद्धता गर्नु ।

**<u>अवसर</u>**

१. स्थानीय आवश्यकता र प्राथमिकतामा रही आयोजना तथा कार्यक्रम प्रस्ताव गरी कार्यान्वयनकालागि अनुदान प्राप्त गर्ने ।
२. मुलुकको संघीय संरचना अनुरूप स्थानीय निकायको वित्तीय क्षमता र कार्य जिम्मेवारीलाई आधार मानी नेपाल सरकारबाट अनुदान हस्तान्तरण हुने ।

३. सरकारका बीचमा आयोजना एवम् सहलगानीका माध्यमबाट सहकार्य गर्ने ।

४. विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सहयोग हुने किसिमले संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने ।

## ५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"गन्यापधुराको समृद्धिमा प्रभावकारी एवम् समतामुलक अन्तर सरकारी वित्त हस्तान्तरणको परिचालन"

**लक्ष्य**

वित्तीय हस्तान्तरणका माध्यमबाट प्राप्त सबै प्रकारका अनुदानको प्रभावकारी उपयोग गरी गाउँपालिकाको विकास गर्नु।

**उद्देश्य**

१. प्रदेश तथा संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम त्यसका मर्म र उद्देश्य अनुरूप गाउँपालिकाको समृद्धिमा उपयोग गर्नु ।

## ५.५ रणनीति तथा कार्यनीति

**तालिका १५: अन्तर सरकारी वित्त हस्तान्तरणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: प्रदेश तथा संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम गाउँपालिकाको समृद्धिमा उपयोगगर्नु ।** | |
| **५.१.१:** आर्थिक तथा सामाजिक विकासका सूचना तथा तथ्याङ्क विकास गरी वित्तीय हस्तान्तरण प्राप्तिको प्रयासकालागि उपयोग गर्ने । | १. आर्थिक तथा सामाजिक विकासका सूचना तथा तथ्याङ्क प्रणाली विकास गरी वित्तीय हस्तान्तरणकोलागि उपयोग गरिनेछ ।<br>२. आयोजना बैंक तयार गरी प्रदेश तथा संघीय सरकारसँग उपयुक्त अनुदान माग गर्न सक्ने सूचना प्रणालीको विकास गरिनेछ । |
| **५.१.२:** नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको रकम उद्देश्य अनुरूपको आयोजना तथा कार्यक्रममा लगानी गर्ने । | १. नेपाल सरकारबाट प्राप्त अनुदानको रकम माग भएको कार्यक्षेत्र र प्रदान गरिएका आयोजना कार्यक्रम विशेषमा उपयोग गरिनेछ । |
| **५.१.३:** गाउँपालिकाका आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरी अनुदान हस्तान्तरणको प्रक्रियामा सहजीकरण गर्ने । | १. स्थानीय तहलाई प्राप्त हुने वित्त हस्तान्तरण प्रक्रियालाई वैज्ञानिक बनाउन गाउँपालिकासँग सम्बन्धित आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरिनेछ । |

## ५.६ अपेक्षित उपलब्धि

प्रदेश तथा संघीय सरकारले गन्यापधुरा गाउँपालिकालाई उपलब्ध गराउने वित्तीय हस्तान्तरण प्रक्रिया व्यवस्थित हुनेछ । गाउँपालिकासँग सम्बन्धित आर्थिक सामाजिक विकासका सूचक अद्यावधिक गरिनेछ । गाउँपालिकालाई उपलब्ध भएको वित्तीय हस्तान्तरणको समुचित सदुपयोग भएको हुनेछ ।

## परिच्छेद पाँचः आर्थिक विकास

## खण्ड एकः कृषि तथा पशुपन्छी विकास र खाद्य सुरक्षा

### १.१ पृष्ठभूमि

गन्यापधुरा गाउँपालिकाका नागरिकहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । तरकारी तथा अमिलो जातका फलफुल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ । कृषिको यान्त्रिकरण तथा उन्नत जातका बिउको प्रयोगको थालनी भएसँगै यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

### १.२ प्रमुख समस्या

प्रायः जसो कृषि भूमि पाखो वा भिरालो रहनु, जलवायु परिवर्तनका अतिबृष्टि, अनाबृष्टि, बेमौसमी वर्षा, खडेरी तथा असिना लगायतका असरका कारण अपेक्षित उत्पादन हुन नसक्नु यस पालिकाको कृषि विकासका मुख्य समस्याहरू हुन् । त्यसैगरी परम्परागत कृषि प्रणाली यथावत रहनु, उत्पादित वस्तुको बजार व्यवस्थापन गर्न नसक्नु, व्यवसायिक खेतीको विकास पर्याप्त नहुनु, कृषि तथा पशुपालनमा प्रविधिको प्रयोग न्युन हुनु, उत्पादन र पर्याप्त बजारीकरणको अभावले गर्दा कृषि कार्यमा रुची कमी हुँदै जानु, युवा जनशक्ति वैदेशिक रोजगारीमा आकर्षित हुनु, कृषिजन्य जमिन पूर्वाधार तथा बस्ती विकासकालागि प्रयोग हुनु, उन्नत जातका विउ, नस्लको पहुँचको अभाव पनि कृषि तथा पशुपालन विकासका समस्याका रुपमा रहेका छन् ।

### १.३ चुनौती र अवसर

**चुनौती**

१. कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन भएकोले कृषि व्यवसायतर्फ आर्कषण गरी कृषकको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सक्ने स्थितिको निर्माण तुरुन्त गर्नुपर्ने ।
२. कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीको अन्त्य गरिनुपर्ने ।
३. अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहरो भू-स्वामित्वको स्थिति मौजुदा रहनु।
४. कृषिजन्य वस्तुहरूको उत्पादन र वितरणलाई लागत—प्रभावी बनाउन नसक्नु ।
५. आधुनिक कृषि प्रविधिमा पर्याप्त पहुँच नहुनु ।
६. कृषि पेशालाई सम्मानजनक र व्यवसायिक रूपमा स्थापित गर्न नसक्नु ।

**अवसर**

१. उपलब्ध खेती तथा पशुपालन योग्य जमिनको सदुपयोगबाट यथेष्ठ कृषि उपज हुन सक्ने ।
२. पानीका स्रोतहरूको उचित व्यवस्थापन गरी सिंचाइको सुनिश्चितता गर्न सकिने ।
३. पशुपालन तथा अर्गानिक खेतीको प्रवर्द्धन गरी उत्पादकत्व बढ्नका साथै सन्तुलित पौष्टिक आहारको सुनिश्चितता हुने ।
४. खेतीयोग्य क्षेत्रमा सडकको पहुँच तथा सडक सञ्जालको द्रुत विकासका कारण उत्पादित उपजहरूको बजारको पहुँच सहज हुने ।
५. विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जाने।
६. कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिको उपयोग र सिंचाइ सुविधामा विस्तार सँगै परम्परागत निर्वाहमुखी कृषि प्रणाली आधुनिक व्यवसायिकता तर्फ अग्रसर हुने ।

## १.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"व्यवसायिक कृषि तथा पशुपालनमा सुधार — गन्यापधुरा समृद्धिको आधार"

**लक्ष्य**

कृषिको आधुनिकीकरण एवम् व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी गाउँपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउदै निर्यात प्रवर्द्धन गर्नु ।
५. गाउँपालिकालाई कुपोषण मुक्त बनाउनु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका १६: कृषिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु ।** | |
| **१.१:** कृषि क्षेत्रको उत्पादकत्व बृद्धि र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>२. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यवसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिंचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे, आदि)मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>४. कृषिमा आधुनिकीकरणका लागि आवस्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| **२.१:** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (कोदो, च्याउ, सुन्ताला, अदुवा, कफी) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |

| | |
|---|---|
| | ७. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी गाउँपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।** | |
| **३.१ः** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा बृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व बृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| **उद्देश्य ४ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **४.१ः** कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यवसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यवसायिक पशुपन्छी पालनका साथै ट्राउट जातका माछा पालन तथा मौरी पालनका कालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६. प्रत्येक वार्डमा पशु प्राविधिकको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५ः गाउँपालिकालाई कुपोषणको मुक्त बनाउनु ।** | |
| **५.१ः** गाउँपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

## १.६ प्रमुख कार्यक्रम

### <u>कृषि उत्पादन र उत्पादकत्व</u>

१. शीत भण्डारण निर्माण
२. तरकारी खेती प्रवर्द्धन कार्यक्रम / एक घर एक टनेल
३. कृषि उपज संकलन केन्द्र निर्माण एवम् हाट बजार व्यवस्थापन
४. कृषि नमुना केन्द्र निर्माण
५. कृषि यान्त्रिकरण कार्यक्रम

६. बिज भण्डारण तथा वितरण केन्द्र
७. कृषि प्राविधिक विद्यालय व्यवस्थापन
८. दलहन (भटमास-गहत) खेती प्रवर्द्धन कार्यक्रम
९. अदुवा/बेसार खेती प्रवर्द्धन कार्यक्रम
१०. रैथाने जातका (काकुनो) बाली संरक्षण कार्यक्रम
११. अमिलो प्रजातीको फलफुल प्रवर्द्धन कार्यक्रम (वार्ड नं. १ र २-कृषि नमुना क्षेत्र)
१२. कृषि एम्बुलेन्स
१३. टिमुर/दालचीनी खेती प्रवर्द्धन कार्यक्रम
१४. ओखर/स्याउ खेती प्रवर्द्धन कार्यक्रम

**पशुपालन**

१. भैंसी पालन पकेट क्षेत्र कार्यक्रम
२. बाख्रा पालनकोलागि व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम
३. एक वडा एक दुग्ध सङ्कलन केन्द्र
४. खोर तथा गोठ सुधार कार्यक्रम
५. पशु बिमा कार्यक्रम
६. गड्डी भैंसी संरक्षण कार्यक्रम
७. पशुपालन यान्त्रीकरण कार्यक्रम
८. नश्ल सुधार कार्यक्रम
९. उन्नत जातको घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम

**पोषण तथा खाद्य सुरक्षा**

१. उपाध्यक्षसँग सुत्केरी कार्यक्रम (रु. २५०० प्रति सुत्केरी)
२. हरेक वडामा वार्षिक रुपमा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन
३. सुनौला हजार दिनका आमा सहायता कार्यक्रम

### १.७ अपेक्षित उपलब्धि

कृषि उत्पादन र उत्पादकत्व बृद्धि भई गाउँपालिका कृषि उपजमा आत्मनिर्भर भएको हुनेछ । निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यवसायिक प्रणालीमा रुपान्तरण हुनेछ । कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी बृद्धि हुनेछ ।व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । गाउँपालिकामा कुपोषण मुक्त पालिका बन्नेछ ।

## खण्ड दुईः सिंचाइ तथा जलस्रोत

### २.१ पृष्ठभूमि

यस गाउँपालिकामा खासै ठुला नदी नभएतापनि लमखेती गाड, सकायल गाड, कोराल गाड, रुमायल गाड, रेल गाड लगायत साना साना खोलाहरु रहेका छन । ति मध्ये रेल गाडबाट १४ किलोवाट क्षमताको लघु जलविद्युत उत्पादन र अन्य खोलाहरुवाट खानेपानी तथा सिंचाईको लागि पानी प्रयोग भएको देखिन्छ । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धी साथै पशुहरूको अत्यधिक चरीचरन र उपयोगले प्राकृतिक तालतलैयाहरू भू—क्षय भई पुरिने र सुक्ने क्रम जारी छ ।

### २.२ प्रमुख सम्स्या

कृषि योग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयास्र सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ३.३ चुनौती र अवसर

<u>चुनौती</u>

१. पहाडी र जटिल भू-धरातल भएकाले सिंचाइ योजना निर्माण खर्चिलो र कठिन
२. कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलव्ध गराउन नसक्नु,
३. कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु,
४. सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु,
५. स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु,
६. सिंचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु,

<u>अवसर</u>

१. सिंचाइकालागि प्रयास्र स्रोतहरूको उपलव्धता
२. आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु
३. साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु
४. साना सिंचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु
५. गाउँपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु
६. सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलव्धता ।

### २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

<u>दीर्घकालीन सोच</u>

"दिगो सिंचाइको पूर्वाधार, उत्पादन र उत्पादकत्व बृद्धिको मूल आधार"

<u>लक्ष्य</u>

सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

## २.५ रणनीति र कार्यनीति

**तालिका १७: सिंचाईका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।** | |
| १.१: परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२: आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिंचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ ।<br>११.सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |
| २.१: खेतीयोग्य जमिन भएको तर सिंचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाइको पहुँच बृद्धि गरिनेछ । | १. सिंचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिंचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२: दिगो सिंचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिंचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिंचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा बृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ४. सिंचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिंचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

## २.६ प्रमुख कार्यक्रम

१. लिफ्ट सिंचाइकोलागि संभाव्यता अध्ययन
२. सकायल ठूलो सिंचाइ कुलो निर्माण (१.५ कि.मि.)
३. लामाडाँडा सिंचाइ कुलो मर्मत संभार (५ कि.मि.)
४. रिठ्ठा कुलो सिंचाइ मर्मत (२ कि.मि.)
५. गणेशपुर लिफ्ट सिंचाइ आयोजना (५०० मि.)
६. मालम सिंचाइ कार्यक्रम (४ कि.मि.)
७. गन्याप ताल-महालेक-गणेशपुर सिंचाइ परियोजना (१५ कि.मि.)
८. अल्लाडीगडा सिंचाइ कुलो निर्माण/स्तरउन्नती (६ कि.मि.)
९. गड्जौला लिफ्ट सिंचाइ कार्यक्रम (१०० मि.)
१०. पढन्तोला लिफ्ट सिंचाइ कार्यक्रम (६० मि.)
११. सेल्तडा लिफ्ट सिंचाइ कार्यक्रम (१०० मि.)
१२. देउचन लिफ्ट सिंचाइ कार्यक्रम (३०० मि.)
१३. साझीवाटा लिफ्ट सिंचाइ कार्यक्रम (३०० मि.)
१४. गन्नी लिफ्ट सिंचाइ कार्यक्रम (३०० मि.)
१५. चिम्का सिंचाइ निर्माण (२.५ कि.मि.)
१६. सिंचाइ कुलो मर्मत संभार कार्यक्रम
१७. कोठेईगाड-सुनी-मटयाल सिंचाइ कार्यक्रम (४ कि.मि.)
१८. मतकट्टे तल्लो गाउँ खानेपानी योजना (८ कि.मि.)
१९. चम्खेत सिंचाइ तथा खानेपानी योजना (३ कि.मि.)

## २.७ अपेक्षित उपलब्धि

परम्परागत सिंचाइ संरचनामा सुधार भई नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान भएको हुनेछ । कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि भई दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन भएको हुनेछ ।

## खण्ड तीनः वन, भू-संरक्षण तथा खनिज सम्पदा

### ३.१ पृष्ठभूमि

यस गाउँपालिकामा कुल क्षेत्रफल १३५.४८ वर्ग कि.मि. मध्ये ९६.५२२८ प्रतिशत वन तथा झाडी क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ । यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिमल, जामुन वर, पीपल, बेल, अमला, सल्लो,टुडी, आँप, कटहर, लिची, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, साज, सादन, हर्रो—बर्रो, सान्दन, आदी वोटविरुवाहरु पाइन्छ । यसै गरी घिस्रने जन्तुहरूमा करेत, हरेउ, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्

गन्यापधुरा गाउँपालिका खनिज सम्पदाका अनेक सम्भावनाहरूकोलागि धनी गाउँपालिका हो । यस गाउँपालिकाका विभिन्न ठाउँमा फलाम, तामा, सिसा र निर्माण सम्बन्धी खनिजहरू रहेको अनुमान गरिएको छ । यस गाउँपालिकामा रहेका भौगर्भिक विविधताका कारण विभिन्न खानी तथा खनिज उद्योगहरूको प्रचुर सम्भावना रहे तापनि उत्खनन र सदुपयोग हुन नसकेको पाइन्छ । नदीजन्य पदार्थको सङ्कलन तथा उत्खननबाट पालिकको आयस्रोतमा उल्लेख्य योगदान गरेको देखिन्छ साथै विभिन्न ठाउँमा रहेका ढुङ्गा खानीलाई व्यवस्थित गर्न सके पालिकाको आयस्रोत अझ मजबुत हुने देखिन्छ ।

### ३.२ प्रमुख समस्या

उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिनु, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास र खण्डीकरण हुनु, मानव-वन्यजन्तु द्वन्द्व रहनु, वन तथा भूसंरक्षणका लागि दक्ष जनशक्ति उपलब्ध नहुनु, वन तथा भूसंरक्षणबारेको राम्रो ज्ञान नहुनु, जनचेतनाको अभाव र लापरवाहीबाट डढेलो लाग्नु वन तथा भू संरक्षण क्षेत्रका केही समस्याहरू हुन् । त्यसैगरी महत्त्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसक्नु, उत्पादित काठको व्यवसायिक प्रयोग नहुनु, नियमित रूपमा फडानीबाट प्राप्त हुने आम्दानी बाहेक सामुदायिक वनका अन्य आर्थिक स्रोत नहुनु, जडीबुटी निकासी गर्न कानुनी समस्या रहनु, डिभिजन तथा सबडिभिजन वन कार्यालयबाट यथेष्ट अनुगमन नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।खनिज पदार्थको वैज्ञानिक सर्वेक्षण नहुनु, सङ्कलन र उत्खननका लागि कानुनी जटिलता रहनु जस्ता समस्या खनिजसँग सम्बन्धित रहेका छन् ।

### ३.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. वनमा लाग्ने डढेलो नियन्त्रण गर्न नसक्नु ।
२. वन संरक्षणकालागि स्थानीय तहमा क्षमता र जिम्मेवारी बृद्धि नहुनु ।
३. भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन नहुनु।
४. दक्ष जनशक्तिको अभाव हुनु।
५. स्थानीय नागरिकमा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी हुनु ।

**<u>अवसर</u>**

१. प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरू प्रशस्त भएकाले वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने ।
२. जडीबुटीहरूको बजारको राम्रो सम्भावना ।
३. प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुन गई पर्यटन व्यवसायको विकास हुने ।
४. समुदायमा आधारित वन व्यवस्थापन मार्फत् स्थानीय नागरिकको जीवनयापन सहज हुने ।

५. वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिने ।

## ३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"प्राकृतिक सम्पदाको संरक्षण एवम् दिगो उपयोग नै गाउँपालिकाको दिगो विकासको आधार"

### लक्ष्य

वन तथा खनिज सम्पदाको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

### उद्देश्य

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।
२. वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी व्यवसायीकरण गर्नु ।
३. भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्नु ।
४. खनिज सम्पदाको पहिचान, अनुसन्धान तथा डाटाबेस तयार गरी खनिज सम्पदाको संरक्षण तथा दिगो उपयोग गर्नु ।
५. खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन सम्बन्धी संस्थागत विकास र क्षमता अभिवृद्धि तथा भू—सम्वेदनशील क्षेत्रको सुरक्षा तथा वातावरण संरक्षण गर्नु ।

## ३.५ रणनीति र कार्यनीति

**तालिका १८ः वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।** | |
| **१.१ः** समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय नागरिकलाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारवार गरिनेछ ।<br>३. गाउँपालिकाभित्रका खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. गाउँपालिकाभित्र वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय नागरिकलाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट वन उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २ः वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी व्यवसायीकरण गर्नु ।** | |
| **२.१ः** वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायिकरण गर्ने । | १. वनभित्रका मृत, क्षतिग्रस्त र रोगग्रस्त रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा बजारीकरण गरिनेछ ।<br>४. गाउँपालिका क्षेत्रभित्र जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय नागरिकलाई प्रेरित गरिनेछ । |
| **२.२ः** स्थानीय स्तरका सरोकारवालाहरूबीच समन्वय कायम गर्ने । | १. निकटका स्थानीय तह, सबडिभिजन वन कार्यालय तथा जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरूसँग गाउँपालिकाले समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्नु ।** | |

| | |
|---|---|
| **३.१ः** जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व बृद्धि गर्ने । | १. सडकको वरपर भूक्षय रोक्न अम्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ ।<br>२. कृषियोग्य जमिनलाई पहिरोबाट जोगाउन तटबन्ध गर्ने,ग्याभिन जाली भरिनेछ । |
| **उद्देश्य ४ः खनिज सम्पदाको पहिचान, अनुसन्धान तथा डाटाबेस तयार गरी खनिज सम्पदाको संरक्षण तथा दिगो उपयोग गर्नु ।** | |
| **४.१ः** खानी तथा खनिज पदार्थ उत्खनन, प्रशोधन र उद्योग स्थापनामा भरपर्दो वातावरण तयार गरी लगानी बृद्धि गर्ने । | १. खानी तथा खनिजजन्य पदार्थ रहेका क्षेत्रको पहिचानका लागि सर्वेक्षण गरी डाटाबेस तयार गरिनेछ ।<br>२. खनिज उत्खनन तथा प्रशोधन सम्बन्धी विज्ञ विशेषज्ञ तथा प्राविधिकहरूलाई अध्ययन-अनुसन्धानकालागि प्रोत्साहन गरिनेछ ।<br>३. खानी उत्खननका लागि सम्भाव्य स्थानमा वातावरणीय प्रभाव अध्ययन गराइनेछ ।<br>४. खानी तथा खनिजजन्य पदार्थ रहेका क्षेत्रमा वातावरण संरक्षण गरी पहिचान भएका खनिज पदार्थको उत्खननका लागि पहल गरिनेछ।<br>५. खानी तथा खनिज उत्खनन उद्योग स्थापनामा सरकारी लगानी बृद्धि गरिनेछ । |
| **उद्देश्य ५ः खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन सम्बन्धी संस्थागत विकास र क्षमता अभिवृद्धि तथा भू—सम्वेदनशील क्षेत्रको सुरक्षा तथा वातावरण संरक्षण गर्नु ।** | |
| **५.१ः** खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन सम्बन्धी व्यवसायिक योजना तयार गरी संस्थागत विकासका परियोजनाहरू निर्धारण गर्ने । | १. खनिजको उत्पादनमा बृद्धि गरी कुल ग्रार्हस्थ्य उत्पादनमा खनिज क्षेत्रको योगदान बढाइनेछ ।<br>२. खानी तथा खनिजजन्य पदार्थको विस्तृत सदुपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>३. खानी क्षेत्रको अध्ययन गरी सहकारी र निजी लगानीको परियोजनाहरू निर्धारण गरिनेछ ।<br>४. सम्भाव्यताको आधारमा खनिज उत्खनन र प्रशोधन उद्योगमा सरकारी, निजी तथा सहकारी क्षेत्रको लगानी बढाइनेछ ।<br>५. खानी तथा खनिजजन्य वस्तुको वर्गीकरण गरी सरकारी र निजी लगानीका क्षेत्रहरू छुट्याइनेछ ।<br>१. खनिज उत्खनन तथा प्रशोधन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ । |

## ३.६ प्रमुख कार्यक्रम

१. पूर्वाधार निर्माणका कारण क्षती भएका वनस्पतिको पुनर्भरण गर्ने (१ क्षती — २ परिपुर्ती)
२. गन्याप ताल-लेकमा पेट्रोल खानी सम्भाव्यता अध्ययन
३. सार्वजनिक खाली जग्गा तथा सडक किनारा हरियाली कार्यक्रम (वार्षिक ५००० बृक्षारोपण)
४. काठको चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण कार्यक्रम
५. ठुलाखोला-तातोपानी-गनेडा क्षेत्रको ढुङ्गा खानी उत्खनन् कालागि वातावरणीय अध्ययन
६. बामन गाउँ-रिठ्ठा खनीज पदार्थ सम्भाव्यता अध्ययन (तामाखानी)
७. वन्यजन्तुबाट हुने अतिक्रमण नियन्त्रण कार्यक्रम

## ३.७ अपेक्षित उपलब्धि

स्थानीय वनको संरक्षण भई वनको कुल क्षेत्रफलमा बृद्धि भएको हुनेछ ।वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । खनिज सम्पदाको पहिचान, अनुसन्धान तथा डाटाबेस तयार गरी खनिज सम्पदाको संरक्षण तथा दिगो उपयोगको आधार तयार भएको हुनेछ । खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन सम्बन्धी संस्थागत विकास र क्षमता अभिवृद्धि तथा भू—सम्वेदनशील क्षेत्रको सुरक्षा तथा वातावरण संरक्षण भएको हुनेछ ।

## खण्ड चारः उद्योग, वाणिज्य तथा आपूर्ति

### ४.१ पृष्ठभूमि

उद्योग तथा वाणिज्य अर्थतन्त्रको महत्त्वपूर्ण आधार हो । नेपालको संविधानले तुलनात्मक लाभको क्षेत्रको पहिचान गरी उद्योग विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने,वैदेशिक पुँजी आकर्षित गर्ने,औद्योगिक पूर्वाधार विकास गर्ने,स्थानीय श्रम र सीपको उपयोग गर्ने,व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवम् उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू गाउँपालिकाको कार्यक्षेत्रमा पर्दछन् ।

वर्तमान अवस्थामा यस गाउँपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवम् कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि गाउँपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ । यस गाउँपालिकामा फर्निचर उद्योग, ग्रील उद्योग, कागज उद्योग, कुटानी पिसानी मिलहरू, सिलाइ एवम् बुनाइ उद्योग, होटल एवम् लजहरू, मेटल उद्योग आदि गरेर करिव ४५ वटा विभिन्न उद्योगहरू विधिवत रूपमा घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएर सञ्चालनमा रहेका छन् ।

### ४.२ प्रमुख समस्या

उद्योगहरू सञ्चालन गर्न पर्याप्त सीपयुक्त जनशक्ति र पुँजीको अभाव, उद्योगकोलागि आधारभूत सेवाहरू जस्तो यातायात, बिजुली पर्याप्त सुविधा नहुनु, विश्वव्यापीकरणका कारण स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न नसक्नु, गाउँपालिकामा आफ्नै वाणिज्य तथा व्यापार सम्बन्धी स्पष्ट नीति, नियम, कानुन तथा संगठनात्मक संरचना नहुनु, प्रतिस्पर्धात्मक क्षमतामा सुदृढीकरण हुन नसक्नु आदि यस गाउँपालिकामा उद्योग तथा वाणिज्य विकासमा विद्यमान समस्याहरू हुन् ।

### ४.३ चुनौती र अवसर

**चुनौती**

१. औद्योगिक विकासका लागि आवस्यक पूर्वाधारको अभाव हुनु तथा औद्योगिक उत्पादनमा गुणस्तरीयता नहुनु ।
२. सञ्चालित उद्योगहरू उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी नहुनु ।
३. विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्न नसक्नु।
४. दक्ष जनशक्तिको अभाव,बजार व्यवस्थापन, आवश्यक पुँजीको जगेर्ना, उपलब्ध अवसरहरूको कमी हुनु।
५. निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङको उचित प्रबन्ध नहुनु ।
६. कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुन नसक्नु तथा विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्न नसक्नु ।

**अवसर**

१. साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुने ।
२. उद्योगको विकासबाट भौतिक,आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने ।
३. उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाईंसराइ कम भई स्व—स्थानको विकासमा समुदायहरू समर्पित हुने ।
४. स्थानीय कच्चा पदार्थको सदुपयोग हुने ।
५. पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्ने।

### ४.४ दीर्घकालीन सोच लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

"स्थानीय स्रोत साधनमा आधारित उद्योगबाट रोजगारी प्रवर्द्धन तथा अर्थतन्त्रमा टेवा"

**लक्ष्य**

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा बृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्न सहयोग गर्ने ।

**उद्देश्य**

१. गाउँपालिकाभित्र उद्यमशीलताको प्रोत्साहन गर्दै लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनाबाट रोजगारीका अवसर सिर्जना गर्नु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।
५. गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।

### ४.५ रणनीति र कार्यनीति

**तालिका १९: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाभित्र उद्यमशीलताको प्रोत्साहन गर्दै लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनाबाट रोजगारीका अवसर सिर्जना गर्नु ।** | |
| **१.१:** गाउँपालिकामा स्थापना तथा सञ्चालन हुने उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने । | १. गाउँपालिकामा उद्योग स्थापना, सञ्चालन तथा अनुगमनकालागि आवश्यक नीति निर्माण तथा कार्यान्वयन गरिनेछ।<br>२. गाउँपालिकाको उपयुक्त स्थानमा एकिकृत उद्योगको स्थापनाकोलागि पहल गरिनेछ ।<br>३. औद्योगिक क्षेत्रकालागि आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा जोड दिइनेछ ।<br>४. उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको प्रवर्द्धन गर्न व्यवसाय मञ्चको स्थापना गरिनेछ । |
| **१.२:** स्थानीय स्रोत एवम् सीपको उपयोग भौगोलिक स्थितिको अध्ययन गरी लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने । | १. गरिबी निवारणकालागि लघु उद्यम विकास कार्यक्रमलाई सबै वडाहरूमा विस्तार गर्दै लगिनेछ ।<br>२. एक वडा एक विशेष उत्पादन (पुष्प, कफी, मह, हस्तकला, माछापालन) सम्बन्धी उद्योग स्थापना कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।<br>३. पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु हाड छाला वा उन प्रशोधन लगायतका वस्तुहरूको उद्यमशीलता प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| **२.१:** स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा (कोदो, ऐंसेलु आदि) वाइन डिस्टीलरी स्थापना र व्यवसायिक उत्पादन गरी वाइन उद्योग सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्नेकार्यलाई प्रोत्साहन गरिनेछ ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।** | |

| | |
|---|---|
| **३.१**: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन,प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| **४.१**: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा बृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना,घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य ५: गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| **५.१**: अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |

## ४.६ प्रमुख कार्यक्रम

१. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना सहायता कार्यक्रम
२. औद्योगिक ग्राम स्थापना
३. सबै प्रकारका स्थानीय उद्योग-व्यवसायको सहज दर्ता तथा नियमित अनुगमनको व्यवस्था
४. उद्योग-व्यवशाय सञ्चालनकालागि स्थानीय आवस्यकता अनुरुपको कार्यविधि निर्माण
५. एक वडा एक शुपथ मुल्य खाद्यान्न पसल
६. क्रसर उद्योग स्थापना

## ४.७ अपेक्षित उपलब्धि

गाउँपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु,घरेलु,साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । उत्पादित बस्तुहरूको बिक्रि वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ ।

## खण्ड पाँचः पर्यटन

### ५.१ पृष्ठभूमि

यस गाउँपालिका धार्मिक–सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । दृश्यावलोकन, पर्यापर्यटन, जल पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, होमस्टे, ट्रेकिङ, स्थानीय मौलिक मगर जातिको कला र संस्कृतिको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ । यस क्षेत्रकै उत्कृष्ट पर्यटकीय गन्तब्यका रुपमा चर्चामा रहेको प्रसिद्ध गन्यापताल र शिखर लेकमा पर्यटनको व्यापक विकास गर्न सकिने देखिन्छ ।

यस गाउँपालिकामा पनि नेपालका अन्य पहाडी भेगमा झैं रमणीय डाँडाकाँडा, सुन्दर हिमालका दृश्य, धार्मिक मठमन्दिर, गुफा, ताल, कुण्ड, झरना, कला तथा सांस्कृतिक नाँचगान लगायतका सम्पदा छन् । अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । पर्यटनको हटस्पट हुँदाहुदै पनि उल्लेख्य पर्यटकहरूलाई यस पालिकामा भित्र्याउन सकेको छैन।

### ५.२ प्रमुख समस्या

पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई, पर्याप्त जानकारी नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगकालागि दक्ष जनशक्तिको अभाव, आधारभुत पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटन क्षेत्रको विकासकालागि कुनै पनि राष्ट्रिय–अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन नहुनु आदि यहाँका प्रमुख समस्याका रुपमा देखिएका छन् ।

### ५.३ चुनौती र अवसर

#### चुनौती

१. भौगोलिक बिकटताका कारण पर्यटकीय पूर्वाधार विकास खर्चिलो हुने ।
२. सम्पूर्ण पर्यटन क्षेत्रको विकासका आधारभूत पूर्वाधारहरू नै स्थापना र विकास गर्नुपर्ने ।
३. युवावर्ग विदेश जाने क्रम अत्यधिक हुँदा पर्यटन विकासकालागि आवस्यक मानव स्रोत संसाधन व्यवस्थापन गर्न गाह्रो हुने ।
४. ठूला योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपुरो हुने।
५. बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुने ।

#### अवसर

१. केन्द्रीय र प्रदेश सरकारका चालु आवधिक योजनामा पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिइने ।
२. राष्ट्रिय तथा प्रादेशिक प्रवर्द्धनात्मक कार्यक्रमबाट स्थानीय स्तरमा पर्यटन क्षेत्रतर्फ आकर्षण बढने।
३. घरबास लगायतका पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुने ।
४. स्थानीय उत्पादनको बजारीकरण हुने ।
५. स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुने साथै होमस्टेकालागि स्थानीय समुदाय तत्पर हुने।
६. खेल पर्यटन, जल पर्यटन, क्यामपिङ, योगा, ध्यान आदिका केन्द्रहरू स्थापना गरी स्वास्थ्य पर्यटनको विकास हुने ।

### ५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

#### दीर्घकालीन सोच

"गाउँपालिकाको दिगो विकासकालागि सुदृढ पर्यटन"

#### लक्ष्य

गाउँपालिकालाई आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

#### उद्देश्य

१. पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।

२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।

३. मानव संसाधन विकास गर्नु ।

४. स्रोतसाधनको व्यवस्थापन गर्नु ।

## ५.५ रणनीति र कार्यनीति

**तालिका २०: पर्यटनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| १.१: गाउँपालिकामा हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि गाउँपालिकाको पहलमा सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |
| १.२: गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा बितरण गरिनेछ ।<br>४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवस्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य २: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| २.१: पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| २.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |
| **उद्देश्य ३: मानव संसाधन विकास गर्नु ।** | |
| ३.१: गाउँपालिकाभित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य ४: अध्ययन अनुसन्धान गर्नु ।** | |
| ४.१: बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |

| | |
|---|---|
| ४.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ । |

## ५.६ प्रमुख कार्यक्रम

१. महाभारत क्षेत्रमा पर्या-पर्यटन प्रवर्द्धन कार्यक्रम
२. गन्यापताल संरक्षण तथा पर्यटकीय पुर्वाधार विकास
३. लाटागन्याप क्षेत्र विकास संरक्षण कार्यक्रम
४. लिङ्गाले-शिखर-गन्यापताल पर्यटकीय पदमार्ग निर्माण (५ कि.मि.)
५. कपर-सावा-शिखर-गन्यापताल पर्यटकीय पदमार्ग निर्माण (१५ कि.मि.)
६. रेल-असिग्राम-शिखर-गन्यापताल पर्यटकीय पदमार्ग निर्माण (१२ कि.मि.)
७. हगुल्टे- गन्यापताल पर्यटकीय पदमार्ग निर्माण (१५ कि.मि.)
८. सिमल-त्रिमरोडा-मालीगाउँ-भूवाकोट-बडाल पर्यटकीय पदमार्ग निर्माण (३ कि.मि.)
९. जाइकोट गुफाको संरक्षण अध्ययन कार्यक्रम
१०. सुन्नेगाडा होमस्टे निर्माण
११. गन्यापताल लगायतका पर्यटकीय महत्त्वका क्षेत्र आसपासका होटल, रेष्टुरेन्ट तथा होमस्टे सञ्चालकलाई आथित्य सत्कार तथा पर्यटन व्यवशाय सञ्चालन तालिम
१२. धार्मिक तथा ऐतिहासिक पर्यटकीय केन्द्र तथा धार्मिक पर्यटन प्रवर्द्धन कार्यक्रम
१३. गन्यापताल क्षेत्र जाने बाटोमा हाइकिङ तथा होमस्टे निर्माण तथा व्यवस्थापन कार्यक्रम

## ५.७ अपेक्षित उपलब्धि

पर्यटन व्यवसायको गुणस्तर बृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । पर्यटन उद्योगकालागि आवस्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ ।

## परिच्छेद छः सामाजिक विकास

## खण्ड एकः शिक्षा

### १.१ पृष्ठभूमि

शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार भएकाले नेपालमा यसलाई कानुनमै अधिकारका रूपमा स्थापित गरिएको छ । संविधानले सबैलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा लिन पाउने हक प्रत्याभूति गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक समेत स्थापित गरेको छ । राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने रहेकोछ ।त्यसैले शिक्षा सम्बन्धी नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । त्यसैगरी दिगो विकास लक्ष्य ४ मा सन् २०३० सम्ममा सबैकालागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चित गर्ने उल्लेख छ। २०६८ को जनगणना अनुसार कुल साक्षरता ६८.३०%, पुरुष ८१.५७% र महिला ५८.६२% मात्र रहेको यस गन्यापधुरा गाउँपालिका पूर्ण साक्षर घोषित पालिका हो। सामाजिक आर्थिक रूपान्तरणको महत्त्वपूर्ण माध्यम शिक्षा "समृद्ध गाँउपालिका- सुखी नागरिक" भन्ने नारा यथार्थमा बदल्ने औजार हो।त्यसैले यहाँको दिगो विकास, स्वशासन एवम् नागरिक अधिकारको प्रत्याभूति, नागरिकको सन्तुष्टि सुनिश्चित गर्न यस प्रथम योजनामा शिक्षा क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

### १.२ प्रमुख समस्या

विद्यालयमा दरवन्दी र विषयगत शिक्षकको अभाव, विद्यालयमा सबैको समान पहुँच र निरन्तरताको अभाव, शैक्षिक सामाग्रीको अभाव, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु, बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनितीकरणको प्रभाव, आधुनिक सुचना प्रविधिको प्रयोग नहुनु यस पालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरू हुन्। साथै स्थानीय सम्भावना तथा प्रविधिसँग विद्यार्थीको रुचि/आवश्यकता तथा अभिभावकको अपेक्षालाई जोड्न नसकिनु, जस्ता समस्या पनि रहेका छन् ।

### १.३ चुनौती र अवसर

**चुनौती**

१. विद्यालयको भौतिक पूर्वाधार निर्माणकालागि पर्याप्त मात्रामा बजेटको अभाव हुनु ।
२. छरिएको बस्ती र भौगोलिक बिकटता रहनु ।
३. शिक्षाको प्रविधि र रोजगारीबीच तालमेल हुन नसक्दा शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु ।
४. शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु ।

**अवसर**

१. महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू रहनु ।
२. माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु ।
३. शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहनु ।
४. प्राविधिक तथा व्यवसायिक सीपप्रतिको युवाको आकर्षण रहनु ।
५. अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु ।
६. समृद्धिका मुख्य सम्बाहकका रुपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु ।

## १.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन"

**लक्ष्य**

गाउँपालिकामा सबैको गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका २१ः शिक्षाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| **१.१ः** विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. गाउँपालिका शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. गाउँपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गाउँपालिका मार्फत् गरिनेछ ।<br>४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ ।<br>९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नकालागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ। |
| **१.२ः** गुणस्तरीय शिक्षाकोलागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोडयुल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।<br>४. प्राविधिक तथा व्यवसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |

| | |
|---|---|
| **उद्देश्य २ः सर्वैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने। | १. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गरिनेछ ।<br>२. आवश्यक परेको ठाँउमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>३. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>४. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>५. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>६. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाकालागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>७. हेलचक्र्याइ गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई गाउँपालिकाबाट प्रदान गरिने सवै सुविधाबाट वञ्चित गरिनेछ । |
| २.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यवसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ।<br>३. गाउँपालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सवैकालागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ ।<br>५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण स्थानीय, टेलीभिजन तथा एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिनु ।** | |
| **३.१ः** आधारभूत तहमा प्राविधिक तथा व्यवसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यवसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ।<br>२. विद्यालय शिक्षामा निर्वाहमुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| **३.२ः** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा बृद्धि गर्ने । | १. गाउँपालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवस्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालन गरिनेछ।<br>२. सवै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाकालागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ४. माध्यमिक तह (कक्षा ११—१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४ः शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| ४.१ः उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासकालागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसंकाय क्याम्पस स्थापनाको पहलकालागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र कम्तीमा एउटा पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ। |
| ४.२ः विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राकालागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५ः संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाइनेछ ।** | |
| **५.१ः** संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ ।<br>२. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ ।<br>३. संस्थागत विद्यालयहरूको नियमनकालागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| **५.२ः** सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहाने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको बृद्धि गरिनेछ।<br>५. विद्यार्थीको रुचि, आवश्यकता र चाहानालाई ध्यानमा राखी स्थानीय समुदायको संस्कृति झल्किने खालका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।<br>६. आवस्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूकोउत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ।<br>७. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवस्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## १.६ प्रमुख कार्यक्रम

१. पालिकाको स्थानीय पाठ्यक्रम निर्माण - प्राथमिक तह
२. विद्यालयको घेराबार
३. शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम
४. विद्यालयको भौतिक पूर्वाधार (खानेपानी)को निर्माण तथा व्यवस्था
५. विद्यालयको भौतिक पूर्वाधार (शौचालय)को निर्माण तथा व्यवस्था
६. विद्यालयको भौतिक पूर्वाधार (इन्टरनेट)को जडान तथा व्यवस्था
७. विद्यालयको भौतिक पूर्वाधार (प्रोजेक्टर-ल्यापटप-स्मार्टबोर्ड)को व्यवस्था
८. थप शिक्षक व्यवस्थापन
९. उच्च शिक्षाका लागि एक कलेज स्थापना

१०. विद्यालयमा पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशालाको निर्माण

११. एक वडा—एक सार्वजनिक पुस्तकालय/सामुदायिक अध्ययन केन्द्र निर्माण

१२. कृषि प्राविधिक शिक्षाको पूर्वाधार विकास

१३. विद्यालयको नक्साङ्कन र मर्जिङ् सम्भाव्यता अध्ययन

**१.७ अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा कक्षा १ मा बालविकासको अनुभवसहितको विद्यार्थी भर्ना अनुपात शत प्रतिशत पुगेको हुनेछ । विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून हुनेछ । कम्तीमा एक प्राविधिक र व्यवसायिक विद्यालय सञ्चालनमा आएको हुनेछ । गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ ।

## खण्ड दुईः स्वास्थ्य तथा पोषण

### २.१ पृष्ठभूमि

स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ (नेपालको संविधान, धारा ३५, उपधारा १) ।त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ। त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न गन्यापधुरा गाउँपालिकाले यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

### २.२ प्रमुख समस्या

स्वास्थ्य चौकीका पूर्वाधार अपर्याप्त अवस्थामा रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध नभएको, भवन सबैलाई पायक पर्ने ठाउँमा नभएको, जनशक्तिको अभावमा पर्याप्त बर्थिङ् सेन्टर सञ्चालन गर्न नसकिएको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको पाइन्छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि रहेका छन् ।

### २.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु ।
२. रोगको निदान गर्नकोलागि न्युनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु ।
३. बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू,बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु ।
४. आवश्यकता अनुसार जनशक्ति र औषधीहरूको आपूर्ति बढाउन नसक्नु ।
५. भौगोलिक बिकटताले अपाङ्ग, बृद्ध, बृद्धालाई सहज पहुँच पुऱ्याउन नसक्नु ।
६. बदलिँदो अस्वस्थकर जीवनशैली तथा आहार-व्यवहारको अभ्यास रहनु ।

**<u>अवसर</u>**

१. संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको
२. प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको
३. स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको
४. मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको
५. स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको
६. सवैजसो वार्ड सडक सञ्जालमा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको

### २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता"

**लक्ष्य**

पायकपर्ने स्थानहरूमा भौतिक संरचना निर्माण गरी सेवा प्रवाहको क्षमतामा बृद्धि गर्ने ।

**उद्देश्य**

१. गन्यापधुराका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

३. थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।

## २.५ रणनीति र कार्यनीति

**तालिका २२: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गन्यापधुराका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |
| १.२: पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।** | |
| २.१: पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने । | १. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ।<br>४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |
| २.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३: थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| ३.१: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| **३.२:** गन्यापधुरा पालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |

## २.६ प्रमुख कार्यक्रम

१. जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम (कोभिड १९ व्यवस्थापन समेत)

२. विशेषज्ञ चिकित्सकको व्यवस्था

३. नागरिक स्वास्थ्य विमा प्रर्वद्धन कार्यक्रम

४. "सवैका लागि स्वास्थ्य" जनचेतनामुलक कार्यक्रम

५. आधारभूत तथा पुनर्ताजकी तालिम एवम् जनशक्ति व्यवस्थापन

६. सबै स्वास्थ्यचौकीमा ल्याबको व्यवस्था

७. स्वास्थ्यचौकी भवन निर्माण

८. स्वास्थ्यचौकी भवनको घेराबार

९. स्वास्थ्य शिविर सञ्चालन

१०. आर्युवेद औषधालय प्रर्वद्धन

## २.७ अपेक्षित उपलब्धि

सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि हुनेछ । गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बृद्धि हुनेछ । लगानी मैत्री वातावरण सिर्जना भई स्वास्थ्य सेवा प्रवर्द्धन हुनेछ ।

## खण्ड तीनः महिला र बालबालिका

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन गरी सोही अनुरूप नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। त्यसैगरी, दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । साथै सरकारको उच्च प्राथमिकतामा रहेको दिगो विकासका लक्ष्य मध्ये लक्ष्य ५ लैङ्गिक समानता तथा सशक्तीकरणसँग सम्बन्धित छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन २०७५ लागु गरिएको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाका साथै दिगो विकास लक्ष्यमा पनि बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यमा समावेश गरिएको छ । त्यसैले यस गापाले पनि यसलाई प्राथमिकता दिएको छ ।

### ३.२ प्रमुख समस्या

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन्। बालश्रम, किशोरीहरूको यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा आदि समस्याहरू पनि रहेका छन् ।

### ३.३ चुनौती र अवसर

**चुनौती**

१. आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्नु,
२. लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी स्थानीय शासन पद्धति कायम गर्नु,
३. महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु,
४. विकसित विश्वव्यापी मूल्य, मान्यता र वदँलिदो परिस्थितिलाई सम्बोधन हुने गरी बालअधिकारको संरक्षण र प्रवर्द्धनलाई प्रभावकारी बनाउनु,

**अवसर**

१. लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता
२. समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु
**३.** बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु

### ३.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"महिला र बालबालिकाको अधिकार, गन्यापधुरा विकासको एक आधार"

**लक्ष्य**

महिला तथा बालबालिका विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।

२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।

## ३.५ रणनीति र कार्यनीति

**तालिका २३: महिला तथा बालबालिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने । | १. गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |
| २.२: बालबालिकाको सहभागिता बृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा बृद्धि गरिनेछ । |
| २.३: बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्दै बालमैत्री पालिका घोषणा गरिनेछ । |

## ३.६ प्रमुख कार्यक्रम

**महिला**

१. लैङ्गिक हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रम
२. हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना र सुरक्षा गृह स्थापना
३. राहतकोषको स्थापना एवम् सञ्चालन
४. महिला उद्यमशीलताको विकासका लागि तालिम र व्यवसायिक केन्द्रको स्थापना
५. महिला उद्यमशीलताको विकासकालागि सहकारी स्थापना
६. GESI परिक्षण तथा बजेट कार्यन्वयन
७. महिला बालबालिकालाई मनोसामाजिक परामर्श कार्यक्रम

**बालबालिका**

१. बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम
२. बाल क्लव तथा बालसञ्जालहरूको गठन, सञ्चालन, संस्थागत तथा क्षमता विकास
३. बालक्लव भवन निर्माण
४. बाल-कोष स्थापना तथा सञ्चालन
५. बालबिवाह निरुत्साहित गर्न सचेतना कार्यक्रम
६. वार्डस्तरमा बालउद्यान निर्माण

**३.७ अपेक्षित उपलब्धि**

महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम भएको हुनेछ । साथै बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना भएको हुनेछ ।

## खण्ड चारः ज्येष्ठ नागरिक

### ४.१ पृष्ठभूमि

संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ । ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ तथा नियमावली २०६५ पनि लागू भएको छ । सरकारले ज्येष्ठ नागरिकहरूको संरक्षण, स्याहार-सुसार र सुरक्षा गर्नका लागि ज्येष्ठ नागरिक आश्रमको स्तरोन्नति, दिवा सेवाकेन्द्रहरू स्थापना र सञ्चालन, यातायातमा सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्ता लगायतका सेवा सुविधा प्रदान गर्दै आएको छ । साथै उनीहरूको हक अधिकारको प्रत्याभूतिकालागि ऐन, नियम तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिएको छ । त्यसैले ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो।

### ४.२ प्रमुख समस्या

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसक्नु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबुआमाप्रति पूरा गर्नु पर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, ज्येष्ठ नागरिकमैत्री पूर्वाधार तथा हेरचाह केन्द्रको व्यवस्था नहुनु, बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरू (प्रेसर, सुगर) को निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु, ज्येष्ठ नागरिकप्रतिको श्रद्धा र सम्मानमा ह्रास हुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

### ४.३ चुनौती र अवसर

**चुनौती**

१. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु,
२. ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि हुँदै जाँदा सो अनुसार सेवा सुविधाको पर्याप्त मात्रामा व्यवस्था गर्नु
५. बदलिँदो एकात्मक परिवारको प्रभावको परिवेशमा ज्येष्ठ नागरिकको सम्मान र स्याहारसुसारमा परिवारलाई जिम्मेवार बनाउनु
६. उनीहरूका लागि उपयुक्त एवं पर्याप्त दिवा सेवा केन्द्र, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु ।

**अवसर**

१. संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु
२. संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु
३. ज्येष्ठ नागरिकहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु
४. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु
५. तीनै तहका सरकारको नीति, कानुन तथा योजनाहरूमा ज्येष्ठ नागरिकहरूका सवालहरूलाई सम्वोधन गरिनु
६. सामाजिक विकास संघ र संस्थाहरू परिचालित हुनु आदि

### ४.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"ज्येष्ठ नागरिकको सम्मान र विकासमा सहभागिता"

## लक्ष्य

ज्येष्ठ नागरिक विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

## उद्देश्य

१. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।

### ४.५ रणनीति र कार्यनीति

**तालिका २४: ज्येष्ठनागरिकका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| **१.१:** ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| **१.२:** ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।<br>२. विकास निर्माणका उपभोक्ता समितिहरूमा अनुभवी ज्येष्ठ नागरिकलाई सल्लाहकार राख्दै सहभागी गराउने व्यवस्था गरिने छ। |
| **१.३:** ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |

### ४.६ प्रमुख कार्यक्रम

१. ज्येष्ठ नागरिकको परिचयपत्र व्यवस्थापन
२. ज्येष्ठनागरिकको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक
३. ज्येष्ठनागरिक मिलन (दिवा सेवा) केन्द्र स्थापना तथा सञ्चालन
४. ज्येष्ठ नागरिक आश्रमहरू (सत्सङ्ग भवन) को संस्थागत क्षमता तथा पूर्वाधार विकास
५. अन्तरपुस्ता छलफल तथा अन्तरक्रिया

### ४.७ अपेक्षित उपलब्धि

ज्येष्ठ नागरिक सम्मान कार्यक्रम हुनेछ । त्यसैगरी ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग भएको हुनेछ ।

## खण्ड पाँचः युवा तथा खेलकुद

### ५.१ पृष्ठभूमि

विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नु आवस्यक देखिन्छ। जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ ।

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ। त्यसैले "सबैका लागि खेलकुद" भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ।

### ५.२ प्रमुख समस्या

युवा लक्षित विकासका लागि पर्याप्त कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानुपर्दा पर्याप्त रिमिटेन्स भित्रिन नसक्नु, "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु, सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि प्रमुख समस्याहरू हुन् ।

खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू व्यवस्थित रूपमा सञ्चालन गर्न नसक्नु, क्लवहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च वनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् ।त्यसै गरी राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, स्थानीय संस्कृतिमा आधारित खेलकुदको प्रवर्द्धन गर्न नसक्नु जस्ता समस्या पनि रहेका छन् ।

### ५.३ चुनौती र अवसर

**चुनौती**

१. वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु
२. युवा प्रतिभा-पलायन रोक्नु
३. युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु
४. युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु
५. उपयुक्त खेल पूर्वाधार-आधारशीला निर्माण गर्नु
६. पर्याप्त खेलकुद प्रशिक्षक-प्रशिक्षणबाट प्रतिस्पर्धी खेलाडी तथा खेल संस्कृतिको विकास गर्नु

**अवसर**

१. संविधानमै युवा विकास सम्बन्धी व्यवस्था

२. राष्ट्रिय युवा परिषद्को गठन र परिचालन
३. देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध
४. संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु
५. स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु
६. विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु ।

## ५.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"युवा जनशक्ति र खेलकुदको विकास पालिकाको समृद्धिको आधार"

**लक्ष्य**

युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

## ५.५ रणनीति र कार्यनीति

**तालिका २५: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| **१.१:** विकासमा युवा सहभागिता बढाउने। | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **१.२:** युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| **१.३:** युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने। | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्दै युवा स्वरोजगार कार्यक्रममा जोड दिइनेछ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| **१.४:** युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत् युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गर्दै परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>३. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>४. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>५. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |

| उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । | |
|---|---|
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. पालिकामा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिनेछ।<br>४. खेलकुद प्रशिक्षक-प्रशिक्षण मार्फत् प्रतिस्पर्धी खेलाडी तथा खेल संस्कृतिको विकास गरिनेछ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत् युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास तथा प्रोत्साहन प्रदान गरिनेछ ।<br>२. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. राष्ट्रिय चाडपर्वको अवसरमा पालिका स्तरीय प्रतियोगितात्मक खेलकुद आयोजना गरिनेछ। |

## ५.६ प्रमुख कार्यक्रम

### युवा

१. युवाहरूकालागि प्राविधिक तथा व्यवसायिक तालिम र उद्यमशीलताको विकास
२. युवा रोजगार सूचना केन्द्रको स्थापना र सञ्चालन
३. क्लवहरूको स्थापना र सुसञ्चालन
४. वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्वरोजगार कार्यक्रम

### खेलकुद

१. प्रत्येक वार्डमा खेलमैदान निर्माण तथा स्तरबृद्धि
२. क्षेत्रिय/राष्ट्रिय खेलाडीको प्रोत्साहन तथा सम्मान कार्यक्रम
३. युवा क्लबहरुको क्षमता विकास तथा खेलकुद परिचालन
४. वडा/पालिका स्तरीय प्रतियोगितात्मक खेलकुद आयोजना
५. अन्तर विद्यालय खेलकुख प्रतियोगिता सञ्चालन
६. कवर्डहल निर्माण (गणेशपुर)
७. योग तथा ध्यानकेन्द्रको स्थापना र सुसञ्चालन

## ५.७ अपेक्षित उपलब्धि

युवाहरूलाई उद्यमशील,स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि भएको तथा खेलकुद पूर्वाधारको विकासबाट युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइएको हुनेछ ।

## खण्ड छः अपाङ्गता भएका व्यक्तिहरू

### ६.१ परिचय

नेपालको कुल जनसङ्ख्या मध्ये १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने राज्यको संकल्प बताएको छ ।अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसहितको सम्मानजनक जीवनयापनलाई कानुनले संरक्षण र प्रवर्द्धन गरेको छ । दिगो विकास लक्ष्यले अपाङ्गमैत्री विद्यालय लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य सार्वजनिक खुल्ला ठाँउहरूको विषय समावेश गरेको छ । नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६, एसिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय रणनीति इन्चोन रणनीति (२०१३—२०२२) र दिगो विकासका लक्ष्यहरू (२०१६—२०३०) लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्दै आएको छ । विश्वव्यापी मान्यतानुसारको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयनमा रहेको छ । त्यसैगरी, अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइएको छ ।

### ६.२ प्रमुख समस्या

अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरहरूमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, सूचना तथा सञ्चार र प्रविधि अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त हुन नसक्नु, नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, निजहरूले प्रयोग गर्ने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु जस्ता समस्या अपाङ्गताका क्षेत्रमा देखिने समस्याहरू हुन् । त्यसैगरी नदेखिने अपाङ्गताको पहिचान र सही सम्बोधन नहुनु, अपाङ्गतामैत्री शैक्षिक पूर्वाधारका अभावमा वालवालिका विद्यालयको पहुँचबाट टाढा हुनु, आवासीय शिक्षाको कमी हुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक-आर्थिक सशक्तीकरण गर्दै समुदायमा पुनर्स्थापना गर्ने कार्यक्रमको कमी आदि यस अपाङ्गताका क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ६.३ चुनौती र अवसर

**चुनौती**

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा स्रोत-साधनको व्यवस्थापन गर्ने
२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनले निर्देशित गरेको संरचनाको निर्माण, सेवा सुविधाको कार्यान्वयन गर्ने
३. अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यकता अनुसार सेवा सुविधा तथा उपकरणको उपलब्धता
४. दुरदराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूबाट उत्पादित वस्तुको वजारीकरण गर्ने
५. सबै भौतिक संरचनाहरू अपाङ्गमैत्री निर्माण गर्ने
६. अति-आवस्यक व्यक्तिहरूको लागि सहयोगी व्यक्ति, शिक्षा, स्वास्थ्य, तालिम र रोजगारी ।

**अवसर**

१. अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा सुनिश्चित गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु
३. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

४. समावेशी शिक्षा नीति लागु हुनु
५. अन्तर्राष्ट्रिय महासन्धि, दिगो विकासको लक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरू प्राथमिकतामा पर्नु,
६. अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु ।

## ६.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"अपाङ्गतामैत्री पालिका"

**लक्ष्य**

अपाङ्गता भएका व्यक्तिलाई सामाजिक-आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने

**उद्देश्य**

१. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।

## ६.५ रणनीति र कार्यनीति

**तालिका २६: अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| ४.१: अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा बृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |

## ६.६ प्रमुख कार्यक्रम

१. गाउँपालिकामा हेल्प डेक्स स्थापना
२. अपाङ्गता मैत्री संरचना निर्माण सचेतना कार्यक्रम
३. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक
४. अपाङ्गता मैत्री संरचना निर्माण
५. अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता अनुसारको सीप विकास तालिम रोजगारी

## ६.७ अपेक्षित उपलब्धि

अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्राप्त भएको हुनेछ

## खण्ड सातः खानेपानी तथा सरसफाइ

### ७.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन्, जुन मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका छन् । नेपालको संविधानले प्रत्येक नागरिकको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको सुनिश्चितता गरेको छ ।वातावरण र विकास बीच समुच्च सन्तुलनकालागि आवश्यक कानूनी व्यवस्था गर्न सक्ने संवैधानिक प्रावधान समेत देखिन्छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ मा प्रदूषण रोक्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागु गर्न सक्ने व्यवस्था गरेको छ । स्वस्थ नागरिक उत्पादन गरी समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु पालिकाको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाइलाई पनि उच्च प्राथमिकतामा राखिएको छ ।

### ७.२ प्रमुख समस्या

सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको प्रभावबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रुपले अगाडि बढाउन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. उच्च पहाडी भूभागमा पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु,
२. पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु,
३. खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनकालागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु
४. योजना, मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको दक्षता अभिवृद्धि गर्नु ।

**<u>अवसर</u>**

१. आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु,
२. आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु,
३. बस्ती नजिकै पानीका स्रोतहरू (नदी, खोलानाला र मूल) को उपलब्धता प्रचुर मात्रामा रहनु,
४. लिफ्टिङ प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु,
५. नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु,

### ७.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**<u>दीर्घकालीन सोच</u>**

"गाउँपालिकाबासीको राम्रो स्वास्थ्य र स्वच्छताकोलागि गुणस्तरीय खानेपानी र सरसफाइ"

**<u>लक्ष्य</u>**

गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**<u>उद्देश्य</u>**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।

### ७.५ रणनीति र कार्यनीति

**तालिका २७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१ः पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच बृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।** | |
| २.१ः आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१ः प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

### ७.६ प्रमुख कार्यक्रम

**खानेपानी**

१. खानेपानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन
२. खानेपानी आयोजनाहरुको मर्मत संभार
३. एक घर एक धारा कार्यक्रम
४. देउचन खानेपानी पुर्वाधार निर्माण कार्यक्रम
५. लिफ्टप्रणालीबाट खानेपानीको व्यवस्था (वार्ड नं. १ २ र ३ मा)

**सरसफाइ**

१. टोल स्तरीय सरसफाइका लागि टोल सुधार समितिहरू गठन एवम् परिचालन
२. सार्वजनिक शौचालय निर्माण
३. पुर्ण आनिबानी परिवर्तन सम्बन्धी सरसफाइ चेतनामुलक कार्यक्रम
४. विद्यालय स्तरमा सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम

### ७.७ अपेक्षित उपलब्धि

गाउँपालिकामा आधारभूत खानेपानीको पहुँच विस्तार भएको हुनेछ । साथै गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि भएको हुनेछ । प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन भएको हुनेछ ।

## खण्ड आठः सामाजिक सुरक्षा तथा संरक्षण

### ८.१ पृष्ठभूमि

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ८.२ प्रमुख समस्या

संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ८.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु
२. सामाजिक सुरक्षाको दायरामा क्रमशः वृद्धि
३. स्रोतको दिगोपना र न्यायपूर्ण वितरण

**<u>अवसर</u>**

१. सामाजिक सुरक्षा तथा संरक्षणको विषय तिनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु
२. नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु
३. सामाजिक सुरक्षा कोष ऐन लागू हुनु

### ८.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**<u>दीर्घकालीन सोच</u>**

"दिगो तथा व्यवस्थित समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली"

**<u>लक्ष्य</u>**

समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

**<u>उद्देश्य</u>**

१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

### ८.५ रणनीति र कार्यनीति

**तालिका २८ः सामाजिक सुरक्षा र संरक्षणाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |

| | |
|---|---|
| **१.१:** लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवस्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत् लक्षित वर्गको पहिचान गरी आवस्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.२:** सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्ने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ८.६ प्रमुख कार्यक्रम

१. सामाजिक सुरक्षा कोषको व्यवस्थापन

२. सामाजिक सुरक्षा सम्बन्धी जनचेतना

३. सामाजिक सुरक्षा सूचना प्रणाली अद्यावधिक गर्ने

४. विपन्न तथा लक्षित वर्गकालागि नेतृत्व तथा उद्यमशिलता विकास कार्यक्रम ।

### ८.७ अपेक्षित उपलब्धि

सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँचमा बृद्धि भई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार भएको हुनेछ ।

## खण्ड नौः संस्कृति, साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन

### ९.१ पृष्ठभूमि

संविधानले धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, आफ्नो समदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र नेपालमा बसोबास गने प्रत्येक नेपाली समदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ । सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन, सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय जनसहभागिता, कला, साहित्य र सङ्गितको विकास, समाजमा विद्यमान विभेद, असमानता, शाषण र अन्यायको अन्त्य, भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास र बहुभाषिक नीति अवलम्बन गर्ने कुरा राज्यका नीतिका रूपमा अङ्गीकार गरिएको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनगुमन र नियमन,पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, प्रचलित कानुन बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्यलाई स्थानीय सरकारको कार्यक्षेत्रका रूपमा उल्लेख गरेको छ । त्यसैले यहाँका विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संबद्र्धन गर्न पनि उत्तिकै जरुरी छ । साथै यसबाट धार्मिक पर्यटन प्रबर्द्धन गर्दै आर्थिक उत्थान पनि गर्न सकिन्छ ।

### ९.२ प्रमुख समस्या

पुर्खाको विरासदको रूपमा रहेका प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु जस्ता समस्याहरू विद्यमान छन् ।

### ९.३ चुनौती र अवसर

**चुनौती**

१. प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनिहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्नु।
२. सास्कृतिक विचलन रोक्नु।
३. संस्कृति, कला, भाषा, र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु र अन्तरपुस्ता ज्ञान हस्तान्तरण गर्नु।
४. सांस्कृतिक गुठी तथा जात्राहरूको संरक्षण र निरन्तरता दिनु ।
५. सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक अनुसन्धान, अध्ययन एवम् संरक्षण गर्नु ।
६. लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु ।
७. बढ्दो सहरीकरण र विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिको थपिएको चुनौतीको सामना गर्नु।
८. यहाँ बोलिने भाषाको समतामूलक विकास गर्नु ।

**अवसर**

१. भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आएको।
२. जातीय संस्कृतिको संरक्षणमा समुदायको बढ्दो सक्रियता।
३. सांस्कृतिक एवम् धार्मिक विविधताका वीच सद्भाव अभिवृद्धि।
४. राष्टिय एकता सुदृढ र बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु।
५. संस्कृति संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर गा.पा.को समृद्धिमा योगदाल पुराउने।

६. मुलुकमा संघीय स्वरूप अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारका तर्फबाट समन्वयात्मक रूपले स्रोत साधनको परिचालन गर्न सहज हुनु।

७. साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरू मार्फत् पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गा.पा. लाई चिनाउनु।

८. आर्थिक समृद्धिमा टेवा पुर्याउनु ।

## ९.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"गन्यापधुराको पहिचान, भाषा, संस्कृति र कलाको प्रवर्द्धन"

**लक्ष्य**

ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना र सामाजिक सद्भाव र ऐक्यबद्ध सुदृढ समाजको सिर्जना।

**उद्देश्य**

१. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।

२. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।

## ९.५ रणनीतिहरू तथा कार्यनीतिहरू

**तालिका २९ः संस्कृतिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **१.१ः** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| **१.२ः** भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणकोलागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्बर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यवसायिक र गैरव्यवसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| **१.३ः** भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुर्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| **१.४ः** बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| **१.५ः** पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संबर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुर्याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य २ः विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| **२.१ः** जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नकालागि पहल गर्न निर्देशिका बनाई यसकालागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।<br>२. यस गा.पा. भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । |
| **२.२ः** भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने। | १. प्रदेशका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रहरू सञ्चालन गरिनेछ ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |

## ९.६ प्रमुख कार्यक्रमहरू

१. "भाषा, कला, लोक साहित्य र लोक संस्कृति प्रतिष्ठान"को स्थापना र विकास
२. लोपोन्मुख स्थानीय कला, संस्कृतिको अभिलेखीकरण,,संरक्षण र प्रवर्द्धन
३. सांस्कृतिक सर्वेक्षण (लोकगीत, लोकसाहित्य, नाट्यकला, परम्परागत भजन, वाजागाजा, लगायतका) ।
४. पुरातात्विक, प्राचीन स्मारकको संरक्षण र विकास
५. जीर्ण सांस्कृतिक सम्पदाहरूको मर्मत संभार
६. विद्यमान संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयारी
७. सांस्कृतिक संग्रहालयको स्थापना
८. संस्कृतिमा योगदान भएका व्यक्तित्वहरूलाई प्रोत्साहन
९. स्थानीय पाठ्यक्रममा स्थानीय संस्कृती समावेश

## ९.७ अपेक्षित उपलब्धि

विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन तथा विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन भएको हुनेछ। साथै संग्रहालयको स्थापना र विकास भएको हुनेछ ।

## खण्ड दशः जनसङ्ख्या तथा बसाइँसराइ

### १०.१ पृष्ठभूमि

जनसङ्ख्या व्यवस्थापनको कार्य संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा रहेको कुरा नेपालको संविधानमै उल्लेख छ । समतामूलक सामाजिक, आर्थिक, तथा सांस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवन यापनको लागि अवसरको बृद्धि गर्न जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना, जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका कार्ययोजना, दिगोविकास लक्ष्य र राष्ट्रिय जनसङ्ख्या नीति २०७१ कार्यान्वयनमा रहेका छन् ।त्यसैले जनसङ्ख्या र वसाइँसराइ बहुसरोकारको विषय भएकाले सबै सार्वजनिक नीतिमा पहिलो प्राथमिकताका साथ व्यवस्थापन गर्नु महत्त्वपूर्ण मानिन्छ किनकि जनशक्ति (अर्थात् जनसङ्ख्या) विकासको परिचालक र प्रयोगकर्ताका साथै साधन र साध्य दुवै हो ।

एकातिर प्रजनन दर घट्दै गएको, औसत आयुमा बृद्धि हुदै गएको र युवाजनशक्ति विदेशिने क्रम जारी छ भने अर्को तिर ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दो क्रममा रहेको छ । त्यसैगरी बाह्य तथा आन्तरिक बसाइँसराइ उच्च रहेको कारण जनसङ्ख्याको वितरणमा असमानता बढ्दै गएकाले यसबाट आर्थिक उत्पादन र वितरणमा प्रभाव पार्न नदिन जनसङ्ख्या र बसाइँसराइलाई अन्तर्सम्बन्धित विषयको रुपमा व्यवस्थापन गर्नु अपरिहार्य मानिन्छ ।

### १०.२ प्रमुख समस्या

गन्यापधुरा गाउँपालिकाको सन्दर्भमा भौगोलिक विकटता र आधारभूत सेवाको अपर्याप्तताका कारण बसाइँसराइ समस्या बढेको, स्थानीय स्तरमा विकासको माग गर्ने सचेत र जुझारू युवाको अभाव हुँदा स्थानीय विकास कार्यक्रमहरूमा चासो र सहभागीता कम हुदै गएको, शिक्षा र रोजगारीको अवसरको कमीले गर्दा बसाइँसराइको अवस्था आएको, सहज बाटोघाटो, स्वास्थ्यको अभाव, बच्चा पढाउन सहर पस्ने प्रवृत्ति हावी जस्ता समस्या देखा पर्दछन् ।

### १०.३ चुनौती तथा अवसर

<u>चुनौती</u>

१. कार्यक्रमहरू तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरूबीच सन्तुलन कायम गर्नु
२. उत्पादनशील युवाजनशक्तिलाई स्वदेशमा स्थानीय स्तरदमै स्वरोजगार सिर्जना विदेश पलायन रोक्नु,
३. उच्चदरमा बढ्दो ज्येष्ठ नागरिकको जनसङ्ख्याको व्यवस्थापन
४. पर्याप्त स्वास्थ्य, शिक्षा, रोजगारी, खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत वस्ति विकास गरी समानुपातिक विकास मार्फत् आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु,
५. स्थानीय तहमा जनसाङ्ख्यिक सूचना बैंकको निर्माण र विस्तार गर्नु ।

<u>अवसर</u>

१. कुल जनसङ्ख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसङ्ख्यालाई जनसाङ्ख्यिक लाभको रुपमा उच्चतम उपयोग गरी पालिकाको सामाजिक-आर्थिक विकासमा योगदान पुर्याउन सक्ने अवस्था रहनु,
२. सानो तथा गुणस्तरीय परिवार, जनसङ्ख्या र बसाइँसराइको व्यवस्थापन एवम् विकासलाई एक साथ लैजाने कार्य राज्यको उच्च प्राथमितामा रहनु,
३. पूर्वाधार विकास मार्फत् पहाडी क्षेत्रमा पनि साना शहर निर्माण तथा एकीकृत बस्ति विकास गरी जनसङ्ख्या र बसाइँसराइ व्यवस्थापनमा चासो बढ्दै जानु।

### १०.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"उत्पादनशील जनशक्ति मार्फत् पालिकाको आर्थिक विकास"

**लक्ष्य**

जनसङ्ख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने

**उद्देश्य**

१. बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन गर्नु ।

२. जनसाङ्ख्यिक लाभांशको सदपुयोग गर्नु ।

३. जनसङ्ख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु ।

### १०.५ रणनीति र कार्यनीति

**तालिका ३०: जनसङ्ख्या तथा बसाइँसराइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन गर्नु ।** | |
| **१.१:** एकीकृत वस्तिको विकास गरी वसाइँसराइ र शहरीकरणलाई व्यवस्थापन गर्ने । | १. वसाइँसराइ व्यवस्थापन गर्न वार्ड तहको आवश्यकता अनुसार जनशक्तिको नक्साङ्कन गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सबै वार्डहरूलाई शहरी पूर्वाधार सहितका यातायात तथा सूचना सञ्जालले जोडिनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार निर्माणको समानुपातिक विकासमा जोड दिँदै रोजगारी र अन्य अवसरको सिर्जना गरिनेछ ।<br>४. जनसङ्ख्या र बसाइँसराइ सम्बन्धी एकीकृत विकास प्याकेज तयार गरी कार्यान्वयन गरिनेछ ।<br>५. विकास आयोजना सञ्चालन पूर्व जनसाङ्ख्यिक प्रभाव मूल्याङ्कन गरिनेछ । |
| उद्देश्य २: जनसाङ्ख्यिक लाभांशको सदपुयोग गर्नु । | |
| **२.१:** जनसाङ्ख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सिर्जना गर्ने । | १. जनसाङ्ख्यिक लाभांशको सदुपयोग गर्न मानव संसाधन विकास कार्य योजना बनाई लागु गरिनेछ ।<br>२. जनसाङ्ख्यिक लाभांशको उच्चतम प्रतिफल प्राप्त गर्नका लागि युवाहरूलाई प्राविधिक तथा जीवनोपयोगी शिक्षामा लगानि बृद्धि गरिनेछ।<br>३. रोजगारी सिर्जनाकालागि विकास साझेदार, गैह्र सरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थासँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिने छ।<br>४. युवा स्वरोजगार तथा उत्पादनमुलक कार्य गर्न ऋण सुविधा तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।<br>५. युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान तथा क्षमतालाई सामुहिक उद्यमशील तथा उत्पादनशील क्षेत्रमा लगानि गर्न प्रोत्साहन गर्दै आर्थिक सहयोग गरिनेछ ।<br>६. किशोरकिशोरी तथा युवाहरूलाई दुर्व्यसनबाट बचाई उद्यमशील बन्न जीवनोपयोगी सीप तालिमको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २: जनसङ्ख्या र वसाइँसराइ सम्बन्धी अध्ययन र अनुसन्धानलाई संस्थागत गर्नु ।** | |

| | |
|---|---|
| **२.१ः** जनसङ्ख्या तथ्याङ्क व्यवस्थापनलाई प्रविधि मैत्री बनाई आवस्यक अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने । | १. व्यक्तिगत घटनादर्ता कानुनी रुपमा अनिवार्य गरिनेछ ।<br>२. पालिकामा राखिने तथ्याङ्कलाई प्रादेशिक सञ्जालसँग आबद्ध गरी जनसाङ्ख्यिक सूचना प्रणालीको विकास गरिनेछ ।<br>३. आन्तरिक र बाह्य बसाइँसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>४. जनसङ्ख्या र वसाइँसराइका विविध क्षेत्रमा हुने अध्ययन र अनुसन्धानहरूबाट प्राप्त निष्कर्ष पालिकाको नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग गरिनेछ । |

### १०.६ प्रमुख कार्यक्रम

१. पर्यटन, लघुउद्यम तथा साना उद्योग जस्ता युवा स्वरोजगार कार्यक्रम र तालिम
२. व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणाली विकास
३. जनसङ्ख्या तथा बसाइँसराइ सम्वन्धी सचेतना कार्यक्रम
४. एकिकृत बस्ती विकास कार्यक्रम

### १०.७ अपेक्षित उपलब्धिहरू

बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन भई जनसाङ्ख्यिक लाभांशको सदपुयोग भएको हुनेछ । जनसङ्ख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गरिएको हुनेछ ।

## परिच्छेद सातः पूर्वाधार विकास

## खण्ड एकः ऊर्जा

### १.१ पृष्ठभूमि

नेपाल सरकारको उच्च प्राथमिकतामा परेको जलविद्युत आर्थिक बृद्धि र आर्थिक रुपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपालको विद्युत विकासको यात्रा वि.स. १९६८ देखि सुरु भए तापनि वित्तीय उत्प्रेरणा सहितको लगानी नीतिको प्रभावकारी, समन्वय र निर्माण क्षमताको अभावले सम्भावित क्षमताको न्यून मात्रामा उत्पादन सम्भव हुन सकेको छ ।जलविद्युत विकासकालागि स्वदेशी तथा वैदेशिक लगानीहरू आकर्षण भइरहेका छन् नेपालकोलागि जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो सम्भाब्य स्रोत भएको छ ।

विश्वभर वैकल्पिक ऊर्जा, परम्परागत ऊर्जा अर्थात् खनिज ऊर्जामा आधारित ऊर्जाको प्रतिस्पर्धी बनेर उदाउँदो छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्टिय प्रशारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा लयाउन जरुरी छ । नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्यास र वायोग्यास आदि रहेको छ ।

गाउँपलिकामा कुनैपनि जलविद्युत आयोजना सञ्चालनमा रहेको छैन भने वनजंगलमा खेर गइरहेका काठ तथा पात पतिङ्गर आदिको वैज्ञानिक उपयोग गरी जैविक उर्जाको रूपमा प्रयोग गर्न सकिने अवसरको पनि सदुपयोग भएको छैन ।

### १.२ प्रमुख समस्या

पर्याप्त मानव, आर्थिक र भौतिक स्रोत नभएको, बाढी तथा पहिरो प्रकोप जोखिम युक्त भूबनौट भएको समग्र जलस्रोत तथा नदी व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसकेको, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारकोलागि सहुलियत ऋण, जोखीम व्यवस्थापनको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्र अपेक्षाकृत रूपमा आकर्षित हुन नसक्नु, वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्वन्धमा क्षमताको कमी हुनु, जोखिम व्यवस्थापन र विमा सम्वन्धी आवश्यक व्यवस्था नहुनु वैकल्पिक ऊर्जा व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु आदि समस्या रहेका छन् ।

### १.३ चुनौती तथा अवसर

**<u>चुनौती</u>**

१. बजारीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पुरा गर्नु
२. भोगलिक बिकटता र बस्ती छरिएको भएकाले एकीकृत सेवा प्रदान गर्न गाह्रो हुनु
३. नविकरणीय ऊर्जा क्षेत्रमा सहुलियत कर्जाको व्यवस्थापन गर्नु
४. खाना पकाउने प्रयोजनकालागि प्रयोग हुने परम्पागत ऊर्जाको स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्नु
५. सौर्य तथा वायु ऊर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु
६. ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत आयोजनाबाट खेर गैरहेको विद्युत प्रशारण लाइनमा प्रवाह गरी आय बृद्धि गर्नु

**<u>अवसर</u>**

१. धेरै घरधुरीहरू नभएकाले उर्जा खपत बढी नहुने तसर्थ अन्य उत्पादनशील कार्यमा उर्जाको प्रयोग गर्न सकिने
२. साना जलविद्युत तथा साना विद्युत आयोजनाको संभाव्यता अध्ययन गर्न सकिने
३. नविकरणीय उर्जा तथा वैकल्पिक उर्जामा पहल गर्न सकिने

४. ऊर्जा विकासबाट अन्य साना तथा घरेलु उधोग स्थापना तथा सञ्चालनमा सहजता हुने
५. दाउराको खपत कम हुन गई वनजङ्गल संरक्षणमा योगदान हुने
६. स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने

## १.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"ऊर्जाको अधिकतम प्रयोग गाउँपालिकाको दिगो आर्थिक र सामाजिक विकासको आधार"

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका ३१ः ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।** | |
| **१.१ः** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.२ः** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>२. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ ।<br>३. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>४. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।** | |
| **२.१ः** ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ५. सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

**१.६ प्रमुख कार्यक्रम**

१. जैविक ऊर्जा उत्पादन तथा प्रवर्द्धन कार्यक्रम
२. सामुदायमा सामुदायिक विद्युतीकरणको पूर्वाधार तर्जुमा
३. दाउरा माथिको निर्भरतालाई कम गर्न विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन कार्यक्रम
४. वैकल्पिक ऊर्जा प्रयोगमा सुलभ दरमा ऋण तथा अनुदान कार्यक्रम
५. विधुतिकरण सुधार (थ्रि फेज तथा काठे पोल व्यवस्थापन)

**१.७ अपेक्षित उपलब्धिहरू**

गाउँपालिकाका सबै घरधुरीहरूमा विद्युत पहूँच पुगेके हुनेछ । घरायसी प्रयोजनकालागी ऊर्जाको अधिकतम् प्रयोग भएको हुनेछ । खाना पकाउन विद्युतीय इन्धनको प्रयोगमा बृद्धि भई दाउराको प्रयोगमा ह्रास आएको हुनेछ ।

## खण्ड दुईः यातायात पूर्वाधार

### २.१ पृष्ठभूमि

भौतिक पूर्वाधार आर्थिक विकास एवम् सामाजिक समृद्धिका आधारहरू हुन् जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ । पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एवम् संघीय सरकारकारबाट समेत अर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएकोछ । गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र यातायात पनि हो ।

हाल गाउँपालिका भरी रहेका कुल सडकहरू मध्ये ११० कि.मी. सडक सवर्याम सडक रहेका छन् । त्यसैगरी पालिका भित्र करिब २९ कि.मी. सडक नाली तथा ३ वटा पक्की पुल र १२ वटा झोलुङ्गे पुल छन् । गाउँपालिकाभित्र सवै वडाहरूमा सडकको पहँचभित्र भए पनि हालसम्म व्यवस्थित र सहज बसपार्क तथा बसस्टेशनको निर्माण हुन सकेको छैन र आवस्यक पर्ने सामान्य पूर्वाधारको व्यवस्था छैन । भएका सडकहरूको चौडाइ र पार्कहरूको व्यवस्था नभएकै कारण ग्रामीण क्षेत्रमा धेरै दुर्घटनाहरू हुने गरेका छन् ।

### २.२ प्रमुख समस्या

सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा पहिरोको व्यापक जोखिम बढिरहेको र वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ, गाउँपालिकाका अधिकांश सडकहरू कच्ची र सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव, सडक व्यवस्थित गर्न नसक्दा यातायातमा पहुँच विस्तार, धुलो तथा प्रदुषण वृद्धिको समस्या, भू-क्षयीकरणको समस्या, साँघुरा र घुम्तीयुक्त सडकले दुर्घटनाको वा सडक सुरक्षा जोखिम धेरै रहेको, सडक विस्तारले वन जंगल फँडानी भई हरित क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्ने जस्ता प्रमुख समस्याहरू यस पालिकामा रहेका छन् ।

### २.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. उच्च पहाडी कठिन भौगौलिक अवस्थाका कारण निर्माण कार्य खर्चिलो हुनु
२. निर्मित संरचनाहरूको मर्मत-सम्भार र सुरक्षाकालागि स्रोत—साधनको पर्याप्त व्यवस्था नहुनु
३. बाह्रै महिना चल्ने भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु,
४. छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु,
५. प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु,
६. पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्नु

**<u>अवसरहरू</u>**

१. आन्तरिक सडक सञ्जालको पुर्णरुपमा विकास हुँदा गन्यापधुरालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रकोरुपमा विकास गर्न सकिने संभावना रहेको ।
२. स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ ।
३. सडक पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने ।
४. स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग तथा स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने ।

### २.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**<u>दीर्घकालीन सोच</u>**

"सडक सञ्जाल तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक समृद्धिको आधार"

**लक्ष्य**

दिगो पूर्वाधार विकास मार्फत् नागरिकको सहज पहुँच हुने।

**उद्देश्य**

१. सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

## २.५ रणनीति र कार्यनीति

**तालिका ३२ः यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।** | |
| **१.१ः** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न  अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२ः** गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको  रणनीतिक सडक सञ्जालको निर्माणमा तीब्रता दिइनेछ ।<br>३. सडकमा वर्षैंभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीब्रता दिइनेछ । |
| **१.३ः** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | १. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>२. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।<br>३. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैर संरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| **उद्देश्य २ः यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| **२.१ः** प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| **२.२ः** पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ । |

| | |
|---|---|
| | २. पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

### २.६ प्रमुख कार्यक्रम

१. भात्काँडा-रुवाखोला-बडाल-रेल सडक स्तरउन्नती (५० कि.मि.)
२. रडुवा-पारीखेत-बडाल स्तरउन्नती
३. सकायल-कैपालमाण्डौ-रेल सडक स्तरउन्नती (२० कि.मि.)
४. ढुन्ढुने-ओलिघट्ट-बडाल सडक ट्र्याक खोल्ने (१० कि.मि.)
५. पक्की पुल निर्माण (औसत ४० मि. -८ वटा)
६. झोलुङ्गे पुल निर्माण (औसत १०० मि. -५ वटा)
७. वडा नं. १ कार्यालय -फुलटाँडी-बडाल सडक स्तरउन्नती (१२ कि.मि.)
८. देवल-कैपालमाण्डौ सडक स्तरउन्नती (९ कि.मि.)
९. साउखर्क-असीग्राम सडक स्तरउन्नती (१० कि.मि.)
१०. सकायल-डील-बडाल सडक स्तरउन्नती (५ कि.मि.)
११. सकायल-देवखेत-बडाल सडक ट्र्याक खोल्ने (४ कि.मि.)
१२. कोलगाउँ-मेल्लुडा-थापली-चम्साल सडक ट्र्याक खोल्ने (२ कि.मि.)
१३. सडक आयोजनाहरूको डिपिआर

### २.७ अपेक्षित उपलब्धि

गाउँपालिकामा सडक यातायात गुरूयोजना कार्यन्वयनले पक्की सडक पूवाधारहरूको निर्माण तथा स्तरोन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनेको हुनेछ । साथै यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना भएको हुनेछ ।

## खण्ड तीनः आवास तथा बस्ती विकास

### ३.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । ग्रामीण चरित्रको जनसङ्ख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ । यस गाउँपालिका भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद् जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

गाउँपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागू गरेको छ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी शुरू भएको छ । गाउँपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ ।आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासको लागि उपयुक्त हावापानी रहेको छ । व्यवस्थित बस्ती विकासकोलागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।गाउँपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूकोलागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने देखिन्छ ।

### ३.२ प्रमुख समस्या

भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, बिभिन्न ठाउँ हरूमा मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु, गाउँपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको, एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी  पुऱ्याउन सक्षम हुन नसक्नु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित स्वास्थ्य र सुविधायुक्त आवास नहुनु सामुहिक आवास निर्माणमा जनचासो नहुनु आदि यहाँका समस्याहरू हुन् ।

### ३.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. शहरीक्षेत्रमा अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवार स्थानान्तरण गर्नु
२. स्थानीय निर्माण सामाग्रीको उच्चतम प्रयोग गरी सुरक्षित आवासको निर्माण गर्नु
३. भौगोलिक हिसाबले विकट र विपद्को उच्च जोखिममा रहेका घरपरिवारको लागि भूउपयोगमा एकीकृत आवास तथा बस्ती विकास गर्नु
४. शहरी विकासगर्ने कामकोलागि आधुनिक सबै सेवाहरू उपलब्ध गराउन धेरै रकमको आवश्यकता पर्नु
५. पहाडी एवम् उच्च पहाडी भौगोलिक अवस्था, उच्च प्रविधिहरू, जन शक्तिहरूको परिपूर्ति गर्नु
६. शहरी पूर्वाधारको निर्माण पश्चात् सहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु

**<u>अवसर</u>**

१. गाउँपालिकाको व्यापक जनसहभागिता स्वयं गाउँपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको ।
२. मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन गर्न सकिने ।
३. स्थानीय स्रोत र साधनको प्रयोग गरी सूरक्षित घरहरू बनाउन सकिने ।
४. खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सूरक्षित घडेरी विकास गर्न सकिने ।

५. यस गाउँपालिकामा कुनै ठुलो अव्यवस्थित किसिमको शहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै बैज्ञानिक ढङ्गले यसलाई अगाडि बढाउन सकिने ।

## ३.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"दिगो विकासकालागि सुरक्षित आवास तथा पहिचानयुक्त शहर तथा बस्ती विकास"

**लक्ष्य**

सूरक्षित,सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।

२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

## ३.५ रणनीति र कार्यनीति

**तालिका ३३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| **१.१:** ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३. भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| **१.२:** घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ ।<br>३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजारी क्षेत्रहरूलाई स्मार्ट सिटीका रुपमा विकास गरिनेछ । |
| **१.३:** भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रुपले बजारी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य: २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |

| | |
|---|---|
| २.१ः स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| २.२ः भवन डिजाइन,निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

### ३.६ प्रमुख कार्यक्रम

१. वडा कार्यालय भवन निर्माण
२. गाउँपालिकाको प्रसासकीय भवन निर्माण
३. सुरक्षित र किफायती भवनको मोडलहरू विकास गरी नागरिकलाई वितरण
४. बस्ती संरक्षण कार्यक्रम
५. भवन आचार संहिता निर्माण
६. कर्मचारी आवास निर्माण
७. एकिकृत बस्ती विकास कार्यक्रम

### ३.७ अपेक्षित उपलब्धि

एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण भएको हुनेछ । गाउँपालिकाका अति विपन्न घर परिवारका लागि आवास निर्माण हुनेछ ।

## खण्ड चारः सञ्चार तथा सूचना प्रविधि

### ४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

### ४.२ प्रमुख समस्या

सूचना तथा सचार सम्बन्धी पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, आमसञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवार, जवाफदेही हुन नसक्नु, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन समस्या रहेको, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, केही वडाका बिकट स्थानहरूमा अप्टिकल फाइवर पुग्न नसकेको आदि यस क्षेत्रका समस्याका रुपमा रहेकाछन् ।

### ४.३ चुनौती र अवसर

**चुनौती**

१. तीव्र रूपमा शहरी विकास र विस्तार नभएकाले सञ्चार क्षेत्रको विकास र विस्तार गर्न कठिनाई रहेको
२. गाउँपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकिकृत र अद्यावधिक विवरण तयार पार्नु र सञ्चार माध्यमहरूलाई ग्रामीण भेग सम्म विस्तार गर्नु
३. भौगोलिक बिकटता हुनु
४. सञ्चार माध्यमहरूलाई विश्वसनिय र जवाफदेही बनउदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु
५. सञ्चार माध्यामको नकारात्मक प्रभावका कारण सामाजिक व्यवहार तथा संरचनामा नकारात्मक असर परेको
६. साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्नु

**अवसर**

१. सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिकहकका रुपमा लिपिबद्ध हुनु
२. सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु
३. प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत् सहज एवम् चुस्त बनाउन सकिने
४. पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने
५. ब्रोडब्यान्ड ईन्टरनेटको प्रयोग र अनलाइन प्रकाशनको बढ्दो प्रयोगले सूचनाको पहुँचमा सहज हुनु
६. सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने ।

### ४.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"सूचना तथा सञ्चारको गुणस्तरीय सेवाहरूमा सबै वर्गको पहुँच"

## लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

## उद्देश्य

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।

२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

## ४.५ रणनीति र कार्यनीति

**तालिका ३४: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुचमा पुऱ्याउनु ।** | |
| **१.१:** सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ ।<br>३. केबलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| **१.२:** बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक,सांस्कृतिक,भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ । |
| **१.३:** समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत् सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग मार्फत् स्थनिय भाषा,संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ,गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| **२.१:** सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । |

| | |
|---|---|
| स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | २. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ ।<br>२. गाउँपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

### ४.६ प्रमुख कार्यक्रम

१. सबै वडामा अप्टिकल फाइबर विस्तार
२. सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण
३. पालिकाका सेवा सुविधाको सहज पहुँचका लागि मोबाइल एप निर्माण
४. नमस्ते मोवाइलको टावर निर्माण
५. भिडियो प्रोफाइल
६. फ्रि वाइफाइको व्यवस्था
७. ल्याण्डलाइन सेवा विस्तार
८. सार्वजनिक सेवा प्रदानलाई प्रविधिमा आधारित सफ्टवेयर निर्माण
९. गन्यापधुरा गा पा को मौलिकता प्रवर्द्धन एवम् संरक्षण गर्न लघु चलचित्र निर्माण

### ४.७ अपेक्षित उपलब्धि

आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुगेको हुनेछ । गाउँपालिकाबासीमा इन्टरनेट सेवाको पहूँचमा उल्लेख्य वृद्धि हुनेछ । सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध भएको हुनेछ ।

# परिच्छेद आठः वातावरण तथा विपद् व्यवस्थापन

## खण्ड एकः वन तथा भू-संरक्षण

### १.१ पृष्ठभूमि

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको श्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तब्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको सरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ ।

गन्यापधुरा गाउँपिलका वन विकासका दृष्टिले प्रशस्त सम्भावना भएको गाउँपालिका हो । यस जिल्लामा उष्ण र समशीतोष्ण किसिमको हावापानी पाइन्छ । गन्यापधुरा गाउँपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल १३५.९३ वर्ग कि.मि. रहेको छ जसअनुसार १९.१९ प्रतिशत (२१.७० वर्ग कि.मि.) जग्गा हाल खन—जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ भने ६७.४९ प्रतिशत (७६.३२ वर्ग कि.मि.) वनले ओगटेको छ । गाउँपालिका क्षेत्र ३५ वटा सामुदायिक वनहरू रहेका छन् । गाउँपालिकाले ओगटेका वन क्षेत्रहरूमा सालको वन, खयर, सियौ, पाइन, चिर लगायत उच्च स्थानहरूमा गुँरास, धुपी, निगालो, बेतवाँस, त्यसैगरी कटुस, चिलाउने, काफल, चौतारा, चिउरी लगायत उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र रहेका छन् ।

### १.२ प्रमुख समस्या

वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानी यथेष्ट नभएको, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास र खण्डिकरण हुने गरेको, उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको, वन फँडानी पूर्ण रूपमा नियन्त्रण हुन नसकेको, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण, मानव वन्यजन्तु द्वन्द्व, वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति उपलब्ध नभएको, जनचेतनाको अभाव र लापरवाहीबाट डढेलो लाग्ने गरेको, महत्त्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेको, उत्पादित काठको व्यवसायिक प्रयोग हुन नसकेको, नियमित रूपमा फडानीबाट प्राप्त हुने आम्दानी बाहेक सामुदायिक वनका अन्य आर्थिक स्रोत नभएका, जडीबुटी निकासी गर्न कानुनी अड्चन हुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

### १.३ चुनौती र अवसर

<u>चुनौती</u>

१. बृहत्तर वन, वैज्ञानिक जलाधार तथा भू-संरक्षण तथा व्यवस्थापन कार्यक्रम लागू गर्नु ।
२. वन तथा जलाधार क्षेत्रको सङ्गठनात्मक संरचना तयार पार्नु ।
३. डढेलो नियन्त्रण गर्नु ।
४. भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु
५. दक्ष जनशक्तिको अभाव, स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी ।
६. वनस्पति र वन्यजन्तु लोप हुन सक्ने।

<u>अवसर</u>

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरी सामुदायिक वन कार्यक्रमलाई आय आर्जन तथा गरीबी निवारणमा जोड्न सकिने ।
२. प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरू प्रशस्त भएकाले वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने ।
३. महत्त्वपूर्ण जडीबुटीहरूको व्यवसायिक उत्पादन र प्रशोधन गर्न सकिने र बजारको राम्रो सम्भावना भएको ।
४. स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावना रहेको ।

५. प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुन गई पर्यटन व्यवसायको विकास हुने ।

६. समुदायमा आधारित वन व्यवस्थापन मार्फत् स्थानीय जनताको जीवनयापन सहज हुने ।

## १.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

"वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण"

### लक्ष्य

गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने ।

### उद्देश्य

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।

२. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका ३५: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल संभावना भएको (हर्रो, बर्रो, अमला, क्यामुन, चिलाउने, फल्लीड आदि) खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ । |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु।** | |
| २.१: जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व बृद्धि गर्ने । | १. बाटोमुनि भूक्षय रोक्न अम्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ ।<br>२. पैयुँ, चिउरी, लाकुरी जस्ता मह आउने जातका बिरुवा भएमा मौरीपालनमा समेत टेवा पुग्ने बिरुवाहरू लगाइनेछ ।<br>३. कृषियोग्य जमिनलाई पहिरोबाट जोगाउन तटबन्ध गर्ने, ग्याभिन जाली भरिनेछ ।<br>४. विपद सूचक यन्त्र जडान गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा भूसंरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |

| | |
|---|---|
| | ३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

## १.६ प्रमुख कार्यक्रम

१. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम
२. पहिरो तथा नदी कटान नियन्त्रण
३. बाढी तथा पहिरोको पूर्व-सूचक यन्त्र जडान
४. महत्त्वपूर्ण विकासे आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)
५. वृक्षारोपण तथा संरक्षण

## १.७ अपेक्षित उपलब्धि

स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन भएको हुनेछ तथा वन्यजन्तु र जैविक विविधताको संरक्षण गरिएको हुनेछ । भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन भएको हुनेछ ।

## खण्ड दुईः वातावरण संरक्षण तथा जलवायु परिवर्तन

### २.१ पृष्ठभूमि

वातावरण तथा जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्दै तदनुरुप राष्ट्रिय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ । सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ—संस्था समेतको सक्रियतामा राष्ट्रिय तथा स्थानीय अनुकूलनकालागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन् । वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ । वायुको गुणस्तर सम्बन्धी मापदण्ड एवम् नेपाल सवारी प्रदूषण सम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ । क्योटो प्रोटोकल अन्तर्गत कार्बन व्यापारबाट नेपालले आम्दानी प्राप्त गर्न सुरु गरिसकेको छ ।

### २.२ प्रमुख समस्या

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहको कमी, स्थानीय स्तरमा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्य गर्न प्रभावकारी निकायको अभाव, वातावरण तथा जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरू न्यूनीकरण गर्न पर्याप्त मानव, आर्थिक र भौतिक स्रोतहरूको कमी, वातावरण तथा जलवायु सम्बन्धी कार्यक्रमहरू गाउँपालिका स्तरीय विकासका कार्यक्रमहरूसँग आबद्ध गरी योजना तर्जुमाको अभाव, जलवायु परिवर्तनको प्रभाव, जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान यथेष्ठ रूपमा नहुनु आदि समस्याहरू रहेका छन् ।

### २.३ चुनौती र अवसर

**चुनौती**

१. जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु
२. खोला तथा सार्वजनिक स्थलहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, माटोको अधिक दोहन
३. होटल, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर उत्सर्जन नियन्त्रण
४. बढ्दो क्रममा रहेको वन विनासलाई रोक्नु
५. जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा आन्तरिकीकरण गर्नु ।

**अवसर**

१. वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि
२. स्थानीय स्रोत साधनहरूमा जलवायु परिवर्तनबाट पर्ने प्रभाव कम हुँदै अनुकूलित वातावरण सिर्जना
३. गाउँपालिकाको प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण।
४. कार्बन व्यापारबाट यस गाउँपालिकाले आम्दानी लिन सक्ने ।

### २.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार दिगो विकासको आधार"

**लक्ष्य**

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ र सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

**उद्देश्य**

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण गर्नु ।

२. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।

## २.५ रणनीति र कार्यनीति

**तालिका ३६ः वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण गर्नु ।** | |
| **१.१ः** विकाससँग सम्बन्धित कार्यक्रममा वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनलाई आन्तरिकीकरण गर्ने । | १. विद्यमान वातावरणीय ऐन, नीति, नियमहरू अनुरुप विकास कार्यक्रमहरूको वातावरण प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२. राष्ट्रिय अनुकूलन कार्य योजनाअनुरूप स्थानीय अनुकूलन कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>३. विकासका पूर्वाधारहरूमा वातावरण संरक्षणका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>४. वातावरण तथा जलवायु परिवर्तनका क्रियाकलापहरूमा स्थानीय गैरसरकारी संस्था, निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय कायम गरिनेछ ।<br>५. वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **१.२ः** जलवायु परिवर्तनबाट प्राकृतिक स्रोत तथा मानिसमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम चलाउने । | १. विकासका संरचनाहरू निर्माण गर्दा हरियाली विकास गर्ने कार्यहरूलाई समायोजन गर्दै लगिनेछ ।<br>२. विकासका (पूर्वाधार) संरचनाहरू निर्माण गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका संरचनाहरूलाई प्राथमिकता दिइनेछ ।<br>३. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल वायु माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।<br>४. पानीको स्रोतलाई पुनर्भरण गर्न प्लाष्टिक पोखरी निर्माण गरिनेछ । |
| **१.३ः** वातावरण प्रदूषण हुन नदिने तथा फोहरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउने । | १. **"प्रदूषकले तिर्नुपर्छ"** भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गरिनेछ ।<br>२. नकुहिने तथा पुन प्रयोग हुन नसक्ने फोहरमैला व्यवस्थापन गर्न उचित स्थानमा ल्याण्ड फिल साइटको व्यवस्था गरिनेछ ।<br>३. कुहिने फोहरलाई कम्पोस्ट मल बनाउने तथा पुन प्रयोगहुने फोहरहरू सङ्कलन तथा बेचबिखन गर्न प्रोत्साहन गरिनेछ ।<br>४. फोहरमैला सङ्कलन तथा व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ। |
| **उद्देश्य २ः प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।** | |
| **२.१ः** जल तथा मौसम सम्बन्धी सूचना तथा सेवालाई नियमित रूपमा सम्प्रेषण गरी सम्बन्धित संस्था तथा सरोकारवालाहरूलाई जलवायु परिवर्तन न्यून गर्ने कार्यहरूमा परिचालन गर्ने । | १. वातावरण तथा जलवायु परिवर्तन अनुकूलन, वातावरणीय तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।<br>२. मौसम, जलवायु सम्बन्धी सूचना तथा जानकारी उपभोक्ताहरूलाई सजिलै उपलब्ध हुन सक्ने संयन्त्र विकास गरिनेछ ।<br>३. वातावरण प्रदुषण गर्ने बस्तु उत्पादन कम गर्न पुनः प्रशोधन एवम् प्रयोग गरिनेछ । |

## २.६ प्रमुख कार्यक्रम

१. सुधारिएको चुलो तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम सञ्चालन
२. जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन
३. जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान
४. प्लाष्टिक पोखरी निर्माण ।

## २.७ अपेक्षित उपलब्धि

दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण भएको हुनेछ । साथै प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गरी मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराइएको हुनेछ ।

## खण्ड तीनः फोहरमैला व्यवस्थापन

### ३.१ पृष्ठभूमि

नेपालको संविधानले खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नागरिकको स्वास्थ्यले हरेक मुलुकको विकासमा प्रभाव पारेको हुन्छ र सरसफाइले स्वस्थ जनशक्तिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ र सरसफाइयुक्त व्यवहार दिगो विकासको मुख्य आधार हो ।यसैगरी नेपालमा वि.सं. २०६८ साल देखि विभिन्न जिल्लाहरूलाई खुला दिसामुक्त क्षेत्र घोषणा अभियान गर्दै गरेको अवस्था पनि छ ।नेपालले सन् २०३० सम्ममा आफुलाई विश्व समुदायमा पूर्ण सरसफाइयुक्त राष्ट्र निर्माण गर्ने लक्ष्यलाई लिएको छ। न्यून सरसफाइको कारण नेपालले वेलावेलामा सरुवा रोगहरूको प्रकोप हुने गरेको छ । सरसफाइको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चर्पीको कार्यान्वयन पूर्ण रूपमा सम्पन्न भएको अवस्था देखिदैन ।यो गाउँपालिकाभित्र कुनै पनि वडामा सार्वजनिक शौचालय निर्माण भएको छैन । घरयासी फोहर व्यवस्थापन बाहेक अन्य फोहरमैला व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । घरधुरीको शौचालय बाहेक गाउँ,टोल र समुदायमा फोहरमैलाको दीर्घकालीन व्यवस्थापन गर्नू पर्ने देखिन्छ ।

### ३.२ प्रमुख समस्या

फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधिमैत्री बनाउन नसक्नु, क्रमश विकास भैरहेका ग्रामीण बजारहरूमा फोहर उत्सर्जन भई व्यवस्थापन योजना नबनेको, घरेलु स्तरमा समेत सरसफाइको पूर्ण व्यवस्थापन हुन नसकेको, समुदायमा फोहरमैला व्यवस्थापनको लागि सम्भावित ठाउँ र तिनको प्राविधिक पक्षको विश्लेषण गर्न नसकिएको, सार्वजनिक स्थलमा शौचालय तथा फोहरमैला व्यवस्थापन तथा ढल निकास हुन नसक्नु पनि अन्य समस्याहरू हुन्।

### ३.३ चुनौती र अवसर

**चुनौती**

१. सरसफाइको गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु
२. फोहरको उचित व्यवस्थापन नहुँदा प्रदुषण वृद्धिभई विभिन्न सरुवा रोगको संक्रमण हुनसक्ने ।
३. सरसफाइ व्यवस्थापन शुल्क निर्धारण गरी समुदाय भित्र सरसफाइ सम्बन्धी आयोजनाहरू सञ्चालन गर्न सामूहिक कोषको व्यवस्था गर्न समुदायको चासो नहुनु
४. पाखो तथा भिरालो जमिनमा फोहरमैला व्यवस्थापनकोलागि भौतिक संरचना बनाउन कठिन हुनु
५. खानेपानीको समस्या रहेका बस्तीहरूमा शौचालयको सरसफाइमा समेत समस्या हुनु

**अवसर**

१. हालसम्म फोहर व्यवस्थापनको विषय जटिल भै नसकेकोले व्यवस्थित योजना बनाइ दीर्घकालीन हिसाबले समस्या समाधान गर्न सकिने ।
२. ल्याण्डफिल साइटको संभावना अध्ययन गरी फोहर व्यवस्थित गर्न सकिने ।
३. फोहरमैला व्यवस्थापन सम्बन्धी व्यापक जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरी स्थानीयवासीलाई नै फोहर व्यवस्थापन गर्न सकिने ।
४. ग्रामीण इलाका भएकोले कुहिने जैविक फोहरलाई कम्पोष्ट मलमा परिणत गर्न सकिने ।
५. सरसफाइको अवस्थामा सुधार गरी विभिन्न संक्रामक रोगहरूको प्रभावबाट समुदायका नागरिकहरूलाई बचाउन सकिने ।

### ३.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"स्वास्थ्य र स्वच्छताको लागि फोहरमैला मुक्त गाउँपालिका"

**लक्ष्य**

गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

### उद्देश्य

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।

२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

### ३.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका ३७: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१:** समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ ।<br>२. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| **१.२:** गाउँपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।<br>३. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरबृद्धि गरिनेछ ।<br>४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ। |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।** | |
| **२.१:** सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच बृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. गाउँ टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ।<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| **२.२:** सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ। |

### ३.६ प्रमुख कार्यक्रम

१. फोहरमैला व्यवस्थापनको गुरुयोजना निर्माण

२. फोहोर व्यवस्थापनका लागि ल्याण्डफिलसाइट निर्माण

३. फोहोर व्यवस्थापनका लागि अवश्यक समाग्री तथा ट्र्याक्टर व्यवस्था

४. सरसफाइकालागि टोल स्तरीय समिति गठन एवम् परिचालन

५. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था

६. सार्वजनिक स्थलमा फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था

७. लक्षित समुदाय सरसफाइ सम्बन्धी तालिम

### ३.७ अपेक्षित उपलब्धि

फोहरमैलाको दिर्घकालिन उपायको खोजी भएको हुनेछ, गाउँपालिकामा फोहर सङ्कलनको व्यवस्था मिलेको हुनेछ, साथै सरसफाइ सुविधा गाउँपालिका बासी सबैको पहुँचमा भएको हुनेछ ।

## खण्ड चारः विपद् व्यवस्थापन

### ४.१ पृष्ठभूमि

नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठुलो क्षति हुने गरेको छ। मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चटयाङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण नेपाल विपद्को उच्च जोखिममा रहेको छ । यसैगरी कोरोना, हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । गाउँपालिका क्षेत्र विशिष्ट भौगोलिक बनौट, भिरालोपन, कमजोर चट्टान र प्राकृतिक तथा जलवायु एवम् मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले जोखिममा रहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर पर्न सक्छ । दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आएको छ ।

### ४.२ प्रमुख समस्या

मनसुनको समयमा हुने मेघगर्जन र चटयाङ्ग, मनसुनी बर्षाले सिर्जना गर्ने बाढी पहिरो र डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतवारी तथा भौतिक पूर्वाधारमा क्षति, विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा समन्वयको कमी, विपद् हुनुअघि त्यसको तयारी र प्रतिकार्यका क्रियाकलापहरू क्रियाशील हुन नसकिएको अवस्था छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, पर्याप्त मानव, आर्थिक, भौतिक स्रोत को अभाव, एक द्वार प्रणाली मार्फत् विपद् सम्बन्धी भएका घटनाहरूको सूचना तथा तथ्याङ्क सङ्कलन तथा प्रक्षेपण हुन नसक्नु, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानको कमी, स्थानीय स्तरको विपद् सम्बन्धी भरपर्दो तथ्याङ्क अद्यावधिक गर्न नसकिएको अवस्था विद्यमान रहेको छ ।

### ४.३ चुनौती र अवसर

**चुनौती**

१. विपद् व्यवस्थापन तथा न्यूनीकरणका योजना लागू नगर्दा ठूलो जनधनको क्षती हुन सक्ने ।
२. जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद्न्यू नीकरणका लागि ठोस योजना बनाई लागू गर्ने ।
३. पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु
४. उद्धार राहात र पुनर्स्थापनाको लागि प्रभावकारी सयन्त्रको कमी हुनु
५. विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाइहरू विकास/विस्तार नहुनु ।

**अवसर**

१. जलवायु अनुकूलन कार्यक्रमलाई वैज्ञानिक तरिकाले लागू गर्न सकिने
२. विपद् व्यवस्थापन योजना तथा प्रतिकार्यका लागि स्थानीय सरकारले ठोस योजना निर्माण गर्न सक्ने
३. स्थानीय स्तरमा तथा विद्यालयहरूमा जलवायु परिर्वतन तथा विपद्सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिने
४. परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग हुने
५. आकर्षक भू-वातावरण सिर्जना हुने ।

### ४.४ दीर्घकालीन सोच लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"सुरक्षित जीवनकालागि विपद् न्यूनीकरण तथा व्यवस्थापन"

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

### ४.५ रणनीति तथा कार्यनीतिहरू

तालिका ३८: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| **१.१:** विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२:** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३:** विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चट्याङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |

## ४.६ प्रमुख कार्यक्रम

१. विपद् न्यूनीकरण, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण
२. सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन
३. ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, खोला किनारमा तटबन्ध निर्माण
४. जोखिम बस्ती पहिचान तथा व्यवस्थापन
५. विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) आदिको व्यवस्था
६. उपयुक्त खाली स्थानहरू पहिचान गरी विपद्का वेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपतकालीन बस्ने संरचनाहरू निर्माण
७. विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका सामग्रीहरू उत्पादन गरी वितरण
८. सरोकारवालाहरूको अवलोकन भ्रमण
९. विपद् व्यवथापन सम्बन्धी अन्तक्रिया, गोष्ठी, भेला आदि सञ्चालन
१०. पालिका स्तरीय विपद् व्यवस्थापन संस्थागत तथा इकाइ स्थापना र अभिलेख व्यवस्थापन

## ४.७ अपेक्षित उपलब्धि

जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास भएको हुनेछ । साथै यस गाउँपालिका मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिममा न्यूनीकरण भई कम प्रकोप/विपद् जोखिम भएको क्षेत्रको रूपमा विकास भएको हुनेछ ।

## परिच्छेद नौः संस्थागत विकास

## खण्ड एकः सेवा प्रवाह तथा सुशासन

### १.१ पृष्ठभूमि

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभातगिमूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ।

सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । त्यसै सन्दर्भमा गाउँपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

### १.२ प्रमुख समस्याहरू

स्थानीय तहका योजना पद्धति र प्रक्रिया, सहभागितामूलक तथा समावेशी शासन प्रक्रिया, तथा निर्णय प्रक्रियामा पनि जवाफदेहिता एवम् पारदर्शिता कमजोर अवस्थामा रहेको छ । असल शासनका मुलभूत सिद्धान्त र आधारहरूका बारेमा जनता सचेत हुन नसकेको, राज्यबाट प्राप्त हुने केही सेवा सुविधाको बारेमा सेवाग्राहीहरू अनभिज्ञ रहेको, सेवा प्रदायक कार्यालयहरूले वडा कार्यालयसँग सहकार्य गर्न नसकेको, गाउँपालिकामा पर्याप्त दरवन्दी नभएको, केही सीमित व्यक्ति बाहेक अन्य तहका जनताहरू सुशासनको सम्बन्धमा मतलब नराख्ने गरेको, वडास्तरमा सार्वजनिक सुनुवाइ र आयव्यय विवरण सार्वजनिक गर्ने परिपाटी नभएको साथै कर्मचारीहरू स्थानीय संरचनामा अनुकूलन भैनसक्नु आदि यस गाउँपालिकाका समस्याहरू हुन् ।

### १.३ चुनौती र अवसर

<u>**चुनौती**</u>

१. परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु ।
२. शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु ।
३. विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु ।
४. सेवा प्रवाह तथा सूचना प्रवाहमा भौगोलिक कारणले कठिनाइ हुनु ।
५. सेवा प्रदायक सरकारी संस्थाहरू जिल्लामै केन्द्रित भई वडा गाउँपालिकासम्म पनि आउन नसक्नु ।
६. सुशासन व्यवस्थापनकोलागि स्थानीय सामाजिक सञ्जालहरूको अति आवश्यक भवन निर्माण गर्न लगायत शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, कृषि, पर्यटन आदिको क्षेत्रगत विकास गर्न आर्थिक तथा बजेटको अभाव हुनु ।

<u>**अवसर**</u>

१. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई गाउँपालिकाले उच्च महत्त्व दिएको ।
२. सूचना तथा सञ्चार प्रविधिमा नागरिक पहुँचको अभिवृद्धि भएको ।
३. भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई सेवाग्राही मैत्री बनाउन सकिने ।
४. सबै सेवा प्रदायक संस्थाहरूले सुशासन कायम राखि सेवा प्रवाह गरेकाले छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता बनाउन सकिने ।
५. जनगुनासोलाई तत्काल संबोधन गरी जनताको मन जित्न सकिने ।

६. आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने ।

## १.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै वर्गको पहुँच"

**लक्ष्य**

गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।

२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।

३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।

४. वित्तीय सुशासन कायम गर्नु ।

## १.५ रणनीति तथा कार्यनीति

**तालिका ३९: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| १.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.१: गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ । |

| | |
|---|---|
| | ३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| **३.१:** जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| **३.२:** अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |

| | |
|---|---|
| ४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

### १.६ प्रमुख कार्यक्रमहरू

१. सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण
२. पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन
३. विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि
४. हरेक विकास योजना तथा कार्यक्रमको वडा र पालिकास्तरमा नियमित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण सञ्चालन
५. सबै कार्यालयमा नागरिक वडापत्रको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन
६. पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा
७. पालिकाको वेवसाइटको नियमित अपडेट

### १.७ अपेक्षित उपलब्धि

यस गाउँपालिकामा सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ । सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् ।

## खण्ड दुईः मानव संसाधन तथा संस्थागत क्षमता विकास

### २.१ पृष्ठभूमि

गाउँपालिकाको यस आवधिक योजना कार्यान्वयन गर्न लगायत सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सही ढङ्गले सञ्चालन गर्न गाउँकार्यपालिकालाई तदनुरूपको कानुनी अधिकार, वित्तीय स्रोतसाधनको निश्चितता, आफ्नो कार्यक्षेत्रभित्र गुणस्तरीय मानव संसाधनको उपलब्धता र संस्थागत क्षमता सर्वोपरी महत्त्वका विषय हुन् ।

नेपालको संविधान भाग १७ मा स्थानीय कार्यपालिकाको कार्यसम्पादन सम्बन्धी व्यवस्था छ । धारा २१४ मा स्थानीय गाउँपालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिकामा निहित रहने उल्लेख छ । संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकाको हुने कुरा पनि जनाइएको छ । धारा २१८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने उल्लेख छ भने २१९ मा यसदेखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानुन बमोजिम हुने कुरा स्पष्ट गरिएको छ । संविधानको अनुसूची—८ मा निम्नलिखित विषयहरूमा गाउँ कार्यपालिकाको अधिकार रहने कुरा जनाइएको छ ।

यी सबै व्यवस्थाहरूका अधीनमा रही यस गाउँपालिकाले प्रशासनिक कामकाज कार्यान्वयन र सहजिकरणका लागि हालसम्म ६१ वटा ऐन, नियमावली तथा कार्यविधिहरू बनाएको छ । सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरू वडा कार्यालयबाटै अनलाइन उपलब्ध गराउदै आइरहेको छ । निर्धारित समय सीमा भित्र संसदीय परम्परा अनुसार गाउँ सभा सम्पन्न गरी पारित ऐनहरू असार भित्र वेवसाइडमा अपलोड गरिएको छ । समीक्षा गोष्ठीहरू आयोजना गरी  टिप्पणी र सुझाव सङ्कलन गरी छलफल गर्ने गरिएको छ ।

### २.२ प्रमुख समस्या

गाउँकार्यपालिकाकालागि संविधान प्रदत्त अधिकारहरूको उपभोगकालागि जनप्रतिनिधिहरूमा यथेष्ट अनुभवको अभाव हुनु, संघीयताको मर्म अनुसार गाउँकार्यपालिकाको कामकर्तव्य पूरा गर्नकालागि आवश्यक जनशक्तिको कमी हुनु तथा गाउँपालिका क्षेत्रमा विकासको सम्भावना भएका अनेकौं क्षेत्रहरू विशेष गरी पर्यटन, वन, कृषि तथा पशुपालनमा शिक्षित र तालिमप्राप्त जनशक्तिको कमी रहनु यस पालिकाका प्रमुख समस्याहरू हुन् ।

### २.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. राष्ट्रिय योजना आयोगद्वारा तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम गाउँकार्यपालिकामा गठन भएको मानव संसाधन विकास र संस्थागत क्षमता विकास सम्बन्धी विषयगत समितिले सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण जस्ता गम्भीर प्रकृतिका प्राविधिक काम गर्नुपर्ने अवस्था रहेको।

२. उमेर, लिङ्ग, शैक्षिक स्थिति, आर्थिक अवस्था, जातीय संस्कार आदिका कारण योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा जनप्रतिनिधिहरूको बुझाइ, सहभागिता र सक्रियता समान हुन नसक्नु ।

३. युवा जनशक्तिको विदेश पलायनले गर्दा गाउँघरमा आर्थिक सम्भाव्यता भएका क्षेत्रहरू कृषि, वन, पर्यटन आदिमा तालिम आदिकालागि उपयुक्त प्रशिक्षार्थी स्थानीय तहमा नभेटिनु ।

**<u>अवसर</u>**

१. सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुऱ्याउनु संघीयताको मूल उद्देश्य हुँदा र सो बमोजिमका कानुनी आधार पनि बनिसकेका हुँदा गाउँकार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

### २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"दक्ष मानव संसाधन र प्रभावकारी संस्थागत क्षमता सहितको गाउँपालिका"

**लक्ष्य**

गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट गाउँपालिकाको आर्थिक समाजिक विकास गर्ने।

**उद्देश्य**

१. गाउँपालिकाको सेवाप्रवाहलाई गुणस्तरीय बनाउनु ।
२. स्थानीय स्तरमा आर्थिक सामाजिक विकासकालागि अवसरहरूको विकास गर्नु ।

### २.५ रणनीति र कार्यनीति

**तालिका ४०: मानव संसाधन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाको सेवाप्रवाहलाई गुणस्तरीय बनाउनु ।** | |
| **१.१:** जनप्रतिनिधिहरूको क्षमता विकास गर्ने । | १. अवश्यकता अनुसार सम्भाव्यता अध्ययन गरिनेछ<br>२. सरलीकृत सेवा एवम् संस्थागत विकासमा ध्यान दिइनेछ ।<br>३. उपयुक्त तालिम गोष्ठीमा भाग लिने अवसर दिइनेछ । |
| **१.२:** कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने । | १. कर्मचारीहरूका लागि भ्रमण, तालिम, गोष्ठी लगायतका कार्यक्रममा नियमित सहभागि गराइनेछ ।<br>२. सरुवाको मापदण्ड बनाइनेछ । |
| **१.३:** आधुनिक प्रविधिको बढी प्रयोग गर्ने । | १. कार्यालयका काममा इन्टरनेट, इमेलको प्रयोग बढाइनेछ । |
| **उद्देश्य २: स्थानीय स्तरमा आर्थिक सामाजिक विकासकालागि अवसरहरू उपलब्ध गराउनु ।** | |
| **२.१:** कृषि, वन र पर्यटन क्षेत्रको विकासकालागि संस्थागत पहल गर्ने । | १. संघीय र प्रदेश सरकारले उपलब्ध गराउने सेवा, सुविधा, अवसरहरूको खोजीनीति गरिनेछ ।<br>२. स्थानीय जनतामा जागरण फैलाइनेछ ।<br>३. इच्छुक र योग्य युवायुवतीहरूलाई यी क्षेत्रमा प्रोत्साहित गरी व्यवसायिकीकरणमा अवसर दिइनेछ । |

### २.६ प्रमुख कार्यक्रम

१. मानव संसाधन विकास एवम्  संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन
२. सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण
३. मानव तथा संस्थागत क्षामता विकास प्रर्वद्धन

### २.७ अपेक्षित उपलब्धि

गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । गाउँपालिका संस्थागत कार्य क्षमतामा वृद्धि हुनेछ, जनप्रतिनिधिहरूको क्षमता विकास भएको हुनेछ । गाउँपालिकाबाट संचालित विभिन्न क्षमता विकासका कार्यक्रमहरूले पर्यटन, कृषि, पशुपालन, बागवानीजस्ता संभाव्य व्यवसायहरूमा मानव संसाधनको उपलब्धता हुनेछ ।

## खण्ड तीनः तथ्याङ्क प्रणाली

### ३.१ पृष्ठभूमि

योजना तर्जुमालाई प्रभावकारी बनाउनकालागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यक पर्दछ । यस गाउँपालिकाले प्राथमिक सर्वेक्षण तथा द्वितीय स्रोतको तथ्याङ्कको प्रयोग गरेर “गाउँपालिकाको पर्श्वचित्र, २०७४” प्रकाशन गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरेको छ । साथै सबै वडाहरूले आन्तरिक प्रयोजनकोलागि खण्डित रूपमा तथ्याङ्क सङ्कलन गर्ने कामको शुरुवात गरेका छन्, तर व्यवस्थित भइसकेको छैन ।

### ३.२ प्रमुख समस्या

तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु, वडा स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु साथै तथ्याङ्क एकीकृत नहुँदा प्रयोगमा एकरूपकता कायम गर्न नसक्नु आदि मुख्य समस्याका रुपमा रहेका छन् ।

### ३.३ चुनौती र अवसर

**चुनौती**

१. तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु ।
२. तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्न सघाउ पुऱ्याउन आवश्यक तथ्याङ्कको सङ्कलन र व्यवस्थापन गर्नु ।
३. तथ्याङ्कको प्रयोगमा एकरूपकता कायम गर्नु ।

**अवसर**

१. तथ्याङ्कको आवसेयकता र महत्त्वको बोध हुनु ।
२. तथ्याङ्कमा आधारित रहेर योजनाहरू निर्माण हुने परिपाटिको विकास हुनु ।
३. छिटो र छरितो रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु ।

### ३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"यथार्थ तथ्याङ्कमा आधारित गाउँपालिकाको नीति तथा योजना"

**लक्ष्य**

गाउँपालिकाका सबै किसिमका तथ्याङ्क अद्यावधिक गरी सबैकालागि पहुँचयोग्य बनाउने ।

**उद्देश्य**

१. तथ्याङ्क नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।
२. तथ्याङ्क सङ्कलन प्रक्रियालाई आधुनिकीकरण गर्नु ।

### ३.५ रणनीति र कार्यनीति

**तालिका ४१ः तथ्याङ्क प्रणालीका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः तथ्याङ्क नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।** | |
| **१.१ः** तथ्याङ्कको सङ्कलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । | १. तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ।<br>२. अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कको सूची तयार गरी नियमित तथ्याङ्क सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ । |

| | |
|---|---|
| | ३. विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउने प्रणालीको विकास गरिनेछ । |
| **उद्देश्य २: तथ्याङ्क सङ्कलन प्रक्रियालाई आधुनिकीकरण गर्नु ।** | |
| **२.१:** तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने । | १. तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्क सङ्कलन गरिनेछ ।<br>३. आयोजना सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ । |

## ३.६ प्रमुख कार्यक्रम

१. तथ्याङ्कका मानक र मापदण्डहरू विकास र अभिलेख व्यवस्थापन
२. पालिकाको तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्याङ्कहरूको एकीकृत रूपमा व्यवस्थापन र सार्वजनिकीकरण
३. तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणकोलागि कर्मचारीहरूको क्षमता र दक्षता बृद्धि तालिम

## ३.७ अपेक्षित उपलब्धि

गाउँपालिकाको डिजिटल तथ्याङ्कीय आधार संस्थागत भएको हुनेछ । गाउँपालिकाको आफ्नै तथ्याङ्क प्रणाली (Database System) निर्माण भएको हुनेछ । विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र सञ्चालन भएको हुनेछ । आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना तथा नक्शा उपलब्ध भएको हुनेछ ।

## परिच्छेद दशः लोकतन्त्र र सुशासन

## खण्ड एकः राष्ट्रिय एकता

### १.१ पृष्ठभूमि

नागरिकको सद्भाव, प्रेम, स्नेह, साझा स्वार्थ राष्ट्रिय एकताको प्रतीक हो । संविधानतः राष्ट्रको परिभाषाभित्र जाति, धर्म, भाषा, संस्कृति, भूगोल तथा सार्वभौमिकता आदि पर्छन् । देशवासीको सहिष्णुता, सहानुभूति, त्याग र समर्पण यसका पहिचान हुन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता गन्यापधुरा गाउँपालिकाको समृद्धिको आधार रहिआएको छ । त्यसैगरी, राज्यका नीतिहरू अन्तर्गत स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै एकता अक्षुण्ण राख्ने तथा विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदाय बीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने नीति अंगीकार गरिएको छ । विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिको जगेर्ना र सम्बर्द्धन गर्न राष्ट्रिय एकता कार्यक्रम मार्फत् सम्पूर्ण नागरिकबीच सद्भाव बढाउने प्रयास गर्न आवश्यक छ ।

### १.२ प्रमुख समस्या

निष्पक्ष रूपमा गाउँपालिकाका नागरिकलाई सांस्कृतिक, शैक्षिक, राजनीतिक, भौगोलिक आदि पक्षमा सुसूचित गर्न नसक्नु तथा कुनै अतिवादको नाममा हुने घटनाका कारण थप द्वन्द्व र अविश्वासको वातावरण सिर्जना हुने सम्भावना रहनु यहाँका प्रमुख समस्याहरू हुन् ।

### १.३ चुनौती र अवसर

**चुनौती**

१. राष्ट्रिय एकतालाई अक्षुण्ण राख्नु ।
२. विविधता बीचको एकतालाई सुदृढ गर्नु ।
३. राष्ट्र र राष्ट्रियता कुनै व्यक्ति समुदाय वा क्षेत्रीयता भन्दा माथि हो भन्ने भावना पालिकाका सबै जनतामा जागृत गराउनु ।
४. सबै वर्ग र समुदायको पहिचान र भावनाको कदर गर्नु ।

**अवसर**

१. बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता बीच विकास भएको एकता रहनु।
२. सहकारिता, समन्वय र सहअस्तित्व गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, विकासको आधार हुनु।
३. जातिगत, भाषिक, सांस्कृतिक, भौगोलिक एवम् धार्मिक विविधता व्यवस्थापनको संवैधानिक व्यवस्था हुनु।
४. तीनै तहका सरकारबीचको अन्तर आबद्धता रहनु।

### १.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"सहकारिता, समन्वय र सहअस्तित्व सहितको आर्थिक, सामाजिक, सांस्कृतिक, विकासको आधार"

**लक्ष्य**

विविधताको उचित सम्बोधन र सम्मान गरी सबैलाई समान अवसरका साथ विकाससँग आबद्ध गर्ने ।

**उद्देश्य**

१. जातिगत, भाषिक, सांस्कृतिक, भौगोलिक एवम् धार्मिक विविधताको व्यवस्थापन गरी राष्ट्रिय एकता सुढृढ बनाउनु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका ४२: राष्ट्रिय एकताका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जातिगत, भाषिक, सांस्कृतिक, भौगोलिक एवम् धार्मिक विविधताको व्यवस्थापन गरी राष्ट्रिय एकता सुदृढ बनाउनु ।** | |
| **१.१:** विविधता बीचको एकतालाई सुदृढ गर्ने । | १. जातीय, भाषिक, लैङ्गिक तथा सांस्कृतिक विविधताको बारेमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. सामाजिक न्याय र राष्ट्रिय एकता कायम राख्नकोलागि आम नागरिकलाई सुसूचित गरिनेछ । |
| **१.२:** आपसी सद्भाव र मेलमिलापको माध्यमबाट सभ्य समाज निर्माण गर्न नागरिकहरूलाई उत्प्रेरित गर्ने । | १. शान्ति, सुरक्षा, सुव्यवस्था, आपसी मेलमिलाप र सदभाव बढाउन प्रत्येक नागरिक जिम्मेवार बन्ने गरी नागरिकलाई उत्प्रेरित हुने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.३:** समाजमा द्वेष र अन्तर द्वन्द्व फैलाउने आन्तरिक तथा बाह्य गतिविधि विरुद्ध सशक्त कदम चाल्ने । | १. राष्ट्रिय हित र एकतामा खलल पुग्ने सामाजिक सञ्जालको प्रयोगलाई निरुत्साहित गरिनेछ ।<br>२. राष्ट्रिय एकता तथा सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धन हुने क्रियाकलाप सञ्चालन गरी नागरिक बीचको सम्बन्ध थप सौहार्द्रपूर्ण बनाइनेछ ।<br>३. सामाजिक तथा सांस्कृतिक विविधताका बीचको एकतालाई खल्बल्याउने तथा नागरिकलाई दिग्भ्रमित पार्ने मनसायले संविधान वा कानुनको गलत प्रचार र प्रयोगलाई रोक्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । |

## १.६ प्रमुख कार्यक्रम

१. प्राकृतिक साधनस्रोत तथा अवसरको सन्तुलित वितरण हुने गरी विकासका योजनाहरू तर्जुमा

२. धार्मिक सम्प्रदाय बीच एकता कायम गर्न विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन

३. आम नागरिकलाई सामाजिक विविधता बीचको एकता सुदृढ गर्ने कार्यक्रम सञ्चालन

४. संविधानको मर्म र भावना अनुसार स्रोत, साधन तथा दक्ष जनशक्तिको व्यवस्था

## १.७ अपेक्षित उपलब्धि

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा गर्दै सबै जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता थप सुदृढ भएको हुनेछ ।

## खण्ड दुईः सुरक्षा

### २.१ पृष्ठभूमि

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक लगायत सबै प्रकारका विभेद र छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व शर्त हो । गाउँपालिकामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, पूर्वाधार निर्माण र आर्थिक विकासकालागि समेत् प्रभावकारी सुरक्षा व्यवस्था गर्न आवश्यक छ ।

### २.२ प्रमुख समस्या

संवैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाकोलागि स्थानीय तहले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गर्ने संघीय कानुन बनी नसकेको, भइरहेको प्रहरी सङ्गठनकोलागि पनि साधन स्रोत सीमित भएको साथै प्रादेशिक प्रहरी समेत व्यवस्था हुन नसकेको अवस्थामा संघीय प्रहरीले सम्पूर्ण शान्ति सुरक्षाको जिम्मा लिनुपर्ने अवस्था रहेको छ ।

### २.३ चुनौती र अवसर

**चुनौती**

१. सुरक्षा निकायहरूको आधुनिकीकरण गर्नु ।
२. सूचना सञ्जालको व्यवस्था गर्नु ।
३. सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु ।
४. पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु ।
५. जिम्मेवार निकाय बीच समन्वय कायम गर्नु ।

**अवसर**

१. सुरक्षा निकायका संरचना पालिकास्तरमा विस्तार हुनु ।
२. जनचेतनतामा अभिवृद्धि हुनु ।
३. अनुसन्धान प्रविधिमा द्रुत विकास हुनु ।
४. सूचना प्रविधि तथा सञ्चार सुविधाको तीव्र विकास र विस्तार हुनु ।

### २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"शान्तिपूर्ण र सुरक्षित गाउँपालिका"

**लक्ष्य**

गाउँपालिकामा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

**उद्देश्य**

१. शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।
२. अपराध नियन्त्रण गरी कानुनी शासन पद्धतिको विकास गर्नु ।
३. गाउँपालिको आफ्नै नगर प्रहरीको व्यवस्था गर्नु ।

## २.५ रणनीति र कार्यनीति

**तालिका ४३: सुरक्षाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।** | |
| **१.१:** पालिकाभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने । | १. सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आबद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाई आधुनिकीकरण गरिनेछ ।<br>२. सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ ।<br>३. शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रूपमा प्रहरी परिचालन गरिनेछ ।<br>४. प्राकृतिक विपद् बाट हुने अति संवेदनशील एवम् महत्त्वपूर्ण भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिनेछ । |
| **१.२:** शान्ति सुरक्षा स्थापनामा विधिको शासनलाई प्राथमिकतामा राखी काम गर्ने । | १. प्रहरीलाई जनमैत्री बनाई सामुदायिक प्रहरीमा विशेष जोड दिइनेछ ।<br>२. शान्ति सुरक्षा कायम राख्न बल प्रयोग गर्दा मानव अधिकारको मूल्य र मान्यतालाई अवलम्बन गरिनेछ ।<br>३. सुरक्षाकर्मीहरूकालागि मानव अधिकार, मानवीय कानुन तथा विधिको शासन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: अपराध नियन्त्रण गरी कानुनी शासन पद्धतिको विकास गर्नु ।** | |
| **२.१:** मानव बेचविखन, अपराध नियन्त्रण तथा लागू औषध नियन्त्रण गर्ने । | १. संवेदनशील क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरी मानव वेचबिखन तथा अपराध नियन्त्रण गरिनेछ ।<br>२. लागु औषधको अवैध उत्पादन, ओसारपसार, विक्री वितरण र उपभोगलाई कडाइका साथ नियन्त्रण गरिनेछ । |
| **उद्देश्य ३: गाउँपालिकाको आफ्नै नगर प्रहरीको व्यवस्था गर्नु ।** | |
| **३.१:** आन्तरिक सुरक्षालाई प्रभावकरी बनाउन गाउँपालिकाको आफ्नै नगर प्रहरी स्थापना गरिनेछ । | १. सुरक्षा नीति तथा कानुन तर्जुमा गरी नगर प्रहरी स्थापना तथा व्यवस्थापन गरिनेछ ।<br>२. नगर प्रहरी सञ्चालनकालागि आवस्यक पूर्वाधारको विकास गरिनेछ ।<br>३. आवस्यकता अनुरूप नगर प्रहरी छनौट तथा नियुक्ति गरी गन्यापधुरा नगर प्रहरी सञ्चालन गरिनेछ । |

## २.६ प्रमुख कार्यक्रम

१. पालिकाको सुरक्षा नीति तर्जुमा
२. प्रविधिमैत्री अपराध अनुसन्धानको विकास
३. विद्युतीय शासनको अवधारणाको प्रभावकारी कार्यान्वयन
४. नियमित लागु औषध नियन्त्रण र अनुगमन
५. प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न पूर्व-सूचना प्रणाली
६. शान्ति सुरक्षा सम्बन्धी कानुनको संशोधन, परिमार्जन एवम् आवश्यक नयाँ कानुनको निर्माण

## २.७ अपेक्षित उपलब्धि

पालिकाबासी नागरिकहरूले शान्ति र सुरक्षाको अनुभूति स्पष्ट रूपमा गर्नेछन् । सुरक्षा निकायको क्षमता अभिवृद्धि तथा संगठन सुदृढीकरण भई जनतामा कानुन कार्यान्वयनको प्रभावकारिता, दण्डहीनताको अन्त्य, अपराधिक घटनाहरूको न्यूनीकरण तथा सामाजिक शान्ति कायम भएको हुनेछ ।

## खण्ड तीनः मानव अधिकार

### ३.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरेको छ। नेपाल संयुक्त राष्ट्र संघको बडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नकालागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनकालागि संघीय तहमा विद्यमान स्थायी संरचना एवम् संस्थाहरूलाई प्रदेश तथा स्थानीय तहमा पनि विकास गर्नुपर्ने देखिन्छ । अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत् मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत एवम् कार्यात्मक रूपमा जोड्दै लानु आवश्यक देखिन्छ।

### ३.२ प्रमुख समस्या

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु तथा भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति गर्न नसक्नु आदि यहाँका समस्याका रुपमा रहेका छन् ।

### ३.३ चुनौती र अवसर

<u>**चुनौती**</u>

१. संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु ।
२. मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु।

<u>**अवसर**</u>

१. विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्य-मान्यतालाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गर्नु ।
२. मौलिक हक कार्यान्वयनकालागि आवश्यक कानुनी व्यवस्था हुनु ।
३. संविधान एवम् कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनकालागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु ।

### ३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

<u>**दीर्घकालीन सोच**</u>

"स्वअनुशासित र समतामूलक समाजको निर्माण"

<u>**लक्ष्य**</u>

संविधानले तोकेका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अधिकारहरूको प्रत्याभूति गराउने।

<u>**उद्देश्य**</u>

१. मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु ।

### ३.५ रणनीति र कार्यनीति

**तालिका ४४: मानवअधिकारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु ।** | |
| **१.१**:समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने । | १. जोखिममा रहेका विपन्न, सीमान्तकृत एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ ।<br>२. समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.२**: मौलिक हक सम्बन्धी कानुनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. मौलिक हक कार्यान्वयन गर्ने कानुनहरूको कार्यान्वयनकोलागि स्रोत साधनको व्यवस्था गरिनेछ ।<br>२. न्यायमा पहुँच सुनिश्चित गर्न संघसँगको समन्वयमा निःशुल्क कानुनी सहायता सम्बन्धी नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्था गरिनेछ । |
| **१.३**: मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने । | १. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>२. मानव अधिकार उल्लङ्घनको घटनाका पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिनेछ। |

### ३.६ प्रमुख कार्यक्रम

१. मानव अधिकार सम्बन्धी वडा तथा विद्यालयस्तरमा सचेतनामूलक अभिमुखीकरण

२. फरक क्षमता भएका, असहाय, सीमान्तकृत् वर्ग र क्षेत्रका सेवाग्राहीलाई सेवाप्रवाहमा सहजिकरण

३. पीडित महिला र असहाय वालवालिकालाई आर्थिक तथा कानुनी सहायता

### ३.७ अपेक्षित उपलब्धि

मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धमा निर्माण भएका कानुनको पूर्ण पालना भएको हुनेछ । मानव अधिकारको व्यावहारिक र संस्थागत रूपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुनेछ । मानव अधिकारमैत्री नीति, योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा भएको हुनेछ ।

## खण्ड चारः संघीय शासन प्रणाली

### ४.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ । सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध गाउँपालिका निर्माण गर्न आवश्यक छ । विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागु भएको छ ।

### ४.२ प्रमुख समस्या

संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइनसक्नु, नितान्त नवीन स्थानीय संरचना हुनु तथा संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नहुने लगायतका मुख्य समस्या रहेको अवश्था छ ।

### ४.३ चुनौती र अवसर

**चुनौती**

१. स्पष्ट कानुनी आधार नहुनु ।
२. पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु ।
३. कर्मचारी व्यवस्थापन गर्नु ।
४. वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्नु ।
५. संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु ।
६. सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु ।

**अवसर**

१. प्रशासनिक संरचना र आवश्यक आधारभूत कानुनहरूको उपलब्धता ।
२. राजनीतिक प्रतिबद्धता सहितको निर्वाचित स्थिर सरकार ।
३. संघीयता कार्यान्वयनकालागि सहयोगी वातावरण ।
४. सकारात्मक नागरिक सोच ।

### ४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासन प्रणालीको अभ्यास"

**लक्ष्य**

सबै नागरिकको समान पहुँच र अवसर सहित स्थानीय तहमै प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

**उद्देश्य**

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।

### ४.५ रणनीति तथा कार्यनीति

**तालिका ४५ः संघीय शासन प्रणालीका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गरर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।** | |
| **१.१ः** समावेशी तथा समन्यायिक विकासकालागि आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने । | १. नीति, योजना, कानुन तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रूपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ । |

| | |
|---|---|
| **१.२ः** पालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रूपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने । | १. सेवा प्रवाहकोलागि आवश्यक नीतिगत र कानुनी आधार तयार गरी संस्थागत संरचनाको विकास गरिनेछ ।<br>२. सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ ।<br>३. नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ । |
| **१.३ः** जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने । | १. जनप्रतिनिधि तथा कर्मचारीकोलागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. संघीयता कार्यान्वयन सम्बन्धी जनचेतना बृद्धि तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ । |
| **१.४ः** संघ तथा प्रदेश सरकारसँगको समन्वयलाई व्यवस्थित बनाई निरन्तर संवादको आधार तयार पार्ने । | १. माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयसँग दोहोरो संवादको प्रक्रियालाई व्यवस्थित गरिनेछ ।<br>२. योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श लिने पद्धतिको थालनी गरिनेछ । |

**४.६ प्रमुख कार्यक्रम**

१. जनचेतनामूलक तथा अन्तर्क्रियात्मक कार्यक्रम

२. स्थानीय राजनीतिक नेतृत्व, जनप्रतिनिधि तथा कर्मचारीकोलागि क्षमता विकास

**४.७ अपेक्षित उपलब्धि**

आवश्यक कानुन, नीति, संस्थागत संरचना निर्माण भएको हुनेछ । जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेका हुनेछन् । जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ ।

## खण्ड पाँचः वित्तीय सुशासन

### ८.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानकोलागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास आवश्यकता छ । सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु गाउँपालिकाको दायित्व हो । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास जरुरी भएको छ ।

### ८.२ प्रमुख समस्या

वेरुजुको मात्रामा बृद्धि हुँदै जानु । आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु । विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु । चालु खर्चमा भएको बढोत्तरीसगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु ।

### ८.३ चुनौती र अवसर

**चुनौती**

१. संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु ।
२. समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु ।
३. समयमा ठेक्का बन्दोबस्त गर्नु,पुँजीगत खर्च बृद्धि गर्नु ।
४. आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु ।
५. अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु ।
६. खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु ।

**अवसर**

१. राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १५ भित्र गाउँसभामा पेश गर्ने व्यवस्था रहेको ।
२. पालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली,सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु ।

### ८.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

"प्रभावकारी विकास खर्च व्यवस्थापनद्वारा वित्तीय सुशासन"

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित,पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने।

**उद्देश्य**

१. सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवम् प्रभावकारी बनाउनु ।

### ८.५ रणनीति र कार्यनीति

**तालिका ४६ः वित्तीय सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवम् प्रभावकारी बनाउनु ।** | |
| **१.१ः** वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | १. वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता बृद्धि तथा लेखा प्रणाली सुधारका गर्न तलिमको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | २. वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । |
| **१.२:** सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ ।<br>२. निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.३:** बेरुजु न्यूनीकरण गरी बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिने । | १. खरिद प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।<br>२. आयोजनाहरूकालागि ग्राहक/उपभोक्ता समुह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिनेछ ।<br>३. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइनेछ ।<br>४. खर्च गर्नुपुर्व हरेक शिर्षकको नीतिगत आधार स्पष्ट गरिनेछ । |

## ८.६ प्रमुख कार्यक्रम

१. लाभ र लागतको आधारमा योजना तथा कार्यक्रम र वार्षिक बजेट निर्माण सहजिकरण

२. राजस्व परिचालन क्षमता बृद्धि तालिम

३. लेखा प्रणाली सुदृढीकरण तालिम

४. विद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढीकरण

## ८.७ अपेक्षित उपलब्धि

वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको हुनेछ ।

## परिच्छेद एघारः योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## खण्ड एकः योजना तर्जुमा र कार्यान्वयन

### १.१ पृष्ठभूमि

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न सुदूरपश्चिम प्रदेश सरकारले "समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने" लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ । योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । त्यसैले यस गाउँपालिकाले पनि पन्ध्रौं योजना तथा सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

### १.२ प्रमुख समस्या

राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु । योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु । पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु । कर्मचारीहरूको स्थायित्व नहुनु ।

### १.३ चुनौती र अवसर

**<u>चुनौती</u>**

१. प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु ।
२. योजना निर्माणकोलागि आवश्यक विज्ञ जनशक्तिहरू पालिका स्तरमा नै उत्पादन गरी योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु ।
३. नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु ।
४. योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु ।

**<u>अवसर</u>**

१. योजना तर्जुमाप्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु ।
२. राष्ट्रिय योजना आयोग तथा प्रादेशिक नीति तथा योजना आयोगको अनुभव योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु ।
३. गाउँपालिकाले पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउने कार्यको थालनी हुनु ।
४. राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय बृद्धि भई स्थानीय तहलाई सहजीकरण गर्ने वातारण बन्नु ।

### १.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**<u>दीर्घकालीन सोच</u>**

"स्थानीय आवश्यकताका आधारमा योजना निर्माण तथा सुदूरपश्चिम गर्ने पद्धतिको विकास"

**लक्ष्य**

परिणाममुखी योजना निर्माण गरी गाउँपालिकालाई समृद्ध बनाउने ।

**उद्देश्य**

१. वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।

२. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।

## १.५ रणनीति र कार्यनीति

**तालिका ४७: योजना तर्जुमा र कार्यान्वयनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।** | |
| **१.१:** तथ्यका आधारमा स्थानीय आवश्यकतालाई समेटेर परिणाममुखी नीति तथा योजना बनाउने । | १. योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा विज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>२. योजना निर्माणकोलागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा विभागहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>३. पालिकाको नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार बृद्धि गर्नतर्फ अग्रसर भएको हुनेछ ।<br>४. नीति तथा योजना निर्माणलाई सहयोगी हुने विषय तथा मुद्दाहरूमा राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजना आयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालयहरू र निजी संघसंस्थाहरूसँग सहकार्य गरी खोजमूलक अनुसन्धान गरिनेछ । |
| **उद्देश्य २: योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।** | |
| **२.१:** विषयगत समितिहरू बनाई तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने । | १. योजना तर्जुमा तथा कार्यन्वयनकोलागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>२. गाउँपालिकाको विकासलाई मध्य विन्दुमा राखी भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनौट र कार्यान्वयनकोलागि व्यवस्था गरिनेछ ।<br>३. हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>४. योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ ।<br>५. योजनाका हरेक चरणका कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापना गरिनेछ । |
| **उद्देश्य ३: योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।** | |
| **३.१:** योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने । | १. विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिनेछ ।<br>२. उपलब्धि मापनकोलागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ । |

### १.६ मुख्य कार्यक्रम

१. योजनाको वर्गीकरण गर्न मापदण्ड निर्माण

२. अनुगमनको निर्देशिका बनाई कार्यन्वयन

३. आयोजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने पद्धतिको विकास

४. तोकिएका आयोजनाहरूको तेस्रो पक्षबाट मूल्याङ्कन ।

### १.७ अपेक्षित उपलब्धि

